
Achyut





# रजत-जयन्ती विशेषाङ्क

**सम्पादक मण्डल**

श्यामप्रसाद खनाल

मोदनाथ खनाल

जनार्दन घिमिरे



# अरुणोदय

## नेपाली साहित्यिक त्रैमासिक


वर्ष २६ संयुक्ताङ्क १–२ वि. सं. २०४७ असोज



सम्पादक मण्डल

श्यामप्रसाद खनाल

मोदनाथ खनाल

जनार्दन घिमिरे

सञ्चालक समिति

अध्यक्ष– राजनकुमार पौडेल

सचिव– दुर्गामणि सिग्देल

कोषाध्यक्ष– रामेश्वर नेपाल

सदस्य– बाबुकृष्ण सापकोटा

सदस्य– सम्पादक मण्डल [पदेन]



कार्यालय

संस्कृत छात्रावास

दरबारमार्ग, काठमाडौं।

फोन नं. २–२३८८४



संरक्षक

डा. श्री माधव भट्टराई

नि. प्राचार्य

वाल्मीकि क्याम्पस



प्रकाशक

छात्रकार्य समिति

संस्कृत छात्रावास

दरबारमार्ग, काठमाडौं

मूल्य रू. ७।–

नेपालीहरूको महान् पर्व

विजयादशमी २०४७ को

सुखद

उपलक्ष्यमा यात्रुवर्ग तथा समस्त नेपालीहरूप्रति

हार्दिक शुभ-कामना

शाही नेपाल
वायुसेवा

# विषय-सूची


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| **कविता** | | |
| तिमीलाई आह्वान | – शिवहरि लामिछाने | २४ |
| जिद्दी | – ईश्वरवल्लभ | ३३ |
| कालरात्रि ! | – प्रा. भरतराज पन्त | ३९ |
| रातपछिका दिनहरू | – लक्ष्मणहरि अर्याल | ४६ |
| गजल | – युवराज नयाँघरे | ५४ |
| पत्नी–तानाशाह | – श्याम कुमार सुवेदी | ६१ |
| आमा | – नवराज ढकाल | ६२ |
| कविता | – जनार्दन घिमिरे | ७० |
| सपना | – नवराज लम्साल | ८७ |
| शान्ति–कामना | – प्रकाश भण्डारी | ९३ |
| भत्किएको क्षण | – जीवन अधिकारी | ११६ |
| जिन्दगी | – राम संजेल | ११७ |
| खोजिरहेछ | – वैरागी काईंला | १३६ |
| अब त उज्यालो भएछ | – इन्द्र प्रसाद दाहाल | १४७ |
| नारायणमा श्रद्धाञ्जलि | – धनेश्वर नेपाल | १७१ |
| **लेख तथा निवन्ध** | | |
| क्रम–विमर्श | – स्थानेश्वर | १ |
| 'जिन्दावाद/मूर्दावाद' आन्दोलित आस्था | – हरि मञ्जुश्री | १९ |
| भिनाजुको सुइटरमा यौनको गन्ध | – प्रा. शिवप्रसाद सत्याल | २५ |
| देवकोटा र यात्री कविता | – विनोद अधिकारी | ३४ |

| | | |
|---|---|---|
| संस्कृत भाषा र नेपाल | – मोदनाथ खनाल | ४१ |
| पछिल्लो दशकका नेपाली कवितामा... | – ध्रुव भट्टराई | ४७ |
| खाडी संकट | – जनकराज भट्ट | ५५ |
| आदिजननी वाक् | – दिवाकराचार्य | ६३ |
| संस्कृत छात्रावासको संक्षिप्त .. | – नवराज कट्टेल | ७१ |
| विज्ञान–शरीर | – प्रा. विदुर पौडेल | ८८ |
| समाजपरक समालोचना | – प्रा. नीलमणि ढुङ्गाना | ९५ |
| धर्म: एक विश्लेषण | – डा. रामचन्द्र गौतम | ११० |
| अरुणोदयको जन्म यस्तो भूमिकामा... | – प्रा. चेतोनाथ शर्मा | ११८ |
| संस्कृत छात्रावास र प्रजातान्त्रिक... | – श्याम प्रसाद खनाल | १३७ |
| विद्या | – यज्ञप्रसाद दाहाल | १४८ |
| प्रजातन्त्रको प्राप्ति र दलहरूको... | – प्रा. पुरुषोत्तम दाहाल | १६२ |

## छात्रावासका कोपिला

| | | |
|---|---|---|
| बी. पी. लाई श्रद्धाञ्जलि | – श्याम प्रसाद पण्डित | ९९ |
| बी. पी. को सम्झनामा | – शिव तिमल्सिना | १०० |
| प्रेयसी | – हरिप्रसाद रेग्मी | १०१ |
| जिन्दगी | – बद्री प्र. खनाल | १०२ |
| आत्मालाई चिनौं | – कपिल प्र. अधिकारी | १०३ |
| उसको अन्तर व्यथा | – दुर्गादत्त विष्ट | १०४ |
| सपना विपना बनाउनुपर्छ | – घनश्याम खतिवडा | १०५ |
| नारायण | – नारायण प्र. अधिकारी | १०६ |
| श्रद्धाञ्जलि | – वासुदेव भट्ट | १०७ |
| तिमी | – शिव प्र. सापकोटा | १०८ |
| शहीदलाई श्रद्धाञ्जलि | – प्रेमराज मरासिनी | १०९ |

## विविध

| | | |
|---|---|---|
| शतवार्षिक स्मृति–स्तम्भ | | १६८ |
| स्व. नारायण निरौलाको परिचय तथा कविताहरू | | १७२ |
| सम्पादकीय | – | १७९ |

# क्रम-विमर्श

— स्थानेश्वर

'क्राम्यति क्रमते वा सर्वं'' विग्रहमा कर्त्रर्थक अच् प्रत्ययान्त र 'क्राम्यन्ति वस्तूनि जडाजडसाधारणानि यस्मिन्' विग्रहमा बहुल ग्रहणानुवृत्तिले ''पुंसि संज्ञायां घः प्रायेण'' सूत्रले 'घ' प्रत्यय गरी कालार्थक क्रम शब्द बनेको छ । 'क्रम' शाक्त दर्शनको यस्तो मूल हाँगो हो, जसमा तान्त्रिक दर्शनको सम्पूर्ण रहस्य लुकेका छन् ।

क्रमलाई नै आधार मानेर बनेका विपुल साहित्य भण्डारमा दृष्टि दिने हो भने योग–विज्ञान–भक्ति आदिले भरिएको एउटा वाङ्मय हाम्रो अगाडि देखा पर्छ । के. सी. पाण्डेले ''अभिनव गुप्त'' पुस्तकको ''द क्रम सिस्टम'' परिच्छेदमा क्रम साहित्यलाई ऐतिहासिक दृष्टिले निम्न बमोजिम विभाजन गरेका छन्—

१. मूल आगम ।
२. प्राचीन आचार्यका स्तोत्र ।
३. अज्ञात कर्तृक तथा
४. अभिनव र पछिका कश्मीर तथा चोलवासीका कृतिहरू ।

यसमध्ये प्रथममा क्रमसद्भाव, क्रमसिद्धि, ब्रह्मयामल र

तन्त्रराजभट्टारक; द्वितीयमा शिवानन्द, एरक, ह्रस्वनाथ र सोमराजका फुटकर स्तोत्रहरू; तृतीयमा क्रमसूत्र, क्रमोदय, पञ्चशतिक, सार्द्ध शतिक, क्रमस्तोत्र, महानय प्रकाश र महानय-पद्धति तथा चतुर्थमा अभिनवगुप्तको क्रमस्तोत्रमा 'क्रमकेलि' व्याख्या, क्रमस्तोत्र, देहस्थदेवताचक्रस्तोत्र, क्षेमराजको क्रम-सूत्रमा व्याख्या, महेश्वरानन्दको क्रमवासना, ऋजुविमर्शिनी, महार्थमञ्जरी, महार्थोदय, जयरथको तन्त्रालोक विवेकलाई समेत परिगणित गरेका छन् । मूलतः शाक्तोपायमा आधारित चिन्तन हुनाले शाक्त सम्प्रदायसँग तादात्म्य रहे पनि शैव दर्शनमा यसको निकै प्रभाव छ । सौत्रान्तिक मतको क्रम र काल विषयक चिन्तन तथा न्याय मतको क्षणको परिभाषा पनि तुलनाको लागि विश्लेषणीय देखिन्छ । "भेदैश्चतुर्भिरेकस्यां शक्तौ यत् क्रमणं क्रमात् । सृष्टिस्थितिलयानाख्यैः स क्रमः परिकीर्तितः ।।" अर्थात् एकै शक्तिमा सृष्ट्यादि भेद आउनु नै क्रम हो भनी (महानयप्रकाश ३/६) व्याख्या गरिएको छ ।

यस 'क्रम' लाई आचार्य पुण्यानन्दले आफ्नो 'कामकला-विलास' मा यसरी प्रकट गरेका छन्—

'क्रमणं पदविक्षेपः क्रमोदयस्तेन कथ्यते द्वेधा' (३५) अर्थात् 'क्रमण' भनेको 'पदविक्षेप' र 'क्रमोदय' गरी दुई प्रकारको हुन्छ । 'पदविक्षेप' भनेको 'संवित्' का अनन्तकोटि किरण हुन्, जसको अनन्त-कोटि शक्ति उद्भव गर्ने क्षमता हुन्छ । यसले उन्मेषलाई संकेत गर्दछ भने क्रमोदय भनेको फैलिएको किरण मूल बिन्दु चैतन्यमा पुग्न पथ प्रदर्शन गर्ने 'दिव्य', 'सिद्ध' र 'मानव' गुरु समुदायको बोध हुन्छ । त्यस कारण 'गुरु' पनि पदार्थकै सङ्घभित्रको बोधमय तत्व हो । पदविक्षेप प्रपञ्चको निमित्त हुन्छ भने 'क्रमोदय' निवृत्तिको लागि

हुन्छ । संवित् तत्व भनेको क्रम संहारमय वैयाकरण मतमा पश्यन्ती अवस्थाको विमर्शन गर्ने हुन्छ । यसलाई शिव दृष्टिमा—

सर्वतः क्रमसंहारमात्रमाकार वर्जितम् ।
ब्रह्मतत्वं पराकाष्ठा परमार्थस्तदेव स ।। (२/५)

भनी लक्षित गरिएको छ ।

अनुत्तर अर्थात् 'अ' भनेको बिन्दु स्वरूप वा अणु हो, जसभित्र तीन प्रकारका अवस्था सन्निहित हुन्छन्—

"स्वातन्त्र्यशक्तिः क्रमसंसिसृक्षा क्रमात्मता चेति विभोर्विभूतिः ।
तदेव देवीत्रयमन्तरास्ताम् अनुत्तरं मे प्रथयत् स्वरूपम् ।।"

अर्थात् स्वातन्त्र्यशक्ति, क्रमसिसृक्षा र क्रमात्मता भनेका अनुत्तर (जसभन्दा पहिला केही छैन) भित्र रहेका शक्ति हुन् । यसभन्दा सूक्ष्म केही नभए तापनि बोधमा विकल्प स्थापित गरी द्वैतापत्ति नगर्ने संवित् तत्वको वर्णन यसरी गरिन्छ—

एकैवेति न कोऽप्यस्याः क्रमस्य नियमः क्वचित् ।
क्रमाभावान्न युगपत् तदभावात् क्रमोऽपि न ।। □

अर्थात् परमार्थमा 'क्रम' छैन भन्नुको मतलब 'अक्रम छ' भन्नु पनि होइन र अक्रम नहुनुको अर्थ पनि क्रम भन्नु होइन । किनभने यो क्रम र अक्रमरूपी कल्पना चक्रबाट टाढा अवस्थातीत छ ।

परम्परामा 'रुढ' भएको 'क्रम' शब्दले दीक्षाविशेष, मुद्रा आदिलाई बुझाए तापनि यसको मूल विचार (Basic concept) लाई व्याख्या गर्न 'योगदर्शन' को माध्यम सरल होला ।

---

तन्त्रालोक १/५ ।

□ तन्त्रालोक ४/१८० ।

'क्षणतत्क्रमयोः संयमाद्विवेकजं ज्ञानम्'∾ सूत्रको व्याख्यामा वाचस्पति मिश्रले अविभाज्य कालांशलाई क्षण मान्दछन् (अपकर्षपर्यन्तः कालः क्षणः) भने भोजले जसको कला अंशादि कल्पना गर्न सकिन्न त्यही क्षण हो भनी शब्दान्तरमा माथिको व्याख्यालाई समर्थन गरेका छन् । अब क्रमको व्याख्यामा "तथाविधानां कालक्षणानां यः क्रमः पौर्वापर्येण परिणामः" भनी कालको पूर्व र पर क्षणको रूपमा परिणाम हुनुलाई क्रम भनेका छन् । अरू सूक्ष्म विवेचना गरेमा "यावता वा समयेन चलितः परमाणुः पूर्वदेशं जह्यात्, उत्तरदेशमुपसम्पद्येत स कालः क्षणः, तत्प्रवाहाविच्छेदस्तु क्रमः▭ (परमाणु एक देशबाट अर्को ठाउँ पुग्न लाग्ने काल क्षण हो र क्षण प्रवाह नरोकिनु क्रम हो) भनेर क्षण क्रममा आश्रय लिने हुन्छ र क्रम क्षणको निरन्तरता कायम राखिदिन्छ भन्ने बुझिन्छ । क्षण वस्तु सापेक्ष हुन्छ र क्रममा टिक्दछ र क्रम क्षणान्तर आउने भिन्नै तत्व हो । त्यसैलाई कालात्मवादीहरूले 'काल' भनेका छन् । स्पष्ट निर्णय "पूर्वस्मादुत्तर भाविनो यदानन्तर्यं क्षणस्य स क्रमः"◇ अर्थात् पूर्व क्षण र उत्तर क्षण बीचको 'व्यवधान राहित्य' नै क्रम हो । विज्ञान भिक्षु पनि क्रमको यही विवेचनाको पोषण गर्दछन् कि 'क्षणाख्यस्तु कालो वस्तुकोटिप्रविष्टः । सर्वदैव वर्तमान लक्षण एव क्षणास्तिष्ठति, न पूर्वोत्तरे क्षणा इति नास्ति तयोः क्षणतत्क्रमयोः वास्तवं मिलनं मुहूर्तादिरूपमित्यर्थः"● अर्थात् क्षण र क्षण क्रमको भेट नै हुंदैन । क्षण कम से कम वस्तुनिष्ठ छ भने क्रमको वस्तुनिष्ठता छैन । "अक्रममित्येकक्षणो-

---

∾ पातञ्जलयोगसूत्रम् ३/५२ ।

▭ पातञ्जलयोगसूत्रम् ३/५२ व्यासभाष्य ।

◇ पातञ्जलयोगसूत्रम् ३/५२ व्यासभाष्य ।

● योगवार्तिकः– विज्ञानभिक्षु ।

पारूढम्"▬ अर्थात् 'अक्रम' भनेको एउटै क्षणमा उपस्थित हुनु हो भन्ने परिभाषा उल्ट्याउँदा 'क्रम' भनेको एकभन्दा बढी क्षणमा हुनु हो भन्ने स्पष्ट हुन्छ ।

पूर्व क्षण र पर क्षणको आधार यो 'क्रम' क्षणको प्रतियोगी हो भन्ने पनि 'क्रम' शब्दको परिभाषा "क्षणप्रतियोगी परिणामापरान्तनिर्ग्राह्यः क्रमः"◆ बाट ज्ञात हुन्छ । यहाँ प्रतियोगी शब्दप्रति सम्बन्धी वा 'निरूपक' अर्थको हो । "क्षणानन्तर्यात्मा परिणामस्यापरान्तेनावसानेन गृह्यते क्रमः"∾ क्षणको आनन्तर्य स्वरूप क्रम परिणामको समाप्तिद्वारा ज्ञात हुन्छ । नित्य वस्तुमा क्रमिकता नहुने हुनाले त्यसबाट 'क्रम' बोध अभीष्ट छैन । क्षण समूह 'क्रम' पनि होइन । तर त्यसमा 'क्रम' आश्रित हुन्छ । अनित्य वस्तुमा अवस्थान्तर परिणामबाट क्रमको बोध हुन्छ, जस्तै घरको एक–एक अणु परिवर्तित भएको हामी जान्दैनौं, तर घर लडेका थाहा पाउँछौं । घर लड्नु रूपी परिणामबाट बीचको अवस्थान्तरहरूको क्रम अनुमित हुन्छ । अन्तमा गएर "गुणाधिकार क्रम समाप्तौ कैवल्यमुक्तम्"□ अर्थात् "गुणको परिणाम क्रम सकिएमा मुक्ति हुन्छ" भनिएको छ । 'भव' क्रमाश्रित छ र 'क्रम' क्षण समूहाश्रित छ भन्ने यो सम्पूर्ण विश्लेषणबाट ज्ञात हुन्छ । सरलताको लागि 'क–ख' देशमा बसेका 'ट–ठ', 'ड–ढ' परमाणुको अवस्था मानेमा—

---

▬ पातञ्जलयोगसूत्रम् ३/५४ व्यासभाष्य ।

◆ पातञ्जलयोगसूत्रम् ४/३३ ।

∾ पातञ्जलयोगसूत्रम् ४/३३ व्यासभाष्य ।

□ पातञ्जलयोगसूत्रम् ४/३३ व्यासभाष्य ।

प फ

→ (ट) → (ठ) → (ड) → (ढ) →

क ख

'क' बाट जान लाग्दा 'ख' सम्म पुग्दा एउटा परमाणुले 'ट' देश, 'ठ' देश, 'ड' देश र 'ढ' देश पार गर्नु परेको छ । देशको सूक्ष्मत्तम हिस्सा पनि परमाणुबाट छुट्टिने हुनाले 'ट' बाट 'ठ' सम्मको दूरी एक परमाणुको श्रायतन बराबर छ । 'ट' बाट 'ठ' पुगी 'ड' जान थाल्नु पहिले र 'ठ' बाट 'ड' पुगी 'ढ' जान थाल्नु पहिले श्रवस्थान्तर आउन नदिने 'प' र 'फ' को बिन्दुमा श्रव्यवहित नैरन्तर्य (Continuity) नै क्रम हो ।

यसरी निष्पन्न क्रमार्थ एकातिर शाक्तदर्शनमा श्राउने 'क्रम' व्याख्याको लागि आवश्यक र उपयोगी हुन्छ भने क्रम दर्शन र योग दर्शनको पदार्थ श्रादान–प्रदान बारे अध्ययनको ढोका पनि खुल्दछ । 'क्रम', 'देश' र 'काल' तत्वलाई मानेर हुन्छ र 'काल' जस्ता सापेक्षको सापेक्ष सत्ता पनि रहँदैन, अर्थात्—

यस्यैषा प्रतिभात्येतत् परार्थक्रमरूपिता ।
श्रक्रमानन्दचिद्रूपः प्रमोदात् स महेश्वरः ।।✱

श्रर्थ = पदार्थ र क्रम = 'तत्सापेक्ष उल्लेखित तत्व' जसको ज्ञानभित्र पर्दछ । त्यो क्रम उल्लङ्घन समर्थ महेश्वर स्वरूप हुन्छ । तत्वको स्फुरण सक्रम र अक्रम पनि हुने संकेत—

'यद्यत् स्फुरति च तत्तद्वस्तु धरण्यादि तद्वदेवं च ।
पौर्वापर्यानियत्या तत्त्वानां क्रमिकताऽपि युतैव ।।

✱ अभिनवगुप्त उ. कामकलाविलास श्लोक ८ चिद्वल्ली ।

संकुचितजीवरूपं तत्तत्कर्माभिमानतत्फलभुक् ।
भासयति क्रमशोऽसौ दीक्षादावक्रमेणापि ।।'

(पृथ्वीदेखि शिवसम्मका छत्तिस पदार्थको क्रमशः बोधावस्थामा स्फुरण भए जस्तै दीक्षादिद्वारा एकै पल्ट सबैको स्फुरण पनि हुन सक्छ) भनेकोले र

भावा वृत्तिषु ताश्चित्ते संविदि सा परे ।
व्योम्न्यस्तङ्गमितो यत्र क्रम उल्लङ्घनात्मकः ।।

भनी घट, पट आदि वृत्ति ज्ञान अर्थात् घटज्ञान, पटज्ञानमा पर्यवसित भए जस्तै ती वृत्ति चित्तमा पर्यवसित हुन्छन् र चित्त पनि संविद्‌मा पर्यवसान भएर चिद्‌गगनमा पर्यवसितता क्रमोल्लङ्घनतात्मक छ भन्ने देखाएकोले व्यासभाष्यको "गुणाधिकारक्रमसमाप्तौ कैवल्य-मुक्तम्" भन्ने उपर्युल्लिखित अर्थसँग साम्य राखेको छ । विकल्प कल्पनालाई क्रम र तदतीतलाई अक्रम मानेको कुरा महेश्वरानन्दले यत्रतत्र दर्शाएका छन्—

क्रमिको भवति न देवस्तस्य कथं कालकल्मषस्पर्शः ।
नित्यनिरावरणस्यापि को जीवतो मोक्षप्रत्यूहः ।।

अर्थात् "परमेश्वर क्रमिक नहुनाले कालले छुन सक्दैन । त्यस्तै अज्ञानको आवरण सिद्धिएका जीवन मुक्तले पनि क्रमलङ्घनास्वाद लिने हुनाले त्यस अवस्थामा मोक्ष माथि कुनै शङ्का रहन्न" र त्यो परमेश्वरको क्रमस्पर्शशून्यता "पौर्वापर्यादिविकल्पकल्पनाक्रमेण न क्रम्यते"

---

क्षेमराज–स्वच्छन्दतन्त्रको पञ्चमपटल उपसंहारश्लोक ।
महानयप्रकाश–उ. महार्थमञ्जरीपरिमल श्लोक ३५ ।
महार्थमञ्जरी श्लोक ३५ ।
महार्थमञ्जरी श्लोक ५३ परिमल ।

भनेर पनि प्रष्ट्याएका छन् । शिव अक्रम छन्, लोक क्रमिक छ र चैतन्य उभयस्पर्शी छ भन्ने "अक्रमता मे क्रमिकं ज्ञात्राद्यं सक्रमाक्रमा तु चितिः" □ बाट स्पष्ट हुन्छ । माथि विवेचित कालको क्रममा पर्यवसान अर्थात् कालसँग सम्बन्ध राखी कालात्मकता प्रदान गर्ने कालभन्दा सूक्ष्म तत्व 'क्रम' हो भन्ने योगसूत्रको भाष्यार्थलाई "क्रम-वार्तानभिज्ञस्यास्य कालाख्येन कलङ्केन सम्पर्को न केनचिदपि प्रकारेण सम्भवति । कालस्य तत्त्ववृत्त्या क्रमतयैव पर्यवसानात्" ☙ ले साम्य राखेको पनि देखिन्छ । अर्थात् यी दुवै दर्शनमा आएको 'क्रम' एउटै अर्थ र उद्देश्यका हुन् ।

'क्रम' उत्तराम्नाय सम्बद्ध छ भन्ने "महार्थ, औत्तरम्, औत्त-राम्नाय, अनुत्तराम्नाय, क्रमसरणि" ● आदि महेश्वरानन्दले दिएको पर्यायबाट जान्न सकिन्छ । त्रिक दर्शनसँग यसको सम्बन्धलाई "श्रीमहार्थत्रिकदर्शनयोर्नात्यन्तं भेदप्रथा" 📖 भनाइले स्पष्ट गर्दछ । वास्तवमा क्रम–कुल–त्रिक–मत आदिको साधना धारा अलग भए तापनि दार्शनिक पृष्ठभूमि भने एउटै देखिन्छ । क्रमलाई भैरवीस्रोतमा

---

□ विरुपाक्षपञ्चाशिका ।

☙ परिमल श्लोक ५३ ।

● क) महार्थः श्रीपादुकोदयः परिमल श्लोक २ ।

ख) औत्तरम्ः परिमलः मङ्गलाचरण श्लोक २ र श्लोक ७० को उपक्रम ।

ग) औत्तराम्नाय–परिमल श्लोक १, श्लोक ५७, श्लोक ७१ ।

घ) अनुत्तराम्नाय–परिमल श्लोक ७०, श्लोक ६८ ।

ङ) क्रमसरणि–परिमल मङ्गलाचरण श्लोक १० ।

📖 परिमल–श्लोक ३८ ।

मानेर "क्रमात् कुलोदयो व्याप्तिः कुलौघश्चायमुच्यते" ◆ भनी कुल मतको ऊर्ध्वाम्नायता क्रमसङ्गत लाग्दछ ।

'क्रम' शाक्तोपाय हो, जसमा चित्तले उच्चारण रहित वस्तु चिन्तन गर्दै समावेश प्राप्त गर्नु पर्दछ । क्रममा यस्ता सूक्ष्मावस्था विश्लेषित छन् जसले अक्रमावस्थामा प्राप्त गराउन सक्दछ भन्ने—

अक्रमक्रमविमर्शलक्षणम् या क्रमाक्रममयी क्रमाक्रमम् ।
अक्रमं शिवमवेक्ष्य मध्यगम् त्वां च सत्कुलमिदं तवाननम् । □

श्लोकबाट बुझिन्छ । एउटै 'प्रणव' आदि बीजमा पनि मात्राको विभाजन गरी समनासम्म भाग लाग्ने हुनाले क्रम चित्तको नै विश्लेषण हो भन्ने बुझिन्छ । यस क्रमलाई विश्लेषण गर्दै क्रम-सिद्धिमा—

ककारः क्रोधरुपस्तु मकारो मङ्गलो भवेत् ।
क्रोधे तु मङ्गलं कुर्यात् क्रमः कालक्रमो भवेत् ।।
गुर्वायत्तं क्रमज्ञानमाज्ञासिद्धिकरं परम् ।
क्रमज्ञानान्महादेवी त्रैलोक्यं कवलीकृतम् ।।📖

भनी क्रमज्ञान आज्ञासिद्धिकर र भेदौघ उपशमनको उपाय समेत हो भन्ने बुझिन्छ । साथै क्रम भनेर मुख्य गरी कालक्रम र देश-क्रमलाई नै लिइएको पनि थाहा हुन्छ ।

कालक्रम जस्तै वर्णक्रम, सृष्टि, स्थिति, संहृतिक्रम, मुद्राक्रम आदि पनि हुन्छन् । वर्णक्रम भनेको अनुत्तरबाट विमर्श (अ–ह)

---

◆ सिद्धनाथ–कुलरत्नमाला उ. नित्याषोडशिकार्णवः पृ. २०५ ।
□ चिद्‌गगन चन्द्रिका श्लोक २४ ।
📖 श्रीक्रमसिद्धि उ. महार्थमञ्जरी परिमल श्लोक ४१ ।

सम्मको, शिवबाट शक्तिसम्मको, पूर्ण चेतनबाट जडपदाभिहितसम्मको बोधक हो ।

सृष्ट्यादि क्रममा सृष्टिका चार भेद "सृष्टि+सृष्टि, सृष्टि+स्थिति, सृष्टि+संहार, सृष्टि+अनाख्या" भए जस्तै स्थितिका चार र संहारका चार गरी बाह्र भेद छन् । यी बाह्र भेदलाई सोह्र स्वरमध्ये 'ऋ ॠ, लृ, ॡ' बाहेक अवशिष्ट बाह्रले बुझाउँछन् । यी बाह्र अवस्थाका प्रतिनिधित्व गर्ने र तत्तत्स्थानमा बसी कालको रूप लिएर फैलने तथा काललाई नै निलिदिने समेत गर्ने शक्तिहरूलाई 'कालि' भनिन्छ । सृष्टिका पञ्चक्रम लिंदा "आभासन–रक्ति–विमर्शन–बीजावस्थापन–विलापनतस्तानि" ✤ भनेर क्षेमराजले उल्लेख गरेका छन् भने माथिको चार भेदमा भासा समेत थपिएर पञ्चक्रम बनेको पनि थाहा हुन्छ । त्यसको प्रमाणमा वरदराजले परिगणित—

सृष्टिस्थितिलयानाख्याभासाशक्ति प्रसारणात् ।
प्रपञ्चविषयं चञ्चत् पञ्चकृत्यं प्रपञ्चितम् ।।
तथा प्रसारितस्यास्य शक्ति चक्रस्य यत्पुनः ।
सन्धानमान्तराम्नायाम्नातक्रमविमर्शनम् । ▩

लाई लिन सकिन्छ ।

मुद्राक्रम भनेको प्रवृत्तिपरकलाई प्रवृत्त गराउन र निवृत्तिपरकलाई निवृत्त गराउन खेचरी–गोचरी–दिक्चरी–भूचरीको रूपमा वामेश्वरीको उल्लास हो । क्रम मुद्राको व्याख्या गर्दै क्षेमराज "सृष्टि–स्थिति–संहृतिसंविच्चक्रात्मकं क्रमं मुद्रयति, स्वाधिष्टितम् आत्मसात्

---

✤ प्रत्यभिज्ञाहृदयम् सूत्रम् ११ ।
▩ शिवसूत्रवार्तिक १/४०–४१

करोति येयं तुरिया चितिशक्तिः" भनी चितिशक्तिकै अक्रम दशामा पुऱ्याउने गुरु धर्मी तत्वको स्वरूप प्रदर्शित गरेका छन् । उनी क्रमसूत्रको उल्लेख गर्दै क्रममुद्राको वाह्य र आभ्यन्तर भेद स्वीकार गर्दछन् । बाह्य पदार्थबाट आन्तर पदार्थमा प्रवेश भए जस्तै आन्तर पदार्थबाट बाह्यमा पनि प्रवेश हुन्छ । अर्थात् निमीलन र उन्मीलन भनेको क्रममुद्राकै प्रपञ्चको आतान-वितान हो । यी दुवैलाई समाविशको रूपमा क्रमसूत्रमा लिइएको छ । यसरी मुद्राक्रम पनि शक्तिमा नै पर्यवसित हुन्छ ।

कालक्रमलाई संकेत गरिसकिएको छ । फलप्राप्तिको लागि क्रियाको क्रम मान्नु पर्ने हुन्छ र क्रम पनि कालको स्वरूप हो भन्ने मत सोमानन्दको देखिन्छ—

> प्रक्रियामात्रमेवैतद् यतः पूर्वापरात्मता ।
> क्रियायाः कारकाणां हि क्रमोऽस्त्येव स्वकर्मणि ॥

पूर्वापरता पनि चित्तले गर्ने विश्लेषण मात्र हो र चित्त भनेको चैतन्यको संकुचितावस्था हो । सोमानन्दकै उक्त श्लोकबीजको प्रङ्कुरण ईश्वर प्रत्यभिज्ञामा देखिन्छ—

> "अत एव यदप्युक्तं क्रिया नैकस्य सक्रमा ।
> एकेत्यादि प्रतिक्षिप्तम् तदेकस्य समर्थनात् ॥"

यसले अक्रमा क्रिया भए तापनि अबुद्धहरूमा क्रमको भान पर्दछ र त्यसैले सक्रम भनिएको हो भन्ने देखाउँछ । परम शिवको

---

प्रत्यभिज्ञाहृदयम् सूत्र १९ वृत्ति ।

क्रमसूत्र उ. १९ वृत्ति ।

शिवदृष्टि ४/१०५ ।

ईश्वरप्रत्यभिज्ञा क्रियाधिकार १/१ ।

स्वातन्त्र्य यस्तै छ कि क्रमरहितमा पनि क्रमभान गराउन सक्दछ । अभिनवगुप्तपादाचार्य "प्रण मामि भासयन्तं क्रमरहितेऽपि क्रम-मनेकम्" ▩ भनी त्यसैको समर्थन गर्दछन् । एकत्व र अनेकत्व परस्पर विरुद्ध धर्मको एउटै आधिकरण कसरी हुन्छ ? भन्दा प्रतीतिबलाद् वा स्वातन्त्र्यवशात् मान्नु पर्ने हुन्छ । महेश्वर यदि कालले अवाच्छिन्न छन् भने अनित्य होलान् । क्रिया क्रमिक भएको मानेपछि कालानवच्छिन्न परमेश्वरमा क्रम हुनु मान्यतया आवश्यक देखिए तापनि—

सक्रमत्वं च लौकिक्या: क्रियाया: कालशक्तित: ।
घटते न तु शाश्वत्या: प्राभव्या स्यात् प्रभोरिव ।। ☙

लौकिक क्रिया काल सापेक्ष हुनाले सक्रम हुन्छ । तर नित्य क्रिया काल सापेक्ष नहुनाले सक्रम हुँदैन । यस विवेचनबाट पनि काल नै पदार्थहरूको अवच्छेदक देखिन्छ । कसैले काल नित्य माने तापनि उत्पलदेवको—

काल: सूर्यादिदिसञ्चारस्तत्तत्पुष्पादिजन्म वा ।
शीतोष्णे वाथ तल्लक्ष्य: क्रम एव स तत्त्वत: ।। ◈

भनाइबाट काल सूर्य आदिमा रहेको स्वभाव भेद वा क्रम नै हो भन्ने बोध हुन्छ । काल वैशेषिकको विचारमा द्रव्य हो । सांख्य मतमा प्रवर्तनात्मक हुनाले रज: स्वभाव हो । वैयाकरण मतमा नित्यमा नरहने प्रवृत्ति स्वभाव हो र बौद्ध मतमा फैलिन लागेको भाव = पदार्थ' परमार्थ या भाव स्वरूप (अन्य तथाकथित भाव पदार्थ जस्तै) हो । यी सम्पूर्ण अर्थले क्रमको उल्लङ्घन गरेका छैनन् । 'कलति = क्षिपति = परिच्छिनत्ति' अर्थात्मक काल हुनाले र क्रिया

---

▩ ईश्वरप्रत्यभिज्ञा विवृत्तिमार्शिनी क्रियाधिकार १/१ मङ्गलाचरण ।
☙ ईश्वरप्रत्यभिज्ञा क्रियाधिकार १/२ ।
◈ ईश्वरप्रत्यभिज्ञा क्रियाधिकार १/३ ।

पनि काल हुनाले क्रियाले पनि परिच्छेद ल्याउने थाहा हुन्छ। महाप्रलयमा ब्रह्मा सुते पनि श्वास–प्रश्वासरूपी क्रिया रहन्छ वा ब्रह्माभन्दा ऊर्ध्व भूमिका विष्णु–रुद्र आदिमा क्रिया रहन्छ, त्यसैले ती सबै भूमिहरू कालावच्छिन्न छन्। 'क्रम' भनेको 'अभेद' मा सम्भव छैन, त्यसैले क्रम भेदाश्रय छ। भेद देशलाई र काललाई लिएर गरिन्छ। भावको भिन्नता घट–पटलाई लिएर देशक्रम भासित भएको हुन्छ भने क्रिया भेदलाई लिएर कालक्रम भासित भएको हुन्छ।

मूर्तिवैचित्र्यतो देशक्रमभाभासयत्यसौ।
क्रियावैचित्र्यनिर्भासात् कालक्रममपीश्वरः॥□

एतावता काल र देश मूर्ति र क्रिया सापेक्ष हुन् भन्ने बोध हुन्छ। बुद्धिले नै मूर्ति र क्रिया लिएका हुनाले बुद्धिको अवसानमा अक्रमता हुन्छ भनी भर्तृहरिले—

"अव्यक्तः क्रमवाञ्छब्द उपांशु योऽभिधीयते।
अक्रमस्तु वितत्यैव बुद्धिर्यत्रावतिष्ठते॥▪

निर्देशित गरेका छन्। "क्रमो यावदेकः क्षणः"◆ भनी क्षणसम्मको सापेक्षतालाई क्रमात्मक मानिएको छ। यसैलाई—

"पूर्वोत्तरैस्तथा क्षणैः समवस्थापितक्रमः।"◆

भनी पूर्वोत्तर क्षणले क्रम स्थापित गरेको वैयाकरण साधुको मतको क्रम प्रकृत क्रमसँग अविरुद्ध रहेको देखिन्छ। हामीले काललाई सूर्यको माध्यम वा आधारले जान्दछौं। सूर्यको आधारले जानिने सौर

---

□ ईश्वरप्रत्यभिज्ञा क्रियाधिकार १/५।

▪ वाक्यपदीयम् २/१९।

◆ ईश्वरप्रत्यभिज्ञा विवृत्तिविमर्शिनी III पृ. १६।

◆ वाक्यपदीयम् ३/८/११।

काल हो, तर अन्य कालको पनि त्यसैसँग सापेक्षता राखिन्छ। अन्य काल भनेर आध्यात्मिक काल लिन खोजिएको हो। यहाँ कालको सौर भेद विवेचना गरौं—

मानुषाक्षिनिमेषस्य अष्टमांशः क्षणः स्मृतः।
क्षणद्वयं तुटिर्ज्ञेया तद्द्वयं तु लवः स्मृतः॥
लवद्वयं निमेषस्तु ज्ञातव्यो गणितक्रमात्।
दशपञ्चनिमेषाश्च काष्ठा चैव प्रकीर्तिता॥
त्रिशत्काष्ठा कला ज्ञेया मुहूर्तस्त्रिशदेव ताः।
मुहूर्तस्तु पुनस्त्रिशदहोरात्रस्तु मानुषः॥📖

(आँखाको परेला सङ्कोचमा लाग्ने कालको आठ भाको एक भागलाई क्षण भनिन्छ। दुई क्षणको एक तुटि, दुई तुटिको एक लव, दुई लवको एक निमेष, पन्ध्र निमेषको एक काष्ठा, तीस काष्ठाको एक कला, तीस कलाको एक मुहूर्त, तीस मुहूर्तको एक अहोरात्र हुन्छ।) यसै क्रमको आधारमा पितृको र देवता सादिको कालमान तोकिन्छ। तर यहाँ बुझ्नु पर्ने के छ भने क्षणान्तः पाती परिणामले बुझिने क्रम भनेको सन्ध्या भने होइन, किनभने सन्ध्याको पृथगुपदेश गरिएको छ। जस अनुसार—

मन्वन्तरे व्यतिक्रान्ते चान्यस्मिन् पुनरागते।
पञ्च वर्षसहस्राणि मध्ये सन्ध्या भवेत् सदा॥◈

सर्वाद्य र सर्वान्त मन्वन्तर बाहेक मन्वन्तर सन्ध्या पाँच हजार वर्षको वर्णित छ। सन्ध्या काललाई सन्धि शब्दले पनि लिइएको छ।∾

---

📖 स्वच्छन्दतन्त्रम् ११/२०१–३।

◈ स्वच्छन्दतन्त्रम् ११/२२३।

∾ स्वच्छन्दतन्त्रम् ११/२२९।

यहाँ कालक्रम चर्चाको एउटा उद्देश्य शास्त्रान्तरसम्म त कालगणनासँग तुलना गर्नु हो। सिद्धान्तशिरोमणिमा कालमानको विभागकल्पना यसरी गरिएको छ—

योऽक्ष्णोर्निमेषस्य खरामभागः स तत्परस्तच्छतभाग उक्ता।
त्रुटिर्निमेषैर्धृतिभिश्च काष्ठा तत् त्रिशता सद्गणकैः कलोक्ता।
त्रिंशत्कलाऽऽक्षी घटिका क्षणः स्यान्नाडीद्वयं तै खगुणैर्दिनं च।◆

अर्थात् परेला झिम्कन लागेको समयको ३० भागको १ भाग-लाई 'तत्पर' र तत्परको सय भागको १ भागलाई 'त्रुटि' भनिन्छ। १८ निमेषको १ काष्ठा, ३० काष्ठाको १ कला, ३० कलाको १ घटिका, २ घटिकाको १ क्षण र ३० क्षणको १ दिन हुन्छ।

यहाँको 'क्षण' शब्दको अर्थ पूर्वाभिहित 'क्षण' शब्दको अर्थसँग पटक्कै मेल खाँदैन। तर स्वच्छन्दतन्त्रको मतको कालको सूक्ष्मतमांश 'क्षण' मान्ने विचार र उल्लेखित योग सूत्र तथा व्यासभाष्यको 'क्षण' मान्ने विचार ठ्याक्कै मिलेको भेटिन्छ। परम्पराको भेदले नै मान्यता भेद भएको हो भन्न "अन्यत्र निमेषाष्टकं क्षण इति"▬ भनी गार्ग्यको मतलाई प्रमाण लिएर वासनावार्तिकमा चर्चा गरिएको छ। मनु-स्मृतिमा र शाकल्यको अर्कै परिभाषा भएको पनि त्यहीं उल्लेखित छ। यसरी 'क्षण' मा मात्र नभई क्रममा पनि विचार समानता देखियो र क्रमान्तर भए अर्कै परिणाम आउने विचार पनि "क्रमान्यत्वं परिणामान्यत्वे हेतुः"★ मा पनि रहेको देखिन्छ। योग-सूत्रको अर्को विशेषता के भने यहाँ उही शब्दमा (३/५४) र शब्दान्तरमा पनि 'अक्रम' को चिन्तन रहेको देखिन्छ। "सोपक्रमं निरुप-

---

◆ सिद्धान्तशिरोमणि १/१/१/१६–१७।

▬ सिद्धान्तशिरोमणि वासनावार्तिक १/१/१/१६–१७।

★ योगसूत्रम् ३/१५।

क्रमश्च कर्म."● सूत्रमा सोपक्रमले अक्रम र यिरुपक्रमले 'क्रम' इङ्गित गरेको व्यासभाष्यबाट समेत स्पष्ट हुन्छ ।

परवर्ती तन्त्रहरूले∾ 'क्रम' को विभिन्न स्थानमा प्रयोग गरेका छन् । दश महाविद्याका साधनामा पालना गर्नु पर्ने आचार– महानीलक्रम, चीनाचारक्रम, गन्धर्वक्रम आदि र क्रममाला आदि विचारमा यही अर्थको वासना रहेको हुन सक्दछ । क्रमको दार्शनिक विश्लेषणमा भने सोमानन्दकै धारा उत्कृष्ट रहेको छ । काली परम्पराका तन्त्रशास्त्रले क्रमको प्राधान्य स्वीकार गर्दछन् । यस परम्पराका पुस्तकको नाम पनि 'क्रम' शब्द पर्ने तथ्य क्रमस्तोत्र, क्रमदीपिका, क्रमसाधनम्, कालीकुलक्रम, गुह्यसिद्धिक्रम, गुह्यक्रमाचार्यनम्📖 आदि पुस्तकको नामबाट जानिन्छ ।

दर्शनको विशिष्ट ग्रन्थमा "ये मनः प्रणिदधुमहर्षयस्तान् पतञ्जलिमुखानुपास्महे"□ भनी पतञ्जलिलाई ईश्वर वन्दना अनन्तर गुरु वन्दनाको क्रममा स्मरण गर्नाले पनि गुरुपरम्पराको सङ्गति बसाउन सकिन्छ । शाक्त धारामा क्रमदीक्षा, कादिक्रम, हादिक्रम, कहादिक्रम, सादिक्रम आदिको परम्परा अर्थमा प्रयोग भएको पाइन्छ । क्रमदीक्षामा पनि सृष्टिबाट लयसम्मको चक्रलाई स्वीकार गर्दछन् भने कादि–हादि–सादि भेद भने मन्त्रको आनुपूर्वीलाई लिएर भएको हुन्छ ।

दार्शनिक मूल बिन्दुबाट उठेको 'क्रम' विस्तारै कर्मकाण्डको 'कर्म' सँग सम्बन्ध राख्न पुग्दछ । क्रमको सूक्ष्मविवेचना तान्त्रिकहरूको

---

● योगसूत्रम् ३/२२ ।

∾ शक्तिसङ्गमतन्त्रम् III, चीनाचारतन्त्रम्, गन्धर्वतन्त्रम् ।

📖 संक्षिप्तसूचीपत्रम् (वीर पुस्तकालय) ।

□ चिद्गगनचन्द्रिका श्लोक ९ ।

रहस्यमय गुत्थीमा उल्फन पुग्छ र सहजिया साधक तथा भैरवीचक्रका प्रवर्तकहरूमा अल्झिन पुग्छ ।

वर्तमान जे भएं पनि इतिहास पल्टाएमा त 'क्रम' प्रकाशित हुने नै छ कि उत्पलदेवको क्रमचिन्तन, अभिनवगुप्तपादाचार्यको शाक्तोपाय अन्तर्गत क्रमविश्लेषण कालको सूक्ष्म चिन्तनसँग जोडिएको छ । यसको मूलधारा पतञ्जलिसम्म पुग्ने कुरा पनि माथिको आन्तरिक विश्लेषणबाट थाहा हुन्छ र क्रम दर्शनको विशिष्ट ग्रन्थमा "ये मनः प्रणिदधुमहर्षयस्तान् पतञ्जलिमुखानुपास्महे" भनी पतञ्जलिलाई ईश्वर–वन्दना अनन्तर गुरु–वन्दनाको क्रममा स्मरण गर्नाले पनि गुरुपरम्पराको सङ्गति बसाउन सकिन्छ । क्रम र अक्रम चिन्तनमा समानता तथा 'क्षण' लाई सूक्ष्मतमांश मान्नु मात्र नभई तत्त्वबोधको माध्यम काललाई बनाउनु चिन्तनभित्रको अर्को समानता हो । यसबाट शाक्तहरूको 'क्रम' को धारालाई अवश्य पनि अध्ययनको सीमा फैलाएर हेर्नु पर्ने गराउँछ । शास्त्रान्तरमा उल्लेखित "कालः पचति भूतानि सर्वाण्येब महात्मना", "नानाविधशक्तिमयी सा जनयति कालतत्त्वमेवादौ" वचनहरू पनि प्रकृत कालको परमेश्वरता सिद्ध गर्न तथा संवित्को बहिरुल्लासमा कालतत्त्वको आद्यसृष्टि विषयमा समानान्तर अध्ययन गर्न उपयुक्त देखिन्छन् । 'क्रम दर्शन' को ऐतिहासिक विश्लेषणमा भने विद्वान्हरूको दृष्टि पनि सीमित रहेको जस्तो देखिन्छ ।

जयरथको "··· शिवानन्दाल्लब्धानुग्रहाम्यः··· श्री सोमानन्दाभिधानाय गुरवे सञ्चारयाम्वभूव" लाई लिएर कान्तिचन्द्र पाण्डेयले

---

चिद्गगनचन्द्रिका श्लोक ९ ।

सिद्धान्तशिरोमणि वासनावार्तिक १/१/१/१५ ।

तन्त्रालोकविवेक ४/१७३ ।

शिवानन्दलाई क्रमदर्शनको प्रथम आचार्य मानेका छन्◆ । त्यहाँ वर्णित गुरुक्रम हेर्दा शिवानन्दका तीन शिष्या केयूरवती–मदनिका र कल्याणिकाका शिष्य परम्परा क्रमशः गोविन्दराज, श्रीभानुक र एरकमध्ये गोविन्दराजका शिष्य सोमानन्द भए भन्ने थाहा हुन्छ । सोमानन्दको समयलाई नवौं शताब्दी■ मानेर एउटा गुरुको पचास वर्ष समयावधि मानेमा पनि आठौं शताब्दीको प्रथम चरण वा सातौंको उत्तरार्द्ध शिवानन्दको आविर्भावकाल देखिन्छ । जयरथले उद्धृत गरेको उक्त वचन हेर्दा शिवानन्दको समयमा पीठ आदि भएको सम्भावना व्यक्त गर्न भने सकिन्छ । क्रम दर्शनको साहिनो पातञ्जल दर्शनसँग गाँसिएको खण्डमा योग दर्शन मात्र नभएर सांख्यमै प्रयुक्त तन्त्र (षष्टीतन्त्र आदिमा) शब्दसँग अर्थको तालमेल बसाउन सकिने देखिन्छ । ऐतिहासिक दृष्टिले प्राचीन 'क्रम' भित्रको वैज्ञानिक तथ्य-हरूलाई बाहिर ल्याउन सके एक अत्यन्त विकसित र गणितीय तथ्यमा आधारित चिन्तन प्रकट हुन सक्दछ, जसलाई आधार मानेर सापेक्षताको सिद्धान्तको समेत पुनर्मूल्याङ्कन गर्न सकिन्छ ।

---

◆ 'अभिनवगुप्त' के. सी. पाण्डेय, पेज ४६४–४६६ ।

■ जयदेवसिंह शिवसूत्रज् इण्ट्रोडक्शन् पेज १८ ।

# 'जिन्दावाद/मूर्दावाद': आन्दोलित आस्था

– हरि मञ्जुश्री

"कवितात्मक शब्दहरूमा अनुवाद भएर आन्दोलित भएका सम्पूर्ण आस्था, विश्वास र स्वच्छ विचारप्रतिका भावहरूलाई कहिले खुला चउरको 'कालो पट्टी' भएर प्रदर्शित हुँदा डी०एस०पी० कार्यालयको पैशाचिक यातनामा थचारिन पुऱ्याइयो, कहिले 'ब्ल्याक आउट' को मसाल बनेर सल्किदा सल्किदै बूट, लाठी र अश्रुग्याँसका छुरी चलाइयो, कहिले 'बुलेट' ले तहसनहस पारियो, कहिले 'कर्फ्यू' ले सताइयो, कहिले अञ्चलाधीश कार्यालयको कठघरामा 'जफत' गरेर उभ्याइयो, कुनै पनि रूपमा सगरमाथाको शिखर छुन पुगेका आन्दोलित ती शब्दहरूमाथि अरू अर्थ थप्न खोज्दा 'लाश' समेत बनाइयो। तर मनहरूले 'मूर्दावाद' को नारा लगाउन छोडेनन्, हातहरूले विरोधको 'ध्वजा' उचाल्न छोडेनन्, छातीहरूले छातीको परिभाषा देखाउन छोडेनन्।"

यो 'लेखकीय' ले के देखाउँछ भने पुस्तकाकार भित्र संग्रहित

'जुलूस' बनेर कविहरू हिंडेका छन्, 'जिन्दावाद/मूर्दावाद' को नाममा ती कविहरू हुन् विमल भौकाजी, उत्तम भौकाजी र राजेन्द्र पराजुली। साथमा पाँचजना अतिथि कविहरू छन् शिव अधिकारी, वियोगी बुढाथोकी, लव गाउँले, विष्णुविभु घिमिरे र दिनेश अधिकारी। 'जिन्दावाद/मूर्दावाद' को 'जुलूस' भित्र विमल+उत्तमले ७–७ वटा, राजेन्द्र पराजुलीले ६ वटा तथा अन्य पाँच जनाले एउटा–एउटा कविता पठाएका छन्।

'जिन्दावाद/मूर्दावाद' को विमोचन समारोहमा प्रजातान्त्रिक राष्ट्रिय जनआन्दोलनका कमाण्डर गणेशमान सिंहले साहित्यकार, कलाकार र पत्रकारले आन्दोलनको सफलताको लागि गरेको योगदानको प्रशंसा गर्दा जुन शब्दहरूको प्रयोग गर्नुभएको थियो, ती शब्दहरू यहाँ दोहो-याउनु आवश्यक छैन। तर 'जिन्दावाद/मूर्दावाद' को सन्दर्भमा उहाँले भन्नुभएको यो कुरा यहाँ उल्लेख गर्नु आवश्यक लाग्छ तपाईंहरूको यो राजनीतिक साहित्यले नेपाली जनमानसमा प्रजातान्त्रिक भावना कायम राख्न सहयोग पु-याउने छ।

गल्लीबाट निस्केर उसले
बीच सडकमा स्थापित
कालो सालिक हल्लाउन थाल्यो
सालिक हल्लाउंदा हल्लाउंदै
पूरै देश हल्लाएर ढल्यो

—विमल भौकाजी

(सालिक र सालिक हल्लाउने मान्छे)

शून्य सडकमा
जतातत सन्त्रास व्याप्त भएपछि
आफूलाई 'राष्ट्रवादी' भन्न रूचाउनेहरू पनि

यसो भन्न थाले कि
देश अचेल हाम्रो छातीमा होइन
परेवाको मुटुमा दुख्ने गरेको छ

—उत्तम भोकाजी
(तीन खुड्किला)

अनन्त हिंडाइ त्यो
हिंडियो र पुगियो पनि
जुत्ता त अहिले छैन, भोक छ
हाम्रो संचालक त्यो
कुन किसिमको पाइने हो
त्यही नै एउटा शोक छ

—राजेन्द्र पराजुली
(तीन पाइला)

लक्ष्य एउटै छ, भावना एउटै छ, तर प्रस्तुतिभिन्नताले फरक लक्ष्य र फरक भावनाका देखिन्छन् विमल, उत्तम, राजेन्द्र ।

रात र दिन स्वभावैले
पृथक स्थिति हो पृथक जगत्को
ती जब भेटिन्छन् प्रकारान्तरले भेटिन्छन्
तिनबाट सिर्जिने तेस्रो तत्व
कदाचित् सर्वाङ्गपूर्ण हुन सक्तैन

—शिव अधिकारी
(पर्खालभित्र अनर्थ हुन्छ)

कटबाँस र अश्रुग्यासको प्रहारले
पिपासुको भोक मेटेन
बन्दूकको टोड्कामा थुनिएको परेवा उड्यो

शान्तिको मूल्य खुल्यो
रहस्यको उद्घाटन बन्दूकले गऱ्यो
छाती थाप्नेहरूको ताँतीमा
बन्दूकले पनि आत्मसमर्पण गऱ्यो

—वियोगी बुढाथोकी
(यसपल्ट)

वल्लो घरबाट धान चोरेर खाने
पल्लो घरमा इमान बेचेर जाने
दरबारका भात खाएर मोटाएका
केही सुनका मूसाहरू
पर्खाल बाहिर दगुर्न थालेका छन्
देशको माटो बोकेर
ओह्रालो झर्न लागेका छन्

– लव गाउँले
(मूसाहरू)

मलाई शहीदलाई मान्छे भनेको मन पर्दैन
मलाई बन्दूकलाई देवता भनेको मन पर्दैन
जब मलाई माटो र मुटु रोज्नु पर्छ
उनीहरूले (शहीदहरूले) मलाई
माटो रोज्न बाध्य गराउँछन्

– विष्णुविभु घिमिरे
(त्यो शहीद हो)

मसँग
अहिले एउटा रगतपच्छे देश छ

अँध्यारो ओढेर
के के मात्रै गरेनन् दुष्टहरूले
देख्तै भाउन्न हुने गरी
यो देशको छातीमा
कतै काँडा छ, कतै पीप छ

– दिनेश अधिकारी
(मेरो देश र म)

यी पनि 'जिन्दावाद/मूर्दावाद' भित्रका 'जुलूस' हरू हुन्, 'जुलूस' का अंश–अंशहरू छन् । यस्ता अंश–अंशहरूको एकात्म्यता-बाट 'जुलूस' पूर्णतामा पुगेको छ र 'जिन्दावाद/मूर्दावाद' निस्केको छ । शिव+वियोगी+लव+विष्णुविभु+दिनेश = 'जुलूस' का सहभागी र 'जिन्दावाद/मूर्दावाद' का सहयोद्धा । यिनीहरूमा पनि भावनाको पृथकता देखिदैन, यद्यपि प्रस्तुतिभिन्नता भने यिनीहरूमा समेत छ । हुनु पर्ने पनि यस्तै हो ।

कविता–संग्रह 'जिन्दावाद/मूर्दावाद' का कवित्रय विमल, उत्तम र राजेन्द्रमध्ये राजेन्द्रले चाहिं बिम्ब र प्रतीकलाई अरू दुईको तुलनामा बढी प्रयोगमा ल्याएका छन् । शैलीको परिष्कार तीनै जनाको लागि आवश्यक देखिएको छ । विमल र उत्तमका कुनै कुनै कवितामा 'साहित्य' नपाइएर 'भाषण' पाइन्छ भने राजेन्द्रले कविता-लाई आफूमा र आफूलाई कवितामा ढाल्ने जुन प्रयास गरेका छन्, त्यसलाई शब्दसंयोजनको अल्प सफलताले ठीक ठाउँमा पुऱ्याउन सकेको छैन ।

मलाई लाग्छ— विमल, उत्तम र राजेन्द्रको संयुक्त कृति 'तीन आँखाको मान्छे' भन्दा 'जिन्दावाद/मूर्दावाद' निकै सामयिक छ । सामयिकताले नै स्थायित्व लिन्छ भन्न चाहिं सकिन्न ।

# तिमीलाई आह्वान !

— शिवहरि लामीछाने

ए मूक !
मुसाहरूको घमसान समर र
पन्ध्र सय मिटरको दौड तिमीभित्र
त्यसैले तिम्रो तरुणावस्था
आफ्नो अधिकारको संरक्षण गर्न
अनि सम्बर्द्धन गर्न तिमीलाई आह्वान !
ए यात्री !
तिमीलाई मन परिरहेछ क्यारे
प्रज्ञा जडित वटवृक्षको चौतारी
तिम्रो अन्तरात्मा पनि विवश साथ उर्लिरहेछ
त्यो मज्जाको शैय्याले खुशियाली बिदाई गर्न खोज्दा
त्यसैले तिम्रो अलपत्र स्थिति
तर म तिमीलाई बताइदिन्छु
त्यो गगनचुम्बी, त्यही तिम्रो विश्रामस्थल
अब पत्ता लगाउन भने तिमीलाई आह्वान !
ए तृण !
तिमी त परेछौ अङ्गेर बिलैने बीचमा
सेपमा परेको तिमी मौलाउन पो के सक्छौ र
म दिन्छु तिमीलाई मलखाद संरक्षण र सम्वर्द्धनको लागि
अनि अल्पावधिमा नै उच्च हुन तिमीलाई आह्वान !
ए अर्धनिद्रित बटुवा !
भर्खर बिहानी भएको छ
दिन आउन त अझै बाँकी छ
मेरो अन्तर्चक्षुको अगाडि
सपनामै हो कि हृदयविदारक चलचित्र घुमिरहेछ
त्यसैले उषाकालीन पूर्वको यो क्षितिज जोगाउन तिमीलाई आह्वान !

# भिनाजुको सुइटरमा यौनको गन्ध

— प्रा० शिव प्रसाद सत्याल 'पीठ'

:१:

मैले सुन्दै पढ्दै आएको पाठक–प्रतिक्रिया के थियो भने पोषण पाण्डेको कथाकारिता स्व० विश्वेश्वरप्रसाद कोइरालाको यौन परकताबाट प्रभावित छ । पोषणको भिनाजुको सुइटरमा पनि सालीको यौवन र यौनको गन्ध छ । नारी-अङ्गमा स्वत:प्रस्फुरित हुने सहज आकर्षण र रूपपरिवर्तनका चमत्कारी शक्तिको प्रभावमा पुरुषले देखाएको रुचि यस कथामा मूल कथ्य रहेको र शिल्पले सौन्दर्यको निर्वाह गर्नु बाहेक अश्लीलता, उच्छृङ्खलता र उत्तेजनाका तीव्र गन्ध फैलाएको स्पष्ट अनुभव मैले यस पटक गरिन । वास्तवमा यस कथामा यौनको गन्ध र त्यसको प्रभावगत व्यापकताभन्दा यौवनको सभ्य तर शान्त भावसाम्य स्त्री र पुरुष पात्रमा छ । बहिनीको अवस्थामा दिदीले आफूलाई आरोपित गरी सम्भाव्य शंकाको अनुमान गर्दछे र उसको अनुमान सत्य भएमा कस्तो ईर्ष्या र प्रतिशोधको सम्भावना हुन्छ, त्यसलाई कथाकारले चतुरतापूर्वक देखाएका छन् । कथा पढ्दा मलाई त्यस्तो निष्कर्ष निकाल्न विभिन्न घटना र पक्षले सघाएका छन् ।

:२:

कामाचार व्यक्तिनिष्ठ धर्म हो । यस कथाका पात्रहरू सविता, शान्ति र गोपीनाथ कुटुम्ब–सम्बन्धले बाँधिएका छन् । यौन स्वेच्छा–चारिता र अवैध शारीरिक सम्बन्धमा उनीहरूको रुचि देखिन्न । सविता अविवाहित केटी भएपनि तस्कर–रतिमा उसको झुकाव नदेखिएकाले उसले यौन समागमको शारीरिक स्वाद लिएकी छैन, तर बौद्धिक वा काल्पनिक रहर भने बोकेकी छे । वास्तवमा गोपी–नाथमा कामशीलता छ । ऊ शान्तिबाट असन्तुष्ट र सविताप्रति अतिशय आकृष्ट दुवै छैन । साली सविताका पुष्टप्रतिपुष्ट हुँदै गएका अवयव र उसको पुख्लो, फरासिलो आनीबानीबाट सम्पर्कमा जान त चाहन्छ, तर सविताको सम्भोगेन्द्रिय वा शारीरिक उत्तेजनालाई समर्पणको चरम क्षणसम्म पुऱ्याउने कामावयवलाई छुन, छिहिलिएर कुरा गर्न, शारीरिक समर्पणका लागि सवितालाई आतुरी लाउन पनि कुनै चेष्टा गर्दैन । ज्यादै अनुकूल वातावरणमा सविता स्वतः सर्मपित भएमा नभाग्ने मनःस्थितिमा मात्र छ । यस रीतसंग कथामा सालीको यौन–गन्धले भिनाजुलाई वशीभूत गरेको छैन, भिनाजु पनि कामातुर भई अन्धो भएर आक्रामक बन्न गएको छैन । वास्तवमा स्वास्नीबाट गोपीनाथ असन्तुष्ट छैन र सविता जस्ता अरू अरू नयाँ वैंसालु खोजेर हिंडेको पनि छैन । शान्तिको रुचि र सविताको शान्तिप्रतिको टिप्पणीबाट हामी पाठक गोपीनाथको र शान्तिको यौन जीवन बारे पूर्वानुमान गर्न सक्तछौं । कथापात्रहरूको संवाद, स्वकथन, रूचि–प्रकाशन र अभाषिक आचार कुनैबाट पनि यौन अतृप्ति, सम्भोगका आकाङ्क्षा र शरीरभोगका चर्का आकर्षण प्रकट हुँदैनन् । यसबाट के खुलस्त हुन्छ भने समीक्ष्य कथा यौन पृष्ठभूमिमा लेखिएको हो, तर यौनक्षेत्रको रतिप्रभाव देखाउन होइन भन्ने मेरो बुद्धिले भन्छ ।

:३:

यस कथालाई पूर्ण यौनवादी वनाउन कथापात्रहरूमा व्यक्तित्व-प्रतिस्थापक गुणको विकास हुनुपर्दछ। सविता शान्तिलाई प्रतिस्थापन गर्न सक्तिन, शान्ति सवितालाई प्रतिस्थापन गर्न सक्तिन र गोपीनाथ शान्तिलाई प्रतिस्थापित गरी सवितालाई स्वीकार गर्ने र कुटुम्ब सम्बन्धलाई पारिवारिक सदस्य-सम्बन्ध दिन सक्तैन। यस परिस्थितिमा गोपीनाथको कामातुरताले चरमता लिने र आक्रामक बन्ने वा सविताको कामेच्छाले समर्पणको स्थिति सिर्जना गर्ने कुरा नै भएन। वास्तवमा कथाप्रस्तुतिको प्रक्रियागत त्रुटिले गर्दा यौनको गन्ध फैलिएको आभास शान्तिले पाई अथवा शान्तिलाई त्यस्तो भान पऱ्यो। सविताले शान्तिकै समक्ष सुइटरको नाप लिएको अवस्थामा वा गोपीनाथले सविता उसका लागि सुइटर बुन्दै छे भन्ने खोलिदिएको अवस्थामा आशंकाको वातावरण सकिन्छ, कथा सात्विक भएर जान्छ। यस पक्षलाई यहीं छोडेर अरू कुराको मात्र विश्लेषण गर्दा भने केही मात्रामा यौनको गन्ध पनि महसूस हुन सक्ला।

:४:

कथाको केन्द्रीय पात्र सविता भए पनि कथाको विकासमा शान्तिको शंकालु र अन्तर्मुखी प्रवृत्ति मुख्य कारक छन्। शान्ति, सविता र गोपीनाथका विषयमा काल्पनिक समस्या र उनीहरूको प्रेम-सम्बन्धको पूर्वानुमान स्थापना गरी त्यसैमा मग्न हुन्छे, सविता र पतिको सम्बन्धमा भावनागत मर्मलाई प्रक्रियागत अबोधपनसंग नदाँजी निष्कर्ष निकाल्न खोज्दछे। उसमा परम्परागत मूल्य र मूल्य-प्रणालीले प्रभाव पार्दछ। सायद शान्तिभन्दा निकै शिक्षित र शिक्षितको सम्पर्कबाट बहिर्मुखी बनेकी बहिनी सविताको निभीक र खुलस्त व्यवहारको बढी परम्परागत अर्थ शान्तिले लगाएकी छ।

शान्तिले गोपीनाथ सालीसित सल्किएको शङ्का गर्ने ठाउँ भने छैन। गोपीनाथले शान्तिको सौन्दर्य, यौवन, आनी–बानीको कहीं नकारात्मक टिप्पणी गरेको छैन, शान्तिको कुरा नसुनेको छैन, शान्तिलाई छलेर कहीं हिड्ने गरेको छैन, केटी साथी बटुली शान्तिलाई हियाउने गरेको छैन। सविताको प्रशंसा सम्म गरेको छैन, वास्तवमा गोपीनाथमा पत्नीपीडकको कुनै लक्षण छैन भने शान्तिको शङ्काले नयाँ सन्दर्भमा अर्थ पाउँदैन, खलि परम्परागत मूल्य–प्रणालीले मात्र अर्थ दिन्छ– सालीले भिनाजुसँग अदब राख्नु पर्दछ, एक्लै भेट्नु हुन्न, हाँस्नु हुन्न, नाम लिन परे दिदीको हस्ते लिनु पर्दथ्यो आदि। सविताले यी सीमा यौनलिप्साले होइन, मानवीय उदारताले तोडिदिई। शान्तिले शङ्का गर्न थाली। उसका शङ्काको कसैले खण्डन गरेन अनि भित्र–भित्रै जल्न थाली, ईर्ष्या र प्रतिशोध पनि राख्न थाली। झलक्क हेर्दा के लाग्छ भने सविता जस्तै तरुनी भएर फेरि भोगिने रहर शान्तिमा छ, शान्ति सविताको उमेरमा हुँदा कहीं गोपीनाथको काम–पराक्रमबाट तृप्त थिइन कि भन्ने देखिन्छ र त्यही अतृप्त यौन कामना सविताको बैंसमा आरोपित शारीरिक पुनर्भोगको मानसिक इच्छा राख्तछे, जुन सम्भव भने छैन। यसैले ऊ स्वभावतः सविताप्रति असन्तुष्ट र ईर्ष्यालु बन्न पुग्दछे।

:५:

सवितामा शान्तिको भन्दा बढी यौन ऊर्वरताको अनुमान भने गर्न सकिन्छ। उसलाई दिदी शान्तिले गोपीनाथको मैथुन कला, आफ्नो प्रथम सम्भोग र सम्भोग–शृङ्खलाको अनुभव, गुप्ताङ्गको यौन–पूर्व र यौन सम्बन्धोत्तर स्थिति आदिको वर्णन गरी लोभ्याएकी हुन सक्तछे र उसको यस्तो कुराना सविताको मन बुझने र गोपीनाथ प्रतिको भावना खुस्काउन नारी–सुलभ रकमी प्रवृत्ति वा चतुरता क्रियाशील भएको हुन्छ। अर्को कुरा सविताले खुस्काएर होस् वा

।

यत्तिकै अनुमानको भरमा होस् शान्तिले सविताको यौनाङ्ग र संभोगको इच्छा बारे कुरा गरेकी हुनसक्तछे । यस कुरा गराइबाट शान्तिले गोपीनाथको सविताप्रतिको झुकाउको डिग्री पत्ता लाउन सक्तछे । सविता र गोपीनाथको परस्पर आकर्षणको डिग्री नापे पछि उसले आफ्नो रणनीति तयार गर्न र स्थितिलाई पुनः स्थापित गर्न सक्तछे । यसरी हेर्दा शान्तिको मर्माहत हुँदै गएको, ईर्ष्याग्रस्त हुँदै गएको सरलताभित्र मनोभाव बुझ्ने चालवाजी छैन भन्न सकिन्न ।

:६:

गोपीनाथका पक्षमा धेरै बहस गर्न सकिने आधार छन् । सवितालाई सिनेमा हेर्न जाने इच्छा बारे सोधनीसम्म गरे पनि शिष्टाचारको सीमा नाघेको छैन । शान्तिलाई छलेर, शान्ति विरामी भएको वेला छोपेर जान खोजेको छैन । सिनेमा हेर्न जाने लहड चलेको शान्ति पछि लाग्ने र सवितालाई मात्र छाडेर जान नमिल्ने र सविता पाहुना समेत भएर बसेकीले एक पटक सोधेर निधो गर्नु बेस हुनाले वा शान्तिलाई सविताले तताउन सक्ने हुनाले भनेको सम्म हो । शङ्का गर्नु पर्ने खास कारण छैन । गोपीनाथ सवितालाई छलस्पर्श गर्दैन, चौर्य–रतिको चाँजो मिलाउने चेष्टा रतिभर गर्दैन, प्रदर्शनीको घुइँचोमा बहाना बनाई बनाई सविताका अवयवमा सघन स्पर्श गर्दैन, प्रदर्शनीमा अरू युवतिका कुरा गरी ईख्याउँदैन, जहिले पनि शान्तिपट्टिभन्दा सवितापट्टि टाँस्सिएर हिड्दैन नत सविता गोपीनाथसंग यसो गर्दछे । यस परिस्थितिमा सविताले यौनको गन्ध शान्तिको घरमा फैलाएको मान्न सकिन्न र गोपीनाथले पनि शान्तिलाई लत्याएर सवितालाई यौनेच्छाले पछ्याएको पनि मान्न सकिन्न ।

:७:

कथाका पात्रहरू बौद्धिक नियन्त्रणको सीमाभित्र छन् । गोपीनाथमा दिदी शान्तिको शरीर र सौन्दर्यप्रति पूर्ण वितृष्णा छैन, सवितासित एकान्तवास गर्ने वा एकलासमा भेट्ने नितान्त तृष्णा पनि छैन । एकान्त भेटको तृष्णाले कोही पनि सुकेको छैन । सबै

जना सम्बन्धको स्तर र समाजका मर्यादा भित्र छन् अर्थात् उनीहरूले बौद्धिक नियन्त्रण गुमाएका छैनन् । यौन उत्तेजनाका चरम क्षणको सबभन्दा ठूलो लक्षण कामान्धताको चरमताले सम्बन्ध र सीमा बाहिर गई संवेगमा निर्णय हुन पुग्दछ । वैध कर्म र कामान्धताको उग्रता बीच दौत्य सम्बन्ध हुँदैन, दैत्य– आक्रमण हुन्छ, आँधीको चपलता हुन्छ । तर आलोच्य कथामा धैर्य, संयम र अनुशासन एक पटक पनि कमजोर भएको छैन । खासगरी गोपीनाथको पौरुषले सविताप्रति लिप्सा देखाएकै छैन, गोपीनाथ वीर्यपातको निम्ति सविताको योनिमा नितान्त लिप्सु किन छैन, त्यसको जवाफ मनोविज्ञानले भन्दा नीतिशास्त्रले र समाजको प्रचलित परम्पराले दिन्छ, दिने स्थितिसम्म मात्र कथा अगाडि बढेको छ । यसै अर्थमा यो कथा यौन प्रधान कथा होइन, बौद्धिक नियन्त्रण र सीमाले घेरिएको स्थूल सामाजिक चरित्रकै मूर्त कथा हो । कथाको सामाजिकतालाई यौन आशंकाले अगाडि बढाएको छ, यौन अभीप्साले होइन, यौन उत्तेजना र पीडाले होइन ।

:८:

यौन–व्यभिचार र संभोगेच्छाको उग्रतालाई समर्पणको चरणमा पुऱ्याउन पात्रहरूमा तन्मयताको स्तर ज्यादै माथि हुनुपर्दछ । सविताले 'स्वेटर' नापेर मात्र पुग्दैन, 'स्वेटर' कै भिनाजु बनाउनु पर्दछ । शान्ति पनि सुइटर नापेकोमा आँखा चिम्लेर शङ्का सम्म गर्दछे, सौता नै संझेर भुत्ल्याउँदिनँ उसमा प्रतिशोधको चरमता नै छैन, सम्भाव्य कल्पनाका प्राग्धारणाहरू छन् । त्यत्ति हो । गोपीनाथले सविताको पार्थिव योनिमार्फत काम–तृप्ति नलिएको वा नदिएको मात्र होइन, कामासक्त जोडीको मैथुनक्षणको ऊष्णता र आतुरता समेत प्रदर्शित गरेको छैन र शान्तिमा पनि यौन अपराधी प्रति वा सम्भाव्य सौता तथा बहिनी सौता भएर

आउँदा हुने सामाजिक बदनामीका डरले उब्जने प्रतिशोधको क्रियात्मक स्तरको भावना छैन, त्यस्तो भावनाको तीव्रता त कता! हो कता ! यस स्थितिको विश्लेषण गर्दा गोपीनाथ र सविताको रागात्मक सम्बन्ध कुनै प्रकारले पनि गाढा छैन, साली–भिनाजुको नाता, ममता र स्नेह मात्र छ, विपरीत लिङ्गका पात्रमा हुने निरंकुश आकर्षण छँदै छैन । बहिनीप्रतिको स्नेह सौताको भयमा परिणत हुँदै जाँदा उत्पन्न हुने र क्रमशः विकसित हुने आशंका, घृणा र विद्वेषले हानिकारक परिणाम निकालेको पनि छैन । यौन–ईर्ष्या, यौन–प्रतिशोध र यौनलिप्सा मृत्युसम्मका हानिकारक र अकल्पित दुष्परिणामका कारण बन्दछन् । यस कथामा त्यस्तो केही छैन । भाषिक प्रयोगको विश्लेषण गर्नेले पनि प्रेमातुरता–जनित सम्भोग–कामी जोडीको अनौपचारिक स्तर त्यसले प्राप्त गरेको छैन, शैली टुटेको र संकेतात्मक छैन । यौन संवेगको तीव्रतामा भाषाको अनौपचारिकता र बोलाइमा भग्न–क्रम तथा शैलीमा निजीपन अर्थात् नितान्त असर्वजनीन सम्प्रेषणीयता रहन्छ । यस कथामा यो पक्ष पटक्कै आएको छैन ।

:९:

म उक्त कथा एक पटक पढिसकेर, आफ्नो पूर्व प्रभावलाई उक्त प्रकारले केलाउँछु र भिनाजु गोपीनाथका लागि बुनिएको सुइटरमा साली सविताको यौन गन्ध ग्रहण गर्न खोज्दछु । सायद गोपीनाथ र सविताप्रति मेरो अनुरागले हो वा शान्तिप्रतिको तटस्थताले हो वा पात्रहरूका पारस्परिक स्थितिप्रति यथार्थवादी भएर हो गोपीनाथ भिनाजुको सुइटरमा सविता संगको यौनगन्ध केही अनुभव गर्न सकिनं, बरू यौनगन्धसित तर्सीएकी शान्तिको अमनस्ताकिक आशङ्का पाएँ, शान्ति स्वयं गोपीनाथमा सम्मोहनास्थ छोडेर सविताबाट विमुख गराउन खोज्दछे, जुन आवश्यक छैन। तैपनि

नेपाली समाजमा सौता हाल्ने पुरुषप्रधान पारिवारिक रचना लोकप्रिय नै रहेकाले शान्तिलाई शङ्का लाग्यो र कारण खोज्दै भिनाजुको सुइटरमा सालीको गन्ध खोजी, सीपको चिनो र भिनाजुले असल साली संझदा हुने यौनपक्ष बाहेकका फाइदातर्फ केही संझिन। यथार्थमा यहाँ सविताको सीप र सम्मानभावनाको आदर भएको छैन, उसको निश्छल चपलताको आतिथ्य भएको छैन। यसको परिणाम निर्जीव सुइटरमा यौनको असम्भव गन्ध आएको हो, त्यसबाट शान्ति सबभन्दा बढी डराएकी छे, कुन्नि किन हो। वस्तुशिल्प र प्रस्तुतिको समन्वयले कथा रोचक र प्रायः प्रभावकारी भनिन्छ। यसको आन्तरिक कथा मेरो पढाइले उपर्युक्त बमोजिम ठह-याउँछ, कथा घोषणको, प्रभाव सविताहरूको, पढाइ मेरो, यहाँ कहीं भेद पो परेको छ कि, फेरि पनि सोच्न सकिन्छ !



---

"सुकुमवासी, भूतपूर्व सैनिक, तल्ला स्तरका कर्मचारी तथा किसानहरूले राम्ररी दुई छाक खान पाउन्। तिनीहरूले एउटा छाहारी मुनि बस्न पाउन्। केटाकेटीले पढ्न पाउन्। औषधि उपचारको व्यवस्था होस्। हामीहरूलाई अहिले ठूला ठूला महत्व र हवाइजहाज चाहिएको छैन। यति चाहिं चाहिएको छ-सबैले पेट भरी खान पाउन्, लाउन पाउन्, पढ्न पाउन्, त्यही हो प्रजातन्त्र"

-- महामानव बी० पी०

---

# जिद्दी

—ईश्वरवल्लभ

काकाकुलले
पानी माग्यो होला,
किनभने वर्षाको याम वाढी बिना विल्नुहुँदैन
सुनेको हुँ,
धूलिधूसरित भएको थियो पंछी
उसका चञ्चुमा लालसाको तन्तु अल्झेको थियो
दूरन्तदेखिन् उसले अभिलाषा ल्याएको थियो ।
निर्माण हुनु नै छ,
जसले विरोध गरे पनि
आँधी र हुरी आए पनि
उसले काकाकुललाई सोधेको थियो,
के तिमीले जल पियौ ?
मेरो मुखमा तन्तु छ, म जल पिउन सक्दिनँ पहिले
तिर्खा छ,
थकाइ छ, निर्माण गर्ने अझै लालसा छ,
फेरि काकाकुलले उसलाई भन्यो—'हे पंछी ! .
म नदीमा बगेको छु
तर नदीको पानी खाँदिन,
मेघ पर्खिन्छु ।'



# देवकोटा र यात्री कविता

—विनोद अधिकारी

देवकोटा नेपाली साहित्यका पूर्णचन्द्र हुन् । अजस्र वाग्धाराहरू प्रवाहित गरेर नेपाली साहित्यको भूमिलाई उनले जसरी सिञ्चन गरे, त्यसरी नै सिञ्चन गर्न अरू कसैले सकेन । उनी सहज कवि थिए । उनको काव्यसरिता यसरी नै बहन्थ्यो जसरी उन्नत हिमचुलीबाट असंख्य झरनाहरू वेजोड प्रवाह लिएर बग्दछन् । उनको अथाह वाग्वैभव कतै कविता बनेर त कतै काव्य बनेर कतै निवन्ध बनेर त कतै कथा, उपन्यास र नाटक बनेर पोखिन्थ्यो । यसरी नेपाली साहित्यका सम्पूर्ण विधामा कलम दौडाउने महाकविले ५० वर्षको छोटो जोवनकाल भित्रै आधा दर्जन जति महाकाव्य, थुप्रै खण्डकाव्य, थुप्रै निबन्धका साथै कथा, उपन्यास आदिको पनि संरचना गरेर नेपाली साहित्यलाई धनी बनाए । राणाहरूको अत्यन्त संकीर्ण शासन र आफ्नो पारिवारिक अस्तव्यस्तताको बावजुद पनि तन, मन धन लगाएर साहित्यको सेवा गर्ने देवकोटाको जति प्रशंसा गरे पनि थोरै नै हुन्छ ।

वर्षाको पानीले गलेर पृथ्वीबाट निस्केको भुल्भुले मूल झैं ससर्ती भावना बहाइरहन सक्ने देवकोटाले दश दिनमा विशालकाय

महाकाव्य र एकै रातमा खण्डकाव्यको संरचना गरेर सच्चा आशुकवित्वको परिचय दिएका छन् । रोकिँदै नरोकिई दौडन सक्ने उनको कलमले कविता र काव्यको नाममा केवल शब्दको संग्रहमात्र गरेको होइन अपितु सबल साहित्यको परिचय पनि प्रस्तुत गरेको छ । के काव्य, के कविता उनका जुनसुकै कृतिमा पनि यौटा न यौटा आदर्श प्रतिबिम्बित हुन्छ । उनी आफ्नो रचनाको माध्यमबाट सामाजिक विकृति र विसङ्गतिको उद्घाटन गरिदिन्छन् र सुधारको चेत् समेत भरि दिन्छन् । एकातिर कोमल भावना र काल्पनिकताले उनका कविता सिङ्गारिएका हुन्छन् भने अर्कातिर ती रचनाले यौटा कुनै वास्तविकताको सुस्पष्ट चित्र उतार्दछन् । उनका यस्तै खाले थुप्रै रचना मध्ये 'यात्री' कविता पनि एक हो ।

'यात्री' कविता देवकोटाको भावना, कोमलता र वास्तविकता आदि सम्पूर्ण पक्षबाट परिपाक भएको कविता हो । नेपाली साहित्यमा यस कविताको उच्च स्थान छ । देवकोटाको सच्चा कवित्व चेतनाको उद्घाटन यस कविताले गरेको छ । थोरै शब्दभित्र पनि यौटा विराट् आदर्श व्यक्तिन सक्छ भन्ने कुराको परिचय यस कविताले दिएको छ । यस कवितामा कविले ईश्वरभक्ति र मानवीय सेवा सद्भावनाको साँचो नमूना प्रस्तुत गरेका छन् । ईश्वरको वास्तविक पूजा गर्ने नियत नभै केवल लोकलाई देखाउने नियतले गरीब गुरुवाको काँधमा चढेर मन्दिरतिर लम्किने आडम्बरी स्वाँठहरूलाई देवकोटाले सच्चा ईश्वरभक्तिको पाठ यस कबिताबाट सिकाएका छन् । ईश्वर हातले छोएर र आँखाले हेरेर सजिलै अनुभव गर्न सकिने वस्तु नभएकोले भावनात्मक भक्ति नै ईश्वरीय चेतना प्राप्तिको प्रथम बाटो हो-देवकोटा भन्छन् । ईश्वर सबैको प्रेम चाहन्छन् कसैको पूजा, होइन । ईश्वर कहाँ छन् ? को हुन् ? र कसरी खुशी हुन्छन् ?

भन्ने यथार्थतालाई राम्ररी नबुझी व्यर्थमा मन्दिरतिर धाउनु देवकोटाको अर्थमा केवल स्वाँग हो र प्रस्तुत कविताको व्यङ्ग्यात्मक वास्तविकता पनि त्यही नै हो।

जताततै ईश्वर छ भन्ने भावनाबाट प्रभावित देवकोटा प्रत्येक जीवात्मामा ईश्वरको प्रतिबिम्ब पाउँछन्। आत्मा अजर, अमर, अविनाशी भएकोले आत्मा नै ईश्वर हो भन्ने आध्यात्मिक मर्मलाई देवकोटाले राम्ररी बुझेको पाइन्छ। अत एव कविताका प्रथम चरणमा उनी मानिसको सिङ्गो शरीरलाई नै मन्दिरको रूपमा स्वीकार्दछन्। उनको भनाईमा मानिसको मस्तिष्क नै शरीररूपी मन्दिरको छाना हो र त्यसभित्र रहेको चेतना त्यसको ताज हो अथवा गजुर हो। यही मन्दिरभित्र मनको सुन्दर सिंहासन छ र त्यहीं नै प्रभुले निवास गर्नुहुन्छ। यसरी मानिसको शरीरलाई नै योटा पवित्र मन्दिरको रूपमा ऊपस्थापित गरी आत्माको अमरतालाई गाएर एकातिर देवकोटाले शास्त्रीय चिन्तनको परिपोष गरेका छन् भने अर्कातिर मानवीय चेतना र मानवीय मूल्यको कदर गरेका छन्। कतिपय ईश्वरीय गुणहरू मानवभित्रै रहने हुनाले मानव शरीर नै योटा ईश्वरीय अंश हो भन्ने देवकोटाको तथ्य अध्यात्मिक र भौतिक दुवै पक्षबाट नजीक छ / चेतना नै मानिसको सबभन्दा महत्वपूर्ण कुरा हो / यसले शरीरलाई माध्यम बनाएर मात्र आफ्नो कर्म सिद्ध गर्दछ, त्यसैले शरीर र चेतनाको अन्तर सम्बन्ध हुन्छ। शरीर र चेतनाको यही सम्बन्धलाई नै देवकोटाले सुहाउँदो तरीकाले मन्दिर र गजुरको रूपमा देखाएका छन्, अनि त्यसभित्र रहने अज्ञ बिशुद्ध आत्मिक चेतनाको शाश्वततालाई ईश्वरको रूप दिएका छन्। जसलाई चिन्न बुझ्न भित्री आँखा पनि खोलिनु पर्दछ। यसरी यी पंक्ति भित्र देवकोटाको सिङ्गो दर्शन लुकेको छ।

यात्री कविताको दोस्रो चरणमा परोपकार तथा समस्त प्राणीहरूको कल्याण गर्नु नै ईश्वर–भक्ति अथवा मानवीय धर्म हो भन्ने पक्षमा देवकोटाले राम्ररी वकालत गरेका छन् । प्राणी भएर प्राणीको कल्याण गर्नु अथवा मानव भएर मानवको कल्याण गर्नु सबैको नैसर्गिक दायित्व हो । संसार एक अर्काको सहयोग र सद्भावनामा जीवित रहन सक्छ । आफ्नो निजी स्वार्थको संकीर्णतामा साँगुरिएर न त ईश्वर खुशी हुन्छन् न त मानवीय दायित्व नै पूरा हुन्छ । त्यसैले प्रत्येक दीनहीनहरूको सेवा गर्नु, सबैको दुःखसुखमा सहभागी बन्नु, सबैको ढुकढुकी छामेर समुचित सहानुभूति दिनुपर्छ भन्ने देवकोटाको धारणा छ । जुन धारणाले एकातिर "परोपकार पुण्याय" "सेवा हि परमो धर्मः" भन्ने अध्यात्मिक चिन्तनको मर्मलाई खोतलेको छ भने अर्कोतिर मानवीय मूल्य र मानवीय अस्तित्वको जगेर्ना गर्नुपर्छ भन्ने भौतिक पक्षलाई यसले समेटेको छ । आज विभिन्न धर्मको नाममा र मानव मूल्यको जगेर्ना गर्ने नाममा संसारका कैयौ सम्पत्ति खर्च भइरहेको छ र पनि कति मानिसहरू भोकभोकै पिल्सिएर मरेका छन् । आध्यात्मिक चिन्तकहरूले ईश्वरभक्तिको मूलमर्म नबुझ्नु र भौतिक युगका उपासकहरूले मानवीय मूल्यप्रति उपहास गर्नु, अनादर गर्नु यसको मूल मर्म हो भन्ने तथ्यलाई देवकोटाले राम्ररी बुझेको देखिन्छ । अतएव उनी सच्चा ईश्वरका उपासकहरूलाई दीन दुःखीहरूको चहराइरहेको घाउमा मलम लगाउन आव्हान गर्दछन् । अथाह मानवीय भावनाले द्रवीभूत देवकोटाको हृदय जहिले पनि दीनदुःखीको चिन्तनमा बितेको थियो भन्ने कुरा अन्तिमका यी अभिव्यक्तिले पुष्ट पार्दछन् । "पूर्व जन्मको पापले मानिसले दुःख पाउने हो, त्यसैले त्यस्ता पातकीहरूको सेवा गर्न हुन्न" भन्ने पण्डित भनाउंदा आडम्बरी अबुझहरूलाई "बोल्दछ ईश्वर मानिसहरूको पीडा दुःखको गानामा' जस्ता सुललित र मार्मिक भावनाबाट ठाडो चुनौती दिएका छन्–देवकोटाले । देवकोटाको यो मानवतावादी

भावना त्यतिकै जीवन्त र दीर्घायु छ जत्तिको जीवन्त र दीर्घायु मानवात्मा अनि सृष्टि छ ।

भौतिक र आध्यात्मिक अवधारणा वा चिन्तनको दोसाँधमा वसेर यसरी निश्छल अभिव्यञ्जना दिन जो कोहीको कलमले सकेको छैन र सकोइन पनि । परन्तु देवकोटाले यौटा कवितामै समग्र भाव ओकल्न सके । यस प्रसङ्गमा उनी कति महान् छन् र उनको यो चिन्तन कति महान् छ त्यो त मर्मज्ञहरूले मात्र बुझ्न सक्लान् । अन्ततोगत्वा के भन्न सकिन्छ भने देवकोटाको यौटै यात्री कविता पूर्वीय र पाश्चात्य जीवन दर्शनको सुन्दर वेनी हो, जहाँ पूर्वी र पश्चिमी मान्यताका भाव र भावनाहरू अनि दुःख–दुखेसाहरू यौटै मूल प्रवाह बनेर वहन पुगेका छन् ।



मलाई सवभन्दा ठूलो दिलचश्पी गाउँको छ, हाम्रो नेपाल गाउँको नेपाल हो । हामी नेपाली गाउँ वासी हौं । चाहे पहाडका नेपाली हुन्, चाहे तराइका या काठमाडौंका हुन् । त्यसैले हाम्रो नेपाल गाउँमा वस्छ । बजारमा शहरमा र ठूला ठूला दरबार या अट्टालिकामा वस्दैन । त्यसो हुनाले ग्रामिण जनता गाउँवासी जो धूलामा वस्छ, मिहेनत गर्छ, तिनीहरूको भलाई कसरी हुन्छ यो नियतले आएको सम्विधान भए मलाई शिरोधार्य छ ।

–जननेता वी. पी कोइराला

# कालरात्रि !

प्रा० –भरत राज पन्त

साहित्याचार्य, एम. ए.

(चामर छन्द)

अन्धकार साम्मसुम्म गुम्म धुम्म बादल
सिल्ल फिल्ल भिल्ल जिल्ल चंचला छ चंचल
सुंय्य हुरं हुरिंदो हुरी लखेट्छ पत्कर
कालरात्रिकै छटा खडा भयो भयङ्कर

१

डयांग डयांग् चटयांगकोछ पड्कने भुशुण्डिका
झाँग झुंग केश राशि कड्कने प्रचण्डिका
कूर्च बीज 'हुँ' छ घुम्छ उफ्रियो कएलिका
क्रान्ति निम्ति कालरात्रि चंकियो कपालिका

२

चंड मुंड झुंड रुंड मुंड मालिका
रक्त बीज चाम्म चुम्म क्ताम्म झुम्म कालिका
चंचमाउ चन्द्र हास चारतर्फ चण्डिका
क्रान्ति गर्न कालरात्रि लम्क रक्त दन्तिका

३

डिडिमे डिमी डिमी त्रिशूल घुम्छ हातको
चाट्ट चुट्ट ट्रिन्न टुन्न चल्छ वृष्टि–पातको
क्रान्ति भूमि माथि बग्छ रक्त धार भल्भल
काल रात्रिको चिराग बल्छ धिप्प फल्फल

४

मग्न मस्त नग्न नृत्य चल्छ रौद्र ताण्डव
अग्नि बल्छ मुस्लिएर खाक पार्छ खाण्डव
मात्तिएर आइलाग्छ शुम्भ रे ! निशुम्भ रे !
काल रात्रि फोरिद्यौ समस्त लोभ कुम्भ रे !

५

खल्बली कल्यांग् बल्यांग् छ रात किन्तु नीरव
गर्जिएर जाइ लाग्छ वीर–भद्र भैरव
दक्ष यज्ञ पर्व गर्व खर्व पार्छ गौरव
क्रान्तिबाट काल रात्रि ! शान्ति छाइ द्यौ अब

६



---

"प्रजातन्त्र जसका लागि विष हुन्छ, उसले मात्र प्रजातन्त्रको संघर्षलाई अराष्ट्रिय आन्दोलन भन्दछ ।"

--जनायक वी० पी० कोइराला

---

# संस्कृत भाषा र नेपाल

—मोदनाथ खनाल

तमसोमा ज्योतिर्गमय, मृत्योर्माऽमृतं गमय, असतोमा सद्गमय, वसुधैव कुटुम्बकं, नास्ति धर्मोदयापरः, जस्ता अमृत आदर्श वाणी बोकेको संस्कृत वाङमय मानव जातिको बौद्धिक नैतिक तथा चारित्रिक परिष्कारको लागि अति आवश्यक अनिवार्यता हो। पराःपूर्व कालदेखि देवभाषाको रूपमा प्रचलित हुंदै वेद वेदाङ्ग, उपनिषद, गीता, तथा ऋषिमुनिहरूको भाषाको रूपमा प्रयोग भएर प्राचीन इतिहासको वैशिष्टयलाई संस्कृत भाषाले सुरक्षित बनाएको कुरा स्पष्ट छ। हिन्दू सनातन संस्कृतिको मूल श्रोत संस्कृत वाङमय मानवीय उत्कर्षको लागि अनि विश्व बन्धुत्वको समुद्घोष गर्दै शान्ति र स्थिरता कायम राख्न पनि पूर्णतः सफल भएको कुरामा एकमत नै छ। मानव जातिको उत्थानको प्रारम्भ देखि नै संस्कृत भाषा प्रयोग भई मानवको अस्तित्व अनि नैतिक र चरित्रिक फूलवारीको संरक्षण र संवर्द्धन गरेर मानव भविष्यको गतिशीलता अघि बढदै आएको हो। मानव मानव बीच समन्वय र सान्निध्य सम्पर्कको परिवेश सिर्जना भएपछि विश्वमा स्थायित्व कायम हुन थाल्यो। एक-अर्का बीच सहयोग र स्नेह जस्ता भावनाहरूको विकास हुंदै सामाजिक बौद्धिकताको विस्तार हुन थाल्यो। अनि मानवमा शनैः शनैः चेतनशीलता र बौद्धिक उन्मेष पनि देखिन थाल्यो। मानवको मस्त-

ष्कमा अद्भूत चैतन्यको आधिक्यले गर्दा विकास हुन बेर लागेन। यसरी संस्कृत वाङमयको माध्यमबाट क्रमशः मानवको विकास भई आजको स्थितिमा आइपुग्न सफल भएको कुरा स्पष्ट छ। संस्कृत भाषा सामान्य बोलीचालीको रूपमा मात्र सीमित नभई महत्वपूर्ण मार्ग दर्शनहरूको लेखोटको रूपमा प्रयोग भएको पाइन्छ। "स्वदेशो भुवन त्रयम्" अर्थात तीनै लोक स्वदेशै हो भन्ने जस्ता प्रतिवादी आदर्शको फाँचो संस्कृत वाङमयमा रहेको देखिन्छ। अनैतिक कु-कार्य र दुराचारीपूर्ण कार्यको बन्धन स्वरूप प्रतिपादित धर्मको सैद्धान्तिक र व्यवहारिक आदर्शहरू पनि संस्कृत वाङमयले वताएको छ। यद्यपि आजभोलि मानव समाजमा धार्मिक चिन्तनको क्रमशः लोप हुदै गएको देखिन्छ। धर्मको अति उत्तम आदर्शलाई अवलम्बन गर्न नजानी धर्म भ्रष्ट हुनु मानवताको दुर्भाग्य हो, विडम्बना हो। मानवको नैतिक तथा चारित्रिक आचरणमा कीरा लाग्न नदिनको लागि धर्मको प्रतिपादन गरिएको हो। धर्म भनेको मूक मूर्तिको उपासना हैन। धर्म एउटा व्यापक शब्द हो, जसमा विज्ञान, दर्शन र धर्म (Religion) तीनैवटा विषयहरूको समन्वय छ। विज्ञानबाट भौतिक प्रगति हुन्छ, धर्मबाट नैतिक उन्नति तथा दर्शनबाट आत्मज्ञानको उद्बोधन हुन्छ,। "धाएयतीति धर्मं" अर्थात जसवाट धारण हुन्छ त्यो धर्म हो। अभ्युदय र निःश्रेय, लौकिक समुन्नति र लोकोत्तर मुक्ति (मरणोपरान्त) दुबै धर्मका अंग हुन्।

जबसम्म समाजमा संस्कृत भाषाको पूर्णतः प्रभाव रहिराखेको थियो, त्यतिबेला सम्म धार्मिक तथा वर्गीय भेदभाव थिएन। ईश्वरको अनन्त धर्मको सुगन्धित पुष्पोद्यानवाट पुष्प गुच्छाहरू सञ्चयन गरी सत्य र पवित्र प्रेमको सूत्रमा गुथिएको अनुपम वैजयन्ती मालामा सम्पूर्ण मानवीय भावनाहरू एकत्रित भएको थियो। परन्तु आज मानव मानव बीच ईर्ष्या र कलहको कु-भावना सिर्जना भएको

देखिन्छ। सभ्यताको दुरूपयोग गरी उत्पादित साधनहरूको वाइहयात्मा विनाशकारी प्रयोगतिर खर्च गर्ने प्रवृत्तिले मानव समाजको वास्तविक चेहरालाई अन्धानुकरण तथा वाह्याडम्बरको रूग्णताले आक्रमण गरेको पाइन्छ। आध्यात्मिक चिन्तनलाई चटक्कै त्यागेर भौतिकवादको अन्धभक्त हुंदैमा आधुनिक तथा सभ्य बन्न सकिंदैन। आधुनिक भौतिकवादी विज्ञान त केवल संस्कृत वाङमयमा उल्लेखित सिद्धान्तको नक्कल मात्रै हो भन्दा अत्युक्ति हुंदैन। यद्यपि संस्कृत वाङमय भौतिकवादको विरोधी हैन। बरू आजको अत्याधुनिक भौतिकवादको जननी हो। यो वाङमय युगको नै जेठो र विधाता हो भने अरू सम्पूर्ण भाषा तथा वाङमयहरू संस्कृत भाषाकै आडमा विकसित हुंदै आएका हुन्। संस्कृत भाषाको पालन-पोषणले हुर्किएका अन्य भाषाहरूले आज संस्कृत भाषा संग नै सिंगौरी खेल्नु त केवल हास्यास्पद कुरा मात्र हो। यस अर्थले आज विकृत रूपमा कथित विकसित युगको पथ भ्रष्टता तथा विश्व बन्धुत्व र मानव मानव बीच हुनुपर्ने सान्निध्यताको उपहास गरेर अरु उल्टै कलह मात्रै उब्जाई युद्धको लागि तँछाड मछाड गर्ने दुर्बुद्धिपूर्ण भौतिकवादी उन्नतिले मानव समाजको संरक्षण गर्न कदापि समर्थ हुने छैन। विनाशकारी वस्तुको आविष्कारमा उछिनपाछिन गरेर विश्वलाईयुद्धको संघारमा उभ्याउने दुष्प्रयासले गर्दा संस्कृत वाङमयको अति मानवतावादी आदर्शले मानव समाजको कल्याण गर्ने मौका पाइराखेको छैन। धार्मिक कलह, भौगोलिक कलह तथा विभिन्न वर्गीय विभेदहरू निकालेर धर्तीलाई नै उछित्तो पार्ने आपत्तिजनक कार्यले गर्दा युगको आयुमा नै लघुता सिर्जना हुने संभावना दरिलो छ। यसरी आफूले आफ्नै विनाश गर्नु के अत्याधुनिक भौतिकवादको प्रशंसनीय उन्नतिको चरमोत्कर्ष हो त ?

संभावित युद्ध विभिषिकाको तूफानबाट धर्तीको सुरक्षा गर्नु हाम्रो परं दायित्व हुन आएको छ। विश्वमा सञ्चालित 'मूढे राजनीति तथा अधिनायकवाद, तानाशाहवाद जस्ता मानव विरोधी क्रियाकलापहरू विश्वमा अहिले केही हदसम्म समाप्त भएपनि जरै-समेत विनाश चाहि भएको छैन। जसले गर्दा विश्वमा शान्ति कायम होला भनेर भन्न सकिदैन। हाम्रै देशको सान्दर्भिक परिप्रेक्ष्यलाई दृष्टिगत गर्दा पनि केही अराजक तत्वहरू सक्रिय हुने र अशान्ति फैलाई सामाजिक विकृति सिर्जना गर्ने कुचेष्टा गरिराखेका छन्। यस्तो स्थितिमा हामी संस्कृत प्रेमी याने शान्ति प्रेमीहरूले संस्कृत भाषालाई विस्तार गर्दै संस्कृत वाङमयको औचित्य र सैद्धान्तिक उपादेयता समाजलाई पिलाउन सक्नु परेको छ। विशेष गरेर संस्कृत वाङमय वा भाषाको रचनात्मक र व्यवहारिक विकासको लागि सम्बन्धित निकायले विशेष ध्यान पुऱ्याउनु पर्दछ, तर अहिले सम्म संस्कृत शिक्षा विकासको लागि कुनै किसिमको प्रभावकारी कदम चालेको देखिएन। संस्कृत शिक्षालाई पनि समयानुकुल बनाउँदै लैजानु पर्दछ। प्राठ्यक्रम समसामयिक र वैज्ञानिक हुनुपर्दछ। संस्कृत भाषाका अध्ययन क्षेत्रहरू जतिसुकै प्राचीनकालिन भएपनि यो भाषा आजको परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक तथा वैज्ञानिक छ। त्यसैले आजका अध्येताहरू आजकै युगका आजकै वातावरणमा जीवन्त भोलिको उज्वल भविष्यका आकांक्षा र उमंग बोकेका अध्ययनशील आधुनिक प्रवृत्तिका विद्यार्थी नै रहने हुदा तिनलाई प्रदान गरिने शिक्षाले पनि आजकै समाजको सान्दर्भिक अपेक्षाहरूको पूर्ति गर्ने खालको हुनुपर्दछ। त्यसैले समष्टिमा हेर्दा संस्कृत क्षेत्रको सबभन्दा अविलम्ब समाधेय समस्या विद्यार्थी वर्गको संस्कृत शिक्षा प्रतिको विराग।

संस्कृत भाषालाई सुगम तथा बोधगम्य बनाई आकर्षक पाठ्यक्रमको निर्माण गर्नु पर्दछ। आजको समयले रूचाएका विषयहरू पनि

ऐच्छिक विषयान्तरगतमा राखेर समुचित प्रवन्ध मिलाउनु आवश्यक छ। प्राविधिक विषयहरू (Technical Subjects) पढ्न चाहनेहरूले संस्कृतको अध्ययन लगायत अन्य विशेष विषयहरू लिएर पढ्दा अझै बढी योग्य तथा परिष्कृत उत्पादन हुन्छ। त्यसकारण अंग्रेजी, गणित लगायत आयुर्वेदिक अध्ययन समेत गर्न पाउनु पर्ने हुन्छ। विशेष गरेर म. सं. वि. ले अधिराज्यका सम्पूर्ण विद्यालयहरूमा एक पेपर (१०० पूर्णाङ्कको) अनिवार्य संस्कृत पाठ्यक्रम राख्ने कदम चाल्नु पर्ने देखिन्छ। जसले गर्दा जुनसुकै विद्यालयबाट (संस्कृतेतरबाट) पढेर आएपनि महेन्द्र संस्कृत विश्वविद्यालयमा सबैले प्रवेश पाउन्। विश्वविद्यालयले अवश्य पनि यस्ता विषयहरूमा सोचेकै छ भन्ने आशा गरिन्छ, तर गतवर्षतिर जसरी विश्वविद्यालयलाई आएको वजेट केही काम नगरी कर्नै पञ्चायती शासकहरू प्रति वफादारी हुनको लागि फिर्ता गर्ने आशा भने गरिदैन। यथा सम्भव अधिकतम वजेट माग गरेर संस्कृत क्षेत्रमा नाटकीय विकास गर्ने कुरामा विश्वास नरहे पनि उल्लेखित आधारभूत वस्तु तथ्यमा भने विश्वविद्यालयले विशेष ध्यान पुऱ्याउने छ भन्ने कुरामा विश्वस्त रहिन्छ।

—प्रस्तु

◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆

म चाहन्छु सबै नेपाली म जस्तै होउन्, बस्ने एक घर होस् जोत्ने एक टुक्रा जमीन होस् दूध दिने एक गाई होस्, औषधि मूलोको समुचित व्यवस्था होस्, केटाकेटीहरूको शिक्षाको उचित प्रबन्ध होस्। यही नै मेरो जीवनको सपना हो। यसलाई प्रजातन्त्र भन्नोस् या समाजवाद्, यी जनताका न्यूनतम आवश्यकता हुन् जसको परिपूर्ति हुनै पर्छ।

—महामानव वी. पी. कोइराला

# रातपछिका दिनहरू

—लक्ष्मणहरि अर्याल

बिसिए हिजोको दिन आए नौला सरासर ।
फक्रिए कोपिला साना फुले बाग भराभर ।।
माली व्यस्त भयो आज झ्याम्म झुम्म हराभरा ।
नवीन ऋतुको प्रीत फले फल लदावदा ।।

दर्शाई प्रतिभा आफ्नो गाउँछे गीत कोइली ।
खेली खेल लुकामारी जान्छे रे फुट्ट म्याउली ।।
भुरूरू उडि गै फुट्ट बोलाई संगिनीहरू ।
मधुर स्वर गुञ्जाई पछ्याए धोबिनी अरू ।।

तुल्बुले रातको चन्द्र घुम्टो आज तं फ्याकिदे ।
स्वर्ण किरणको प्रातः सधैं चाँडै तं आइदे ।
रातो सियूरको भाले डाँको छोडी तं गाइदे ।
नाचिदे हाँसिदे किन्तु कालो पर्दा तँ च्यातिदे ।।

मन्द मुस्कानको हास्य हँसिका सुर सुन्दरी ।
रक्त गुलाफको दृश्य हेर्न व्यस्त छ जुन्किरी ।।
बिहानी पखको चोखो हावा चल्दछ सुस्तरी ।
सेता ती मोतीका दाना शीत भै खस्छ बर्बरी ।।

कुनैमा भावना नौला कुनैमा कर्म नै ठूला
कुनैमा जाँगरै तीक्ष्ण कुनैमा साहसै बडा
आ-आफ्नै तालका मान्छे मान्छे भित्रै यताउता
विश्व ब्रम्हाण्ड योटै छ हराएँ म कताकता ।।

# पछिल्लो दशकका नेपाली कवितामा स्तरीयताको निर्वाह

– ध्रुव भट्टराई

साहित्यका विविध विधामध्ये भाव, भाषा र लयगत विशेषताले गर्दा कविताले पाठक–श्रोतालाई बढी प्रभाव पार्दछ। सामाजिक स्पर्श र युगीन स्वर कथा र उपन्यासमा पनि प्रशस्त हुन्छ तापनि तत्क्षणमै सहृदयीको हृदयलाई आनन्दित पार्न सक्ने विशेष शक्ति चाहिं अरू विधाको तुलनामा कवितामा नै बढी देखिन्छ। विश्ववाङ्मयका प्रायजसो सबै साहित्यको आरम्भ कवितावाट नै हुनुले पनि स्रष्टा र द्रष्टा दुवैको रुचि बढी कवितापट्टि ढल्किएको स्पष्ट हुन्छ। गद्यसाहित्यभन्दा पद्यसाहित्यमा लयात्मकता र साङ्गीतिकता जस्ता कलापरक गुणको सन्निवेश हुनुले गायन र सङ्गीतप्रति आकर्षित हृदयले बढी प्रभाव ग्रहण गर्दछ। वाल्मीकि, व्यास, होमर, सेक्सपियर, कालिदास, सेली, फिरदोसी, भानुभक्त, लेखनाथ, देवकोटा, सम–कसैले पनि आफ्नो प्रतिभालाई गद्यविधामा मात्र प्रवाहित गरेका भए आज तिनको जति मात्रामा प्रसिद्धि छ, सायद त्यति मात्रामा हुने थिएन कि भन्ने प्रश्न उठ्दछ। कलात्मक

शक्ति--सौन्दर्य नभएको शून्य हृदय पनि साहित्यका अरू शाखाभन्दा कवितापट्टि आकर्षित भइरहेको हुन्छ, किनभने कवितास्वादबाट ऊ पनि आनन्दित नै हुन्छ । जे होस् यसरी विश्वसाहित्यकै अग्रपंक्तिमा रहेको भए पनि कवितामा भावको स्तरीयता, सम्प्रेषण–क्षमता र शैली–शिल्पको औचित्यपूर्ण प्रयोग हुन सकेन भने त्यसमा सार्थकता आउन सक्दैन । यसो भन्नुको तात्पर्य के हो भने कवितामा स्तरीय भाव त होस्, तर त्यो बोधगम्य पनि होस् र बोगधम्य भईकन पनि कलापूर्ण ढङ्गमा अभिव्यक्त होस् । कवितामा यस्ता केही अनिवार्य गुण भएनन् भने त्यसलाई वास्तवमा कविता भन्नु नहुने हो ।

नेपाली कवितासाहित्यको इतिहास पनि अब निकै लामो भइसक्यो । ऐतिहासिक दृष्टिले तीन, चार, पाँच–जति काल वा चरणमा विभाजन गरेर हेरे पनि आजसम्म अनेक भाव, विभिन्न स्तर, थरी–थरीका शैली र नयाँ-नयाँ प्रयोगहरू नेपाली कवितामा भइसकेका छन्, हुँदैछन् र होलान् पनि । सामान्यतः तीन कालमा विभाजन गरेर हेर्दा प्राथमिककाल नेपाली कविताको उठान मात्र भएकाले त्यस समयका खास गरी वीरधाराका कविता वाच्यार्थमा नै सीमित रहे । 'साँढ्याको कवित्' शीर्षकको 'साँढ्या' शब्दले निश्चय नै लाक्षणिक अर्थको सङ्केत दिन्छ तापनि त्यस समयका धेरैजसो कविता भावसरलतामै केन्द्रित छन् । भक्तिधाराका कविहरू पनि भावको बौद्धिकतायुक्त प्रयोगका दृष्टिले करीब वीरधाराकै हाराहारीमा देखापर्छन् । माध्यमिक कालीन नेपाली कविता शृङ्गार–समुद्रमा डुबेर होला, बौद्धिक अभिव्यञ्जना र अर्थगाम्भीर्यको उच्चतालाई छुन सक्ने भएनन् । आधुनिक कालमा आएर नेपाली कविताले स्तरीयता र भाव विविधतालाई आफूभित्र समेटेको छ । यस कालका कवितामा सम्प्रेषण–क्षमता र शिल्पसज्जाको अनौठो सुन्दर र नवीन प्रयोग पनि भएको छ । यसरी लेखनाथको आगमनदेखि २०३५–३६

सम्मका नेपाली कविता हरेक दृष्टिले सम्पन्न नै रहेको मान्नुपर्छ। तर २०३५-३६ बाट सुरू भएको नेपाली कविताको वर्तमान दशक (सबभन्दा पछिल्लो चरण) मा प्राथमिक र माध्यमिक काल तथा आधुनिक कालका पूर्ववर्ती चरणहरूमा जम्माजम्मी जति कवि भए, ती भन्दा संख्याका दृष्टिले अत्यधिक नवोदित कविहरूको जन्म भएको भए तापनि ती सबै कविका कवितामा भावाभिव्यक्तिको स्तर र शैलीको उचित परिपालना अपेक्षित रूपमा भएको छ छैन भन्ने कुरो अहिले साहित्यका क्षेत्रमा सबभन्दा ठूलो जिज्ञासाको विषय बनेको छ।

कवि पनि समाजको एक सदस्य भएकाले देशकालपरिस्थिति-बाट मुक्त हुन सक्दैन। देशको राजनैतिक, सामाजिक, सांस्कृतिक परिवर्तनबाट ऊ पनि प्रभावित-लाभान्वित हुनु यसर्थं स्वाभाविक हुन आउँछ। यस मान्यका आधारमा हेर्दा २०३५-३६ सालमा विद्यार्थी-वर्गमा सीमित भए पनि नेपालमा ठूलो आन्दोलन भएको हो जसले राजनैतिक इतिहासमा मोड नै ल्यायो। २००७ साल र २०४६ सालका जनक्रान्तिबाहेक त्यो आन्दोलन पनि कम महत्वको थिएन आन्दोलनको आरम्भदेखि जनमत संग्रहको परिणाम नआउन्जेलसम्म नेपालमा 'सडक कविता क्रान्ति'का नाममा एउटा साहित्यिक आन्दोलन भयो। वृद्धकवि, युवाकवि किशोरकवि, बालकवि- सबै उमेरका कविले सडकमाकविता सुनाए र ताली पनि खाए। त्यो वेला साहित्यिक अभिव्य-क्तिको लागि पञ्चायत कालभरलाई हेर्दा अपेक्षाकृत रूपमा स्वतन्त्रता पनि प्राप्त थियो। त्यस वेला लेखिएका, पढिएका कवितामा स्तरीयता, सम्प्रेषण-क्षमता र शैल्पिक परिष्कार कत्तिको भएको छ ? कुनै व्यवस्था र व्यक्तिको आलोचना र कुनै व्यक्ति र व्यवस्थाको प्रशंसाका दलदलमा फँसेका ती कवितामा उच्च बौद्धिकताको मात्रा कति छ ? के ती क्रान्तिकामनाका नाङ्गा नारा मात्र भएनन् त ?

अथवा के ती विरोध र व्यङ्ग्यका सस्ता पर्चा मात्र भएनन् त ? यस्ता अनेकौं जिज्ञासाहरू छन् ।

यहींनेर एउटा प्रश्न आउन सक्छः क्रान्तिकालीन कविता-साहित्य त्यस्तै त हुन्छ नि; कवि पनि समसामयिकताबाट प्रभावित हुन्छ भनेपछि किन फेरि अरू कुरा उठाउने ? तर यसो भन्दैमा पन्छिन कदापि मिल्दैन । क्रान्तिका कुरा त गोपालप्रसाद रिमालले पनि गरेका छन् । उनको मूल काव्यधर्म नै क्रान्तिचेत, क्रान्तिकामना र क्रान्तिद्वारा परिवर्तन हो । एक्ला रिमालको 'आमाको सपना' को भावस्तर, सम्प्रेषण-शक्ति र अभिव्यक्तिको कला र २०३५-३६ बाट देखिएका सयौं कविका हजारौं कविताको सामूहिक भावस्तर, सम्प्रेषण–शक्ति अभिव्यक्तिको कलामा समानता छ त ? त्यसैले एक–दुइटा कविता प्रसार गर्दैमा, छपाउँदैमा, दुई–चारवटा कविता प्रतियोगितामा भिडिदैमा र अलिअलि पुरस्कार पड्काउँदैमा आफूलाई 'कवि' ठानिदिनु र अरू (समालोचक) ले पनि ती सबैका रचनालाई 'कविता' मानेर प्रशंसा गरिदिनु रिमालप्रति उपेक्षा त हुँदै हो, साथै कविता–कलाकै उपहास पनि हो ।

२०४६ सालमा पनि ठूलो जनआन्दोलन भयो जसको परिणाम-अहिले पूर्ण राजनैतिक परिवर्तन भएको छ । कति कवि–हृदयहरू यस आन्दोलनमा स्वयम् सामेल भए होलान्, कतिले नजिकैबाट यसलाई हेरेका पनि होलान् । तर यी सबैमा एउटा मात्र कवि पनि भोलि रिमाल जस्तै क्रान्तिलाई कलामा ढाल्न सक्ने कवि होला त ? यसपालिको आन्दोलनलाई हेर्दा एउटा मात्र नभएर सयौं रिमाल जन्मनुपर्ने हो, तर रिमाली प्रवृत्तिको सय अंशमा एक अंश मात्र लिएर पनि नेपाली कवितामा कुनै कवि चम्किने हो कि होइन, भावी साहित्यिक इतिहास लेख्नेहरूले चासो राख्ने विषय हो । यसो भएको हुनाले वर्तमान दशकमा जति कवि जन्मे र जति

कविता प्रकाशित भए, तिनको प्रभाव र लोकप्रियता ह्रास हुँदै गएको छ। यस दशकमा निस्केको एउटै पनि कवि-प्रतिभा र काव्यकृति त्यस्तो छैन जसले नेपाली पाठकका हृदयमा दीर्घकालसम्म छाप पारोस् र प्रभावित पारोस्। यति हुँदाहुँदै पनि एकातिर कवि जन्मँदा छन्, कविता निस्कँदा छन् र साहित्यिक प्रतियोगिताहरू हुँदा छन् भने अर्कातिर तिनको स्तर खहरे झैं खस्कँदो छ; शैली बिग्रँदो छ र लोकप्रियता डुब्दो छ। विडम्बना !

सम्प्रेषण-क्षमताका दृष्टिले मात्र हेर्दा पनि यस दशकमा निस्केका कविता दोषमुक्त छैनन्। अलिकति साधना गरिसकेका कविका कविताकै कुरा गर्ने हो भने पनि तिनमा कि त भावको गाम्भीर्य छँदै छैन, भए पनि दुर्बोध छ जुन पूर्णत: मौलिक हुँदा पनि होइन। यस्ता खाले कवितामा दुर्बोधता र मौलिकताको समस्या साथसाथै रहेका छन्। केही कविका कतिपय कविता सम्प्रेषण-क्षमताका दृष्टिले उच्च अवश्य छन् तापनि ती कविताको विषयवस्तु समाजनिरपेक्ष वा अत्याधुनिक राजनीति, मनोविज्ञान, दर्शन र कलाका क्षेत्रमा देखापरेका वादबाट ग्रस्त भएकाले नेपाली पाठकका लागि सम्प्रेषणीय भएर लोकप्रिय बन्न सकेका छैनन्। यी सबै पक्षबाट हेर्दा के निचोड निस्कँदै गएको छ भने यस दशकका कविता सरलतामा भानुभक्तका जस्ता पनि छैनन् र बौद्धिकतामा समका जस्ता पनि छैनन्; परिष्कार-परिमार्जनमा लेखनाथ र सोमनाथका जस्ता पनि छैनन् र भावतीव्रतामा देवकोटाका जस्ता पनि छैनन्। सबै कवि महाकवि नै बन्छन् भन्ने कुरो होइन तापनि सुकविसम्म बन्नको लागि चाहिने आधारभूत काव्यगुणसमेत यस दशकका कविले आफ्ना कवितामा देखाउन सकेका छैनन्। सबैले बुझ्ने गरी भन्दिने हो भने नेपाली कविताको यो दसवर्षे अवधिमा भूसका बोरा त धेरै भए, तर चामल त छँदै छैनन्, कनिका पनि अत्यन्त कम र ती पनि विदेशी चामलका मात्र !

कलागत मूल्य अथवा शैल्पिक चमत्कारका दृष्टिले त यस अवधिका कविता अत्यन्त दयनीय नै छन् । गद्य शैलीमा 'रवड छन्द' को प्रयोग गर्न सकिए पनि वार्णिक मात्रिक छन्दमा लेख्न मन हुनेले तिनको ज्ञान र अभ्यास गर्नु पूर्वावश्यकता हो । छन्दका गण, सङ्केत, यति, आदिको नाम नसुनेका कवि पनि आज कताकति वार्णिक छन्दमा कविता लेख्ने मोह देखाउँदा छन् । आजका साहित्यिक प्रतियोगिताहरूमा कुनै छन्दको लयमा पाठ गर्न खोजे पनि गण–सङ्केतशून्य कविताहरू चाहिएभन्दा बढी नै सुनिने गर्दछन् । कालिदासले "मन्दःकवियशःप्रार्थी गमिष्याम्युपहास्यताम्" भनेर आफूलाई होइन, यस्तै कविलाई सङ्केत गरे झैं लाग्छ ।

गद्य शैलीमा पनि लय हुँदैन भन्ने कुरा हुँदैन । रिमाल, वैरागी काइँला, मोहन कोइराला आदिका कविता गद्यशैलीमा भइकन पनि लयात्मक छन् । तर यस दशकका उपज गद्यकविका कवितामा लयको आइसल्यान्डको सर्प झैं सर्वथा अभाव छ । यस प्रकारका कविलाई पनि 'कवि' नै बोलिदिनु र तिनका बिग्रेका भाषिक पार्टपूर्जालाई पनि 'कविता' नै भनिदिनु कम आश्चर्यको कुरो होइन ।

यी सबै प्रयोगहरूलाई मध्य नजर राख्दै वर्तमान दशकका नेपाली कवितालाई नियाल्दा केही प्रतिभाहरू भविष्यको सुन्दर सङ्केत गर्दछन् तापनि कविसङ्ख्याको तुलनामा अधिकांश कविहरू कविताबारे सैद्धान्तिक ज्ञानको अभाव भएर होस् वा प्रतिभाको शून्यताले गर्दा होस्, कविताका सबै पक्षमा स्तरीयताको निर्वाह गर्न सकिरहेका छैनन् । भावमा स्तरहीनता, सम्प्रेषणमा कृत्रिमता र शैलीमा क्षयोन्मुखी प्रवृत्ति यी कवितामा देखापर्दछ । २०३५–३६ सालभन्दा अगाडि नै नेपाली कवितामा योगदान गरेर नाम कमाइसकेका कविहरूले यस दशकमा लेखेका कविता सबै दृष्टिले

उत्कृष्ट छन् तापनि तिनीहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरेर उत्कृष्ट काव्यकृतिको रचना गर्न नसक्नु यस दशकका कवि र कविताको कम कमजोरी होइन। मौलिकता र आधुनिकताका नाममा कविताका आधारभूत गुणको समावेश गर्न नसकी कृत्रिमतामा वहनु यस दशकका कविताको ठूलो दोष हो, किनभने आफ्ना साहित्यिक पूर्वजहरूबाट शिक्षा लिएर रचिएका कविताहरू पनि मौलिक र अत्याधुनिक हुन सक्दछन्। योभन्दा अगाडि कुनै खास चरणमा कुनै खास प्रवृत्ति र योगदानको आधारमा कुनै खास कवि–प्रतिभा र काव्यकृतिलाई छुट्ट्याइए झैं यस दशकमा कसलाई के को आधारमा छुट्ट्याउने हो, त्यो हेर्न बाँकी नै छ। सङ्ख्यात्मक दृष्टिले समृद्ध भए पनि भावस्तर, सम्प्रेषण र कलाका दृष्टिले नेपाली साहित्यको भावी इतिहासमा यो दशक कतै 'पानी पानी भएको मरूभूमि' (Desert with water everywhere) हुने त होइन भन्ने आशङ्का साहित्यमा अभिरुचि राख्ने सबैमा बढ्दै गएको छ।



विजयादशमीको सुखद उपलक्ष्यमा समस्त ग्राहक महानुभावहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं।




नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

# गजल

– युवराज नयाँघरे

त्यो मुहारमा खुशीको नाम निशाना छैन ।
म देख्दैछु तिम्रो कुनै रहर र चाहना छैन ।

सधैं अन्धकार रातमा वसेर पनि तिमी
मलाई हरदम भन्ने गर्छौ दुःखको ताडना छैन ।

सधैं हुरी आउँछ वादल र वर्षा आउँछ
तिमीलाई जीवनप्रति किन कुनै कामना छैन ।

फूलभित्र पराग हुन्छ परागमा देवता हुन्छ
देवता भएको मन्दिरमा किन पूजा र अर्चना छैन ।

बाँच्नु भन्दा मर्नु नै श्रेयस्कर ठाने मैले
किनभने बाँच्दा पाइने त्यहाँ अवहेलना छैन ।



# खाडी संकट

– जनकराज भट्ट

पाकिस्तानमा प्रजातन्त्रको हत्या हुनु र इराकले कुवेत हड्प्नु आजको संसारको जल्दोबल्दो समस्या हो । यस्ता समस्यातर्फ अमेरिका, रूस जस्ता महाबलीहरूको ध्यान जानु स्वभाविकै छ, तर हाम्रो जस्तो भारे भुरे देशले त्यसमा प्रभावकारी भूमिका निभा– उन सक्ने स्थिति कमै देखिन्छ । त्यसमा पनि यो केटो त यस देशको निरीह नागरिक, यसले त्यस्तो समस्यामा चासो लिएर केही गर्छ भन्नु र हुट्टिटयाउँले आकाश थाम्छु भन्नु एकै हो । तर यहाँनेर एउटा बडो संयोगको कुरा छ, त्यो के भने खाडीमा शुरूदेखि अहिले– सम्म जे जस्तो समस्या आइपरेको छ र त्यसको समाधानतर्फ जे जस्ता उपायहरू प्रयोगमा ल्याइएका छन्, यो केटोलाई पनि अहिले त्यस्तै समस्याले पिरोलेको छ अर्थात् खाडी समस्या र यसको समस्या मिल्दोजुल्दो छ । त्यसैले उस्तै प्रकारका समस्याहरूप्रति चासो राख्नु र तिनको समाधानबारे केही तरीका बनाउनु यसको कर्तव्य हो । फेरि यो केटो एउटा राजनीति शास्त्रको विद्यार्थी पनि भएको नाताले खाडी समस्या र यसको आफ्नै समस्याबारे तयार पारिएको तुलनात्मक दस्तावेज प्रस्तुत गर्न लागिरहेको छ । यहाँ त्यो पूरै

दस्तावेज प्रस्तुत गर्न स्थानाभावले गर्दा अप्ठेरो परेकोले सामान्य दिग्दर्शन मात्र गरिन्छ ।

सर्वप्रथम यहाँ म पाठकहरूलाई विनम्र अनुरोध के गर्छु भने तल प्रस्तुत गर्न लागिएको समस्या एकातिर अलि जटिल र हाम्रो समाजमा अपच हुने खालको छ भने अर्कोतिर यस्तो समस्यालाई जति भित्र राख्यो उति गुम्सिएर कुहिने डरले तुरुन्त बाहिर निकाल्नु पर्ने बाध्यता छ । त्यस्तै आजको यो प्रजातान्त्रिक नेपालमा मान्छेहरूले कस्ता कस्ता घिनलाग्दा समस्याहरू त समाजका अगाडि उतारे भने म यस्तो साधारण समस्यालाई किन प्रकाशमा नल्याऊँ ? भन्ने प्रश्न पनि आफूबाट उठेको र जे परे पनि प्रकाशमा ल्याऊँ भन्ने तीव्र इच्छा पनि आफैंभित्र भएकोले यसले निर्धक्क भएर उक्त समस्यालाई आजको उन्मुक्त समाजका अगाडि ठड्याउन लागेको छ । फेरि यो एक्काइसौं शताब्दीका चेतनशील पाठकहरूले पनि आजको खुल्ला वातावरणमा यस्ता समस्याहरूको स्वतन्त्र चिन्तन गर्नु आवश्यक भएकोले यहाँ प्रस्तुत गर्न लागिएको छ ।

अब गाँठी कुरातर्फ जाऊँ । विश्वको समस्या र मेरो समस्या एकै प्रकारको छ भन्ने कुरा त माथि नै बताइयो । तर यसमा अलिकति फरक के छ भने विश्वको समस्या भूगोल र राजनीतिले बनाएको खाडीमा जाकिएको छ भने मेरो चाहिं बैंसको बिकराल खाडीभित्र फँसेको छ ।

अब त यहाँहरूले यसको समस्याको मूल जरो पक्डनु भयो होला । यदि कुरा बुझेर यसको समस्याको मूल जरो समात्न सक्नु भयो भने तपाईंहरू पनि पूर्ण वा आंशिक रूपमा यस्तै समस्याहरूबाट पीडित हुनुहुन्छ भन्ने बुझिन्छ, जे होस् त्यस तर्फ हामी नजाऔं । यहाँ तपाईंहरू भन्नुहोला तैंले समस्या समाधान गर्ने कुनै

उपाय गरिनस् भनेर । त्यसैले अत्र म त्यसको शुरुदेखि आजसम्म के के भयो सबै बेलिविस्तार गर्दछु ।

इराकले कुवेतमा आक्रमण गरेर उसलाई आफूमा मिलाए-पछि विश्वले जुन समस्याको सामना गर्नु परेको छ, त्यस्तै समस्या मैले पनि अहिले भोग्नु परेको छ । जसरी इराकले कुवेतलाई तेल चोरेको आरोप लगाएर आक्रमण गऱ्यो त्यसैगरी बैंसले पनि मलाई त्यस्तै किसिमको आरोप लगाएर आक्रमण गऱ्यो । तर वास्तवमा मैले आक्रमण नै गरिहाल्नु पर्ने कुनै गल्ती नै गरेको थिइन । आखिर बैंस कुखुरे न ठहऱ्यो म माथि अनेक बहाना बनाएर आइलाग्यो । मैले लाख कोसिस गरें तर केही लागेन अनि त "दारुभूतो मुरारि" भने झैं बैंसबाट रातारात आक्रमण गरिएर आक्रान्त बनाइएको यो मरणासन्न अवस्थामा पुग्यो । अनि उता जसरी कुवेतका अमीर लगायत ठूलाबडाहरू विदेशमा शरण लिन पुगे त्यसैगरी मेरा यौवनका अमीरहरू पनि रातारात विदेशिन थाले । यसरी विदेशिएको देखेर जसरी इराकले विदेशीहरूलाई आफ्नो देश छाड्न बन्देज लगायो यहाँपनि त्यसै गरियो तर थाहै नपाई लाखौंलाख मानिसहरू जोर्डनको बाटो गरी पलायन भए झैं मेरो शरीरका छिद्र छिद्रबाट तत्वहरू पलायन हुन थाले ।

उता कुवेत लगायत उसका मित्रहरूले इराकलाई परास्त गर्न विश्व समक्ष हारगुहार गरे झैं मैले पनि यो उन्मत्त बैंसलाई परास्त गर्न समाजसंग सहायता मागें । अनि जसरी इराकको मनोमानीलाई शान्त पार्न खाडी क्षेत्रमा बहुराष्ट्रिय सेनाको प्रवेश भयो त्यसैगरी मेरो शरीरवरिपरि पनि बहुराष्ट्रिय सेनाहरू युद्ध मोर्चा कसेर बसे । यसरी खाडीमा पश्चिमी म्लेच्छ सेवा राख्दा खाडी भूमि अपवित्र भएको आरोप लगाइए झैं मलाई पनि मेरो

शरीर अपवित्र भएको आरोप लाग्यो। उता जसरी शस्त्रास्त्रका मुखहरू इराकतर्फ फर्काएर राखियो यता यसैगरी बन्दुकका नालहरू उच्छृङ्खल यौवनतर्फ फर्काएर राखियो। उता रुस आदि देशहरूले दोहोरो नीति अपनाए झैं मेरा विभिन्न विचारहरूले पनि दोहोरो भूमिका निभाए। संयुक्त राष्ट्रसंघले इराकमाथि आर्थिक नाकावन्दी गर्ने नीति राखे झैं मेरो बैंसको गतिविधि माथि पनि अनेक अप्ठेरा नाकाहरू वन्द गरिए तर यसले झन् उल्टो असर पऱ्यो।

फेरि यहाँनेर अलिकति गड्बडी पैदा भयो। कुरा के भने इराकले विश्वबाट एक्लिने डरले इरानसँग सम्वन्ध सुधार्ने र पहिलेका युद्धबन्दीहरू साटासाट गर्ने घोषणा गरेर त्यसको कार्यान्वयन समेत गराए झैं मेरो बैंसले पनि पुराना शत्रुसंग साँठगाँठ गरेर यौवनका युद्धबन्दीहरू साटासाट गर्न थाल्यो। यस्ता प्रकारले जसरी खाडी संकट जटिलतातर्फ लाग्यो, त्यसैगरी यसको यौवनको समस्या पनि व्यापक जटिलताले जर्जरित हुन पुग्यो। यहाँ बुझ्नु पर्ने कुरा के छ भने खाडी संकट जसरी शुरू भयो र अहिले सम्म यसले जुन मोड लिएको छ मेरो संकट पनि त्यही तरीकाले शुरू भएर त्यही मोडमा अघि बढिरहेको छ र अहिले आएर त्यो संकट जुन स्थितिमा छ मेरो संकट पनि त्यही स्थितिमा आएर बसेको छ।

यदि त्यो संकट बढ्दै र चर्कंदै गएमा यसको संकट पनि बढ्ने र चर्कने सम्भावना छ किनभने यो केटो ज्योतिर्विद् पनि भएकोले यस्ता कुराहरूमा भविष्यवाणी गर्न सक्छ। त्यसैले अब निष्कर्षतर्फ लाग्दा खाडी समस्या चर्केर विश्वयुद्धमा अनुवाद भयो भने यसको भविष्य सदाको लागि अन्धकारको खाडलमा जाकिने निश्चित छ।

फेरि उता एक पछि अर्को हुँदै खाडी समस्या समाधानका

विभिन्न प्रयासहरू विफल हुँदै गएकोले विश्वव्यापी चिन्ता व्यक्त गर्न थालिएको छ । त्यसमा पनि खाडी संकटको हरेक खुड्किला-संग यस केटाको समस्या कुनै न कुनै रूपमा सम्बन्धित भएकोले जति जति खाडी संकट चर्कंदै जान्छ यो पनि त्यति त्यति चिन्तित र निराश हुँदै जान्छ । त्यसैले जति सक्यो चाँडो खाडी संकट समाधानमा नै यसको कल्याण सम्भव छ । यसरी खाडी संकट समाधानबाट आफ्नो संकट पनि समाधान हुने भएकोले यस केटाले पनि उक्त संकट समाधान गर्ने एउटा उपाय सोचेको छ, त्यो हो कूटनीतिक प्रयास । आजको युगमा सबैभन्दा धेरै तागत कूटनीतिक प्रयासमा पाइन्छ । कूटनीतिबाट राजनीति चल्ने र राजनीतिबाटै विश्व सञ्चालन समेत हुने भएकोले यसको प्रयोग सबैतिर प्रभावकारी र लाभदायक नै हुन्छ । पुराणकालमा मर्यादा पुरुषोत्तम रामले बाली र रावण मार्नदेखि लिएर विष्णु भगवान्ले जालन्धर बाहिर गएको मौका छोपी उसकी स्वास्नी वृन्दा गमन गर्न समेत कूटनीतिले ठूलो भूमिका खेलेको थियो । हजारौं तरुणी खेलाएर हिंड्ने सेक्स गुरु रजनीश कुटनीतिक प्रयासले नै घरमा भएकी एउटी स्वास्नी समेत त्यागेर हिंड्ने महात्मा बुद्धका अर्का अवतार हुन पुगेका थिए । फेरि आधुनिक जमानामा हिटलरलाई हिटलर र सद्दाम हुसेनलाई हुसेन जस्तो बनाउने पनि कूटनीति नै हो । त्यसैले आज विश्वका हरेक क्षेत्रमा कूटनीतिको ठूलो महत्व छ र यसको दूरदर्शितापूर्ण सञ्चालनबाट कत्रा कत्रा असाध्य कामहरू पनि साध्य भएका छन् ।

आजको जल्दोबल्दो खाडी संकटदेखि त्यसैको समवर्ती मेरो निजी संकटसम्म समाधान गर्न अब एकमात्र उपाय त्यही कूटनीतिक प्रयास बाँकी छ । यदि यस्तो तरीकाले समस्या समाधान भैदियो भने साँप पनि मर्ने र लट्ठी पनि नभाँचिने भन्ने आहान सार्थक

हुनेछ। अनि त खाडी संकटबाट ग्रसित विश्वको टाउको पनि हलुङ्गो हुने र यसको पनि यौवनको उन्माद शमन हुने हुनाले यही नै सर्वोत्तम उपाय ठहरिन्छ। त्यसैले आज चाहे राजनीतिका हुन् चाहे यौवनका हुन् जुनसुकै समस्याहरू आइपरेपनि कूटनीतिक प्रयासद्वारा समाधान गर्न खोज्नु नै आजको परिस्थितिमा सबैभन्दा बुद्धिमानी देखिन्छ।



---

तिमीलाई कर्तव्याकर्तको द्विविधा भए देशको एक मुठी माटो हातमा लिएर सोध, भाङ्ग्रो लगाएको नेपालीलाई हेर, त्यसले तिम्रो कर्तव्य बताउने छ। शहीदलाई सम्झ त्यसले तिमीलाई उच्चतामा पुग्ने प्रेरणा दिनेछ।

"माटोले मानिसलाई यथार्थवादी र जलले भाववादी बनाउँछ। अनि मान्छे कहिले पनि नसिद्धिने कौतुहलको विषय बन्न जान्छ।"

"धर्मको विरूद्धमा त म पटक्कै छैन, छँदै छैन, तर सबैलाई थाहा छ म धर्मको अभ्यास गर्दिनँ।"

"सुतेको मान्छेलाई जगाउन सकिन्छ तर अँध्यारोमा आँखा चिम्लेर सुतेको छ भने त्यसलाई जगाउन सकिदैन।"

– जन–नायक बी० पी० कोइराला

---

# "पत्नी–तानाशाह"

– श्याम कु० सुवेदी "प्रियेश प्रियदर्शी"

आँचलको बन्धन बाँध्दा पण्डितजीले भनेका थिए,
गृहस्थीमा पति सम्राट र पत्नी मन्त्री हुन्
तर,
पुरेतजीको श्रेणी विभाजन एक हप्ता भन्दा बढी चल्न सकेन
आलु, परवल, भन्टा आदिको खरिद बिक्रीबाट
उनले वाणिज्य मन्त्रालयको भार सह्यालिन्
क्रम बढ्दै गयो अर्थमन्त्रालय पनि गुम्यो,
गृहमन्त्रालयको अधिकार बढाउँदै जाँदा
अध्यागमन र विदेश विभागमा पनि हस्तक्षेप गरिन्
विश्वव्यापी प्रजातन्त्रको लहरलाई बुझी
समानताको नारा दिदै मलाई 'सम्राट' बाट अपदस्थ गरिन्
निष्पक्ष निर्वाचनबाट मात्र अधिकार पाइन्छ भन्दै,
हामी दुवै चुनावको मैदानमा उत्रियौं
प्रचार प्रसारमा कुनै कसर बाँकी रहेन,
"नोकरहरूले उनीलाई नै मत दिए,
आफ्नै छोरो रिंकुले पनि आमाकै सिफारिस गऱ्यो,
सायद यिनीहरूलाई मीठो खानाको मोह थियो,
आफ्नो जमानत जफ्त भए पनि
अर्को पाँचवर्ष पछि कसो विजयश्री नमिल्ला भनी
लागें स्वयं सेवामा दोस्रो चुनावको लागि,
तर अफशोस नोकर, छोरो, छोरीको भोट उनलाई नै मिल्यो,

आजन्म पराजयश्री नै हातलाग्ने डरले
उम्मेदवारी पनि प्रस्तुत गर्दिनँ,
उनले दया गरी गृहमन्त्रालयमा 'बेतलबी'
निजी सचिव नियुक्त गरिन्
अबत ढुक्क छु ।



# "आमा"

— नवराज ढकाल

आमाका पोसिला हात शिशुलाई बढाउँछन्
आमाका स्नेहिला आँखा शिशुलाई पढाउँछन् ।
आमाको स्पर्शले बाल मीठो नीद निदाउँछ
आमाको ममता बाल मुटुभित्र सजाउँछ ।।१।।
मुसारी शिशुको गाला ममता पोख्दछिन् जब
स्वर्गको कल्पना गर्छिन् धर्तीमै जननी तब ।
मीठो लोरी सुनाउँदै हातले ममता छरी
केही चिज खुवाउँछिन् यो खाऊ छ मीठो भनी ।।२।।
आमा त देवी हुन् हाम्री पुज्नु पर्छ सँधैभरी
आमाको दूधको मूल्य तिरिइन्न कसैगरी ।
आमाको संदेश हुन्छ गर कर्म यहीं बसी
धर्तीको पासपना गर्दै माटोको बुकुवा घसी ।।३।।

# आदिजननी वाक्

— दिवाकराचार्य

## वाक्को स्वरूप

वाक्को स्वरूप के हो ? यो नितान्त विवादको विषय छ। वाक्को स्वरूप विषयमा विविध मत मान्ने आचार्यहरूको उल्लेख यत्र-तत्र पाइन्छ । भर्तृहरिको वाक्यपदीयमा यस्ता मतहरूको उल्लेख गरिएको भेटिन्छ। केही आचार्य शब्दलाई परमाणुस्वरूप मान्दछन् ।□ कोही वायु शब्दरूपमा परिणत हुने कुरामा विश्वास गर्छन् ✒ त कोही ज्ञान नै शब्दको स्वरूप हो भन्दछन् ।★ हुनत शब्दलाई अनित्य मान्ने मतहरू पनि नभएका होइनन्, तर उनीहरूले मानेको अनित्यत्व शब्दको वैखरी अवस्थाविशेष मात्रलाई लिएर मानिएको हो नकि परा वाक्लाई लिएर। परा मातृशक्ति हो। परा वाक्मा इच्छाशक्ति ज्ञानशक्ति र क्रियाशक्ति एक भएर रहेका हुन्छन् । परावाक्बाट नै त्रयी विद्या, प्रणव, कामकला उत्पन्न हुन्छन् । परा वाक् शब्दसृष्टि एवं अर्थसृष्टि दुवैको मूल हो ।

---

□ अभ्राणीव प्रचीयन्ते शब्दाख्याः परमाणवः । वा. प. १.१११

✒ स्थानेष्वभिहितो वायुः शब्दत्वं प्रतिपद्यते । वा. प. १.१०८

★ अथेदमान्तरं ज्ञानं सूक्ष्मवागात्मना स्थितम् । वा. प. १.११२

वायोरणूनां ज्ञानस्य शब्दत्वापत्तिरिष्यते । वा. प. १.११३

वाक्का भेद

शास्त्रमा वाक्का चार अवस्थाभेद निर्देश गरिएका छन्, ◆ जो परा पश्यन्ती मध्यमा वैखरी नामले प्रसिद्ध छन् । तन्त्र–शास्त्रमा यिनका प्रक्रिया अनुसार यिनलाई क्रमशः अनाहतहतोत्तीर्णा, अनाहत-हता, अनाहता र हता पनि भन्ने गरिन्छ । यीमध्ये अघिल्ला तीन मूलाधार, नाभि र हृदयरूप गुफामा निहित हुनाले सामान्य मनुष्यका लागि अगोचर छन् । अतः सामान्य चौथो वैखरी वाक्को मात्र प्रयोग गर्छ । आन्तर गुह्यस्थानमा प्रच्छान्न परा, पश्यन्ती र मध्यमाको अनुभूति आर्षचक्षुले विरल मनीषीले मात्र गर्न सक्छन् । वेदमा वाक्का विविध अवान्तर भेदहरू पाइन्छन् । यी भेद विशेष गरेर देवताका कारणले हुन्छन् ।

वृहती वाक्–ऋग्वेद अष्टक ८ अध्याय ७ ऋचा १८ "वृहस्पते वृहतीवाचमावत्" अनुसार वृहस्पति देवको वृहती वाक् रहेको पाइन्छ । यो वाक् 'वृहत्' नामक माध्यमद्वारा द्युलोकमा फैलन्छ ।

छन्दस्या वाक्–छन्दस्या वाक् वैदिकी वाक् हो । ब्रह्माद्वारा मन्त्रसमूहका रूपमा यी उच्चरित हुन्छन् । (यत्र ब्रह्मा पवमान छन्दस्यां वाचं वदन्–ऋ.७.५.२७)

द्युमती वाक्–द्युमती वाक् वृहस्पति आदि देवका कृपाले मानव ऋषिहरूले प्राप्त गर्छन् र तिनका मुखबाट द्युमती वाक्को प्रकाशन हुन्छ ।

परमेष्ठिनी वाक्–ब्रह्मसंशित परमेष्ठिनी वाक्द्वारा शमप्रधान एवं घोरप्रधान सृष्टि हुन्छन् (इयं या परमेष्ठिनी वाक् देवी

---

◆ चत्वारि वाक् परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः । गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति ।

अतीन्द्रियानसंवेद्यान् पश्यन्त्यार्षेण चक्षुषा । वा. प. १.३८

ब्रह्मसंशिता । ययैव ससृजे घोरं तयैव शान्तिरस्तु नः ।। अथर्व. १९ का. ९ सू. ३)

दैव्या वाक्–दैव्या वाक्का सहायताले ऋषिहरू मनुष्यका कष्टरोगादि नाश गर्दछन्। यो वाक् अनुदिता वाक् हो। (उत्वा निऋत्याः पाशेभ्यो दैव्या वाचा भरामसि । अथर्व–८.१.३)

प्रतीची वाक्–मानिसलाई पतनोन्मुख पार्ने विरोधी वाक् प्रतीची वाक् हो र तिनको नियन्त्रण गर्न भनिएको छ।

वाक्को उत्पत्ति–वागुत्पत्ति विषयमा वेदमा यस्तो प्रसङ्ग पाइन्छ–जब परमेश्वरलाई सिसृक्षा उत्पन्न भयो, उसले आफूलाई तपद्वारा ऋत र सत्य दुई भागमा विभक्त गर्‍यो।◆ 'ऋत' गत्यात्मक रूप हो र 'सत्य' स्थित्यात्मक । 'ऋत' महद्ब्रह्म हो र यही परा वाक् हो। त्यसैले गीतामा पनि भनिएको छ–मम योनि महद्ब्रह्म तस्यां गर्भं दधाम्यहम् (१४.३)। पराबाक् गत्यात्मक ऋतबाट उत्पन्न भएर समुद्रको लहरझैं फैलिन थाल्यो★ परमेश्वरमा आधमन किंवा उद्गिरणको प्रक्रिया शुरू भयो र मुखविवृत भयो। यही विवृति नै अकार हो, जुन विवृति अकारोच्चारण गर्दा हामी स्वयं अनुभव गर्न सक्छौं। अकार नै समग्रा वाक् हो। उपनिषद्ले पनि भनेको छ–अकार न सर्वप्रथम उत्पन्न भयो (अकारः प्रथमाप्ते–रादिमत्वात् माण्डूक्य ९)। यसैगरी क्रमशः इकार र उकार पनि उत्पन्न भए र सृष्टिको क्रम चल्यो। यिनै तीन परामर्श स्पर्श र ऊष्माका सहयोगले नानारूपमा अभिव्यक्त भए।

यसरी विश्वकर्मा, परमेश्वरद्वारा उद्गीर्ण हुनाले वाक्लाई

---

◆ ऋतश्च सत्यञ्चाभीद्धात्तपसोऽध्यजायत । ऋ. ८.८.४८

★ प्रावीर्विपद्वाच ऊर्मि न सिन्धुः । ऋ. ७. ४, ७

नै 'गी:' ऋतात्मक गतिका कारणले 'सरस्वती' पनि भनिन्छ । जहाँ गति हुन्छ त्यहाँ स्पन्द स्वतः रहने हुँदा परमाणुमा हुने स्पन्दन पनि वाक् कै क्रिया किंवा प्रेरणा मान्नुपर्छ ।

तन्त्रशास्त्रमा भने वाक्को उद्भव विषयमा केही वैभिन्न देखिन्छ । परा वाक् परमशिवदेखि एकदम अभिन्न छ । परमेश्वरमा स्फुरित इच्छाशक्ति नै परा वाक् हो । परमेश्वरको स्वातन्त्र्य एवं ऐश्वर्य नै नित्योदित परावाक् हो र यही नै विमाशत्मिा चिति हो । यही नै 'अनुत्तर' अकार हो । अन्तर्लीनविमर्श, तत्त्वातीत एवं निष्कल परमशिव नै विश्वको मूलमा उत्तीर्ण रूपमा रहँदा अनुत्तर हुन पुग्छन् । 'अनुत्तर' तत्त्वमा परमशिव एवं पराशक्ति अवियुक्त रूपमा रहेका हुन्छन् । जब यी दुईमा परस्पर औन्मुख्य देखा पर्छ, जसलाई यामल या संघट्ट पनि भनिन्छ, त्यही अवस्थामा 'आनन्द' किंवा 'आ'कारको उद्भव हुन्छ । 'आनन्द' मा चिच्छक्तिको प्रधानता रहन्छ र यस प्रधानताको अवस्थामा परप्रमाताद्वारा हुने विश्व-विसर्गात्मक परामर्श नै 'इच्छा' वा इकारको रूपमा देखापर्छ । यसको स्वरूप आद्यस्पन्दात्मक एवं बहिरौन्मुख्यतामय हुन्छ । यसपछि स्वान्तरमा हुने विजिज्ञास्य रूपमा इष्ट विश्वको उन्मेष नै ज्ञानशक्तिस्वरूप 'उन्मेष' उकार हो । 'इच्छा' एवं 'उन्मेष'

---

चितिः प्रत्यवमार्शात्मा परा वाक् स्वरसोदिता ई. प्र. १.४५ .

अकुलस्यास्य देवस्य कुलप्रथनशालिनी ।
कौलिकी या पराशक्तिरवियुक्तो यया प्रभुः ।।
तयोर्यद्यामलं रूपं स संघट्ट इति स्मृतः ।
आनन्दशक्तिःसैवोक्ता यतो विश्वं विसृज्यते ।। ई. प्र. ३.६७,६८

संघट्टेऽस्मिश्चिदात्मत्वाद्यत्तत्प्रत्यवमर्शनम् ।
इच्छाशक्तिरघोराणां शक्तीनां सा परा प्रभुः ।। ई. प्र. ३.७१-२

दुवै ज्ञेयको आधिक्य एवं अनाधिक्यले गर्दा दुई रूप हुन्छन् । यसरी बन्ने स्वरषट्क नै सम्पूर्ण वर्णसृष्टि गर्छन् । यिनै वर्णसन्तानका मूल हुन् ।✯

वैयाकरणहरू जगत्लाई शब्दब्रह्मको विवर्त मान्दछन् र वाक् वा शब्दलाई स्फोटरूप एवं नित्य मान्दछन् भने तान्त्रिकहरू न त संसारलाई वाक्विवर्त नै मान्दछन् न त परिणाम नै, बरू उनीहरू यस प्रसङ्गमा छुट्टै स्वातन्त्र्यवाद अघि सार्छन् । उनीहरू परा वाक्लाई नै सर्वमूल एवं बोधस्वरूप मान्दछन् । उनीहरूको दृष्टिमा पूर्णस्थिति यही हो र यहीं परम परामर्श हुन्छ । परा वाक् नै स्वस्वातन्त्र्यले गर्दा वाच्यवाचक भावरूप हुँदै स्वयं नामरूपमा आइपुग्छ । वाक्को दोस्रो पश्यन्ती अवस्थामा वाच्य वाचक भावको उल्लास हुन्छ । (तर यो उल्लास स्पष्ट हुन्न) सृष्टिको उन्मेष शुरू हुन्छ र बहिरौन्मुख्य देखापर्छ । तेस्रो मध्यमा अवस्थामा वाच्य वाचक भाव टड्कारो रूपमा देखापर्छ र अहन्ताच्छादित अर्थ प्रकाशित हुन्छ । अन्तिम वैखरी अवस्थामा आएर वाक् नै नाम रूप आकार आदि ग्रहण गर्छ ।

वाक्यपदीयमा भर्तृहरिले 'न सोऽस्ति प्रत्ययो लोके यःशब्दानुगमादृते' (ब्र.का. १२३) यस कारिकाद्वारा जति पनि ज्ञान छन् तिनको अनुगम शब्दबाट नै हुन्छ भन्ने उद्घोषण गरेका छन् । हाम्रो देश र कालको सीमित परिधिमा शब्द र ज्ञान पृथक् रूपमा सहचरित हुने तथ्यलाई दृष्टिगत गरी यस्तो भनिएको हो । यस परिधिलाई छोडेर मानिस जब बुद्धिको स्तरबाट माथि उठ्दै जान्छ, प्रतीयमान भेद घट्न थाल्छ र अन्त्यमा परा-प्रत्यय मात्र शेष रहन्छ ।

---

✯ स्वराणां षट्कमेवेदं मूलं स्याद्वर्णसन्ततौ । तन्त्रा. ३.१८४

वाणी उच्चरित भएर परमव्योमसम्म फैलन्छ । वाक्को विस्तार परमव्योमसम्म हुन्छ । 'यावद्ब्रह्मविष्ठितं तावती वाक्' (ऋ. ८. ६. १७) यस ऋक्ले पनि यस कुराको पुष्टि गर्छ । तर सबै वाणी परमव्योमसम्म पुग्दैनन् । जुन स्तरको वाणी हुन्छ त्यही स्तरको व्याप्ति हुन्छ । अतः हामीहरू प्राणको उद्बोधनद्वारा उर्ध्वगामिनी वाक्को व्यवहार गरेर आफ्नो वाग्व्याप्ति बनाउन सक्छौं ।

मानव पिण्डमा परा वाक् आन्तर–ज्योति रूपमा विद्यमान हुन्छ तर मनुष्यको बुद्धिमा रहेको संकोचको कारण मनुष्यमा गति एवं प्रसारणको अभाव रहेको हुन्छ । अतः मनुष्यलाई बृहद्दिव्यज्ञान हुन सक्दैन । जब मनुष्यको प्राण उद्बुद्ध हुन्छ र सरस्वतीको कृपा हुन्छ, उसको अन्तस्करणमा एककिसिमको गति एवं प्रसार आरम्भ हुन्छ र ऊ प्रमादादि त्यागेर जागरूक बन्छ उसमा दिव्यज्ञान अवतरित हुन्छ । भेदशून्य पूर्णताको अनुभूति हुन्छ र पूर्णाहन्तृताको विकास हुन्छ ।

वैखरी वाक् देखि पर परा पाश्यन्ती र मध्यमा बाक् देखि यता एउटा अनृतको सेतु छ जहाँ दिव्यज्ञानका किरण अवरूद्ध हुन्छन् । त्यस 'अनृत सेतु' बाट छानिएर आएको धूमिल प्रकाशमा हाम्रा सम्पूर्ण बौद्धिक–ज्ञान आश्रित छन् ।~ जो यस अनृत सेतुको पार पुग्छ उसले वैकृत रूप शब्द मूर्ति एवं व्यवहारादिलाई अतिक्रमण गर्छ र उसैलाई सबै किसिमका रूप, भेद एवं क्रमरहित त्रिकालाबाधित सत्यज्ञान हुन्छ । उसलाई ज्योतिरूप परावाक्को सतत दर्शन हुन्छ । परा वाक्सम्म पुग्दा सारा सूक्ष्म से सूक्ष्म

---

~ अवोद्वाभ्यां पर एकया गाः गुहातिष्ठतीनृतस्य सेतौ । ऋ. ८. २. १५

तिस्रो वाचो प्रवद ज्योतिरग्रा । ऋ.५.७.१.
स्वरूप ज्योतिरेवान्तः परा वागनपायिनी । महाभारत

रूप पनि समाप्त हुन्छन् । यही प्रत्यस्तमिता वाक् नै सर्वोत्तम वाक् मानिन्छ ।□

यसरी सर्वजगान्निर्मात्री अम्बितमा परा वाणीको आराधनाले मानिस जेसुकै पनि प्राप्त गर्न सक्छ । आर्षचक्षु प्राप्त गर्न सक्दछ ।

---

□ प्रत्यस्तमितभेदाया यद्वाचो रूपमुत्तमम् । वा. प. १.१८

# कविता

—जनार्दन घिमिरे

तिम्रो घर विश्व-बगैंचा नै हो,
तिम्रो लय वाङ्मय सार नै हो,
तिमीं रसकुम्भ लिएर घुम्छ्यौ,
माधुर्य लिई सब विश्व डुल्छ्यौ।

यी कान न शब्द र भाव सुन्छन्,
आँखा न तिम्रा रूप देख्न सक्छन्,
चर्मेन्द्रियले न त स्पर्श हुन्छ,
अव्यक्त मिठास विज्ञात हुन्छ।

सम्पन्न–विपन्न विभेद छैन,
निर्धा–बलिया सब भेद छैन,
पार्थक्य अभक्त न भक्तमै छ,
साक्षात् प्रभु त्यो यस लोकमै छ।

तिम्रो करुणा त बुझी म रून्छु,
वीरत्व सुनेर म वीर हुन्छु,
भावत्व बुझेर गहिराइ डुल्छु,
मानौं म तिम्रो जड–यन्त्र हुन्छु।



# संस्कृत छात्रावासको संक्षिप्त राजनैतिक इतिहास

— नवराज कट्टेल

संस्कृत छात्रावासको आफ्नै विशिष्ट परम्परा र सय वर्षे इतिहास छ । १९४३ मा स्थापित तीनधारा पाठशालाले सय वर्षे आफ्नो उमेर पार गरिसकेको छ । यस अवधिमा छात्रावासले प्रशस्त उपलब्धि हासिल गरेको छ र राष्ट्रलाई ठूलो संख्यामा योग्य शैक्षिक जनशक्ति पनि प्रदान गरेको छ । यसका मूलभूत उपलब्धिहरूमा साहित्यिक, राजनैतिक, बौद्धिक, सामाजिक आदि पर्दछन् । अरू पक्षलाई छाडेर यहाँ नेपालको प्रजातान्त्रिक आन्दोलनलाई यस संस्थाले पारेको प्रभाव र भूमिकाका बारेमा मात्र चर्चा गर्ने प्रयास गर्नु उपयुक्त होला । २००४, २००७, २०१७, २०३६, २०४२, २०४६ सालमा भएको आन्दोलनहरूको केन्द्रीयतामा यस संस्थाको राजनैतिक भूमिका र सक्रियतालाई अर्थ्याउनु तर्क सङ्गत नै ठहर्छ । ती घटनाक्रमलाई सूक्ष्मतया विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य नभई ऐतिहासिक घटनाक्रमलाई सरसर्ती टिप्दै जानु मात्र उद्देश्य रहेको छ ।

२००४ साल आषाढ १ गतेदेखि 'जयतु संस्कृतम्' आन्दोलन चर्कियो, जसले राणा शासनलाई थर्कायो । यो आन्दोलन चर्कनुमा यसका थुप्रै पूर्व प्रसङ्ग र पृष्ठभूमि छन् । १९९५ सालतिरबाट खास आधुनिक विचारको बीजारोपण भएको पाइन्छ । खास कारण के भने विद्यार्थीहरू परीक्षा दिन बनारससम्म जानु पर्थ्यो, बनारस जाँदा त्यहाँ महात्मा गान्धीका र नेपालको सरकारका बारेमा थुप्रै प्रसङ्ग चल्दथे । अझ त्यसमा पनि परीक्षा दिनुभन्दा २/३ महीना जति अगाडि नै उनीहरू बनारसतर्फ प्रस्थान गर्दथे । यसबाट उनीहरूले भारतीय आन्दोलन प्रत्यक्ष देख्न सुन्न पाए । पत्र–पत्रिकाबाट संसारको वस्तु-स्थिति पनि बुझ्न पाए ।✯ १९९५/१९९६ सालतिर भोटाहिटीमा शुक्रराज शास्त्रीको प्रवचन हुने गर्थ्यो । त्यहाँ उनी राजनीतिक व्यङ्ग पनि प्रस्तुत गर्थे । प्रत्यक्ष परोक्ष कुरा चल्थ्यो । यो प्रसङ्ग पनि छात्रहरूले बुझेका थिए । १९९७ सालमा चार जना देशभक्त क्रान्तिकारीहरूलाई मृत्यु दण्ड दिइयो । कारण प्रजापरिषद् गठन भइसकेको थियो र यसले राणा विरोधी पर्चा छरेको थियो । यी सबै गतिविधिबाट छात्रावासका विद्यार्थीहरू परिचित हुँदै गए । १९९७ पछि त अति कडा नीति थियो राणाको । महात्मा गान्धीको नाम लिंदा पूर्णप्रसादले २०० पटक उठ्बस् गर्नु परेको थियो । १९९८/१९९९ सालतिर नै विद्यार्थीहरूले समसामयिक समस्याहरू राखी राणा सरकार समक्ष माग पेश गरेको बुझिन्छ । बनारस जाने खर्च कम भएको खास गुनासो थियो । माहिला बडागुरुज्यूले विद्यार्थीको सातो उडाए । त्यसको कडा प्रतिवाद गर्दा पूर्णप्रसाद ब्राह्मण निष्कासित भए ।📖

२००० सालमै पनि आन्दोलनमा उत्रने सल्लाह भएको हो, तर

---

✯ नेपाल संस्कृत छात्रसङ्घको अप्रकाशित प्रतिवेदन ।

📖 नेपाल संस्कृत छात्रसङ्घको अप्रकाशित प्रतिवेदन ।

सफल भएन । त्यसपछि २००२ सालमा पुनः सङ्गठन शुरू भयो । आन्दोलन र सङ्गठनको प्रारूप तयार भयो । तर यसलाई पनि सरकारले श्रीकान्त शर्मा (दाङ्ग), विश्वनाथ (गोकर्ण), आदित्यनाथ (गुल्मी), टीकाराम पौडेल (पोखरा) लगायतका ७ जना छात्रहरूलाई निष्काशित गरी दबायो । यसै समयको वरिपरि 'चर्खा आन्दोलन' चलाएको चर्चा पनि पूर्णप्रसाद ब्राह्मणले गरेका छन् । अछुतका घरमा चर्खा राखी चर्खाका नाममा जमघट गरिन्थ्यो र त्यहाँ क्रान्तिकारी कविताहरू धेरै प्रति बनाएर वितरण पनि गरिन्थ्यो । यी आदि कारणले २००४ सालको आन्दोलनको पृष्ठभूमि तयार भएको बुझिन्छ ।

अर्को २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलन शुरू हुनुमा भारतमा राजाको विरोधमा आन्दोलन छेड्न नेपाली कांग्रेस तयारी गरिरहेको थियो । यसको केन्द्र पनि बनारस नै थियो । अतः नेपालको भावी राजनैतिक आन्दोलनको पूर्व संकेत छात्रहरूलाई थियो । तर शैक्षिक समस्या र मागलाई नै केन्द्र बिन्दु बनाएर आन्दोलन शुरू गरिएको बुझिन्छ । अन्तरगर्भमा भने राजनैतिक उद्देश्य नै थियो ।

२००४ साल आषाढ १ गतेबाट 'जयतु सस्कृतम्' आन्दोलन शुरू भयो । आन्दोलन सञ्चालन गर्न खास–खास व्यक्तिहरू पनि तोकिए गोप्य रूपमा । पूर्णप्रसाद ब्राह्मण, श्रीभद्र, राजेश्वर, बलराम, कमलराज आदिको सक्रिय भूमिका रह्यो । शिक्षण संस्था बन्द रह्यो । छात्रावास पूर्ण बहिष्कार गरी कालमोचनमा विद्यार्थीहरू शरणार्थी भए । जुलुस, पर्चा, भाषण सबै भए । 'भवती भवती भिक्षां मे देहि' भन्दै घरघर भिक्षाटनका निहुँले क्रान्ति सन्देश पुऱ्याइयो । राणा सरकारले संस्कृत मृतभाषा भनेर घृणा गर्दा विद्यार्थीहरू संस्कृतको दाह संस्कार गर्न उद्यत थिए, तर पछि संस्कृत भाषा अमृत भाषा

भनेको भनी माफी माग्न बाध्य भए । तर यस आन्दोलनमा ३७ जना जति विद्यार्थी निष्काशनमा परे । निष्काशित विद्यार्थीहरू क्रान्तिको सन्देश लिएर गाउँ, गाउँ, जिल्ला, जिल्ला हुँदै वनारसतर्फ प्रस्थान गरे । नेपाली कांग्रेसद्वारा सञ्चालन हुने आन्दोलनको तयारीमा सम्लग्न रहे ।

२००७ सालमा श्री ५ त्रिभुवन वीर विक्रम शाह देव भारतीय राजदूतावास मार्फत् भारत प्रस्थान गरेपछि नेपाली कांग्रेसले देश व्यापी आन्दोलन छेड्यो । देशभित्रै पनि आन्दोलन चर्कियो । 'हाम्रो राजा लेऊ' भन्दै आमसभा हुन थाल्यो । लैनचौरमा भएको आमसभामा संस्कृत छात्र सङ्घले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । संस्कृत छात्रावासका र त्रि-चन्द्र कलेजका विद्यार्थीहरूले जन-सङ्घर्षलाई निकै मदत गरे । फलस्वरूप देशमा प्रजातन्त्र आएर नै छाड्यो ! नेपाली जनता एवं नेपाली कांग्रेसले आफ्नो विजय पताका फहराएर नै छाडे । यसरी २००७ सालको आन्दोलनलाई देश बाहिर र देशभित्रै पनि रहेर संस्कृत छात्रावासका विद्यार्थीहरूले सहयोग पुऱ्याएको पाइन्छ ।☛

२००७ सालको ऐतिहासिक आन्दोलनपछि छात्रावासको सक्रियता दुई धारामा परिचालित देखिन्छ । पहिलोमा संस्कृत छात्रावासले सोझै गर्ने गतिविधि या छात्र कार्य समिति, विधान परिषद् मार्फत् हुने क्रियाकलाप अर्को हो संस्कृत छात्र सङ्घ (नेपाल) मार्फत् हुने कार्यक्रम ।

२००४ सालमा स्थापित संस्कृत छात्र सङ्घ सम्भवतः नेपालको पहिलो विद्यार्थी सङ्गठन हो । यसै सङ्गठनले राणा सरकारको विरोधमा प्रत्यक्ष परोक्ष जनमत तयार पार्ने प्रयास गरेको पाइन्छ ।

☛ पूर्णप्रसादबाट प्राप्त जानकारी ।

२००७ सालको आन्दोलनमा संस्कृत छात्र सङ्घ पूरै आन्दोलित थियो। छात्रावासका सारा विद्यार्थी सङ्घर्षको लागि मैदानमा उत्रिएका थिए।[*]

२००७ सालमा नै संस्कृत छात्रावासमा 'विधान परिषद् र छात्र कार्य समिति २००७' को गठन भयो, जो अद्यापि कार्यरत छँदै छ। यसले अहिलेसम्म महत्वपूर्ण कार्य सम्पादन गर्दै आएको छ। २००७ सालपछि संस्कृत छात्र सङ्घले आफ्नो राजनैतिक सङ्गठनको विस्तार गर्न लागेको देखिन्छ। यसै क्रममा २००८ सालमा यसले केन्द्रीय समिति, शाखा र उप-शाखाको साङ्गठनिक रूप-रेखा तयार पार्‍यो। छात्र सङ्घको साङ्गठनिक ढाँचाबाट अहिलेका विद्यार्थी सङ्गठनहरू पनि प्रभावित छन्, किनभने २००४ सालमा स्थापित संस्कृत छात्र सङ्घ २०२३/२०२४ सालसम्म जीवित रहेको बुझिन्छ। यसको केन्द्रीय संसद हालको ने. वि. संङ्घको केन्द्रीय महासभा जस्तै र केन्द्रीय कार्य समिति दुवैका समान किसिमका देखिन्छन्। हालको जिल्ला शाखा जस्तै संस्कृत छात्र सङ्घको शाखा र विद्यालय एवं क्याम्पस इकाइ जस्तै उप-शाखाको साङ्गठनिक ढाँचा पाइन्छ। केन्द्र अन्तर्गत शाखा र शाखा अन्तर्गत उप-शाखा सञ्चालित भएको भेटिन्छ।

२००८ सालबाट यसको दाङ्ग, रिडी, जनकपुर, धरान, पोखरा आदि स्थानमा शाखा र उप-शाखा खुल्दै गएको भेटिन्छ। नारी विद्यापीठमा संस्कृत छात्री सङ्घ २००८ सालमा र रानीपोखरी संस्कृत प्रधान पाठशालामा 'छात्र समिति २००८' पनि उप-शाखाका रूपमा खुलेको थियो। मा. वि. स्तरमा यूनियन खुलेको

---

[*] संस्मरण छात्रावासको 'भरतराज पन्त' अरुणोदय, शतवार्षिक-स्मृति अङ्क।

प्रथम घटना यिनै होलान् भन्ने लाग्छ । २००८, २००९ सालको अन्तरिम समयमा पनि छात्र आन्दोलन छिटपुट भएको पाइन्छ । २००९ सालमा राजकीय संस्कृत महाविद्यालयको स्थापनाले संस्कृत छात्र सङ्घलाई झनै शक्ति प्रदान गऱ्यो । उता धरानमा पनि महाविद्यालय (क्याम्पस) २००८ सालमै खुलिसकेको थियो । छात्रावास र छात्र सङ्घको सक्रियतामा २०११ सालसम्ममा पूर्वतयारी सम्पन्न भयो र २०१२ साल वैशाखमा प्रथम पटक राष्ट्रिय सम्मेलन सुसम्पन्न भयो । यस सम्मेलनले अच्युतराज रेग्मीलाई केन्द्रीय नेतृत्व प्रदान गऱ्यो, विधान पनि पारित गऱ्यो । २०१२ साल अघि संस्कृत छात्र सङ्घको केन्द्रीय नेतृत्व श्रीप्रसाद गौतमले सह्याल्नु भएको थियो । २०१२ सालमा नै संस्कृत छात्र सङ्घ उपत्यका समितिको पनि गठन भयो ।📖

२०१३ सालमा फेरि संस्कृत छात्रावासले आन्दोलनको भूकम्प सहनु पऱ्यो । छात्रावासमा छात्र संख्या घट्दै गई करीब ३२ जना जति बाँकी थिए । भरनाको क्रम रोकियो ।◆ छात्रावासलाई पुनर्जीवन प्रदान गर्ने आन्दोलन बाहेक अर्को विकल्प रहेन । अतः २०१३ साल मंसीर ९ गतेदेखि हडताल पिकेटिङ्ग शुरू भयो । त्रि–चन्द्र लगायत अन्य क्याम्पसहरूले पनि २०/२२ दिनसम्म कक्षा बहिष्कार गरेर आफ्नो दरो समर्थन प्रदान गरे । संस्कृत छात्र सङ्घले यसको नेतृत्व लियो । छात्रावासका विद्यार्थीहरूले निर्णायक भूमिका निर्वाह गर्ने अठोट गरे । मंसीर १८ गतेदेखि छात्रावासमा पूर्णतया भोजन, भान्छा आदि सबै परित्याग गरी 'जयतु संस्कृतम्' को तुमुल घोषले शहरलाई

---

📖 संस्कृत छात्र सङ्घको (नेपालको ऐतिहासिक परिचय पुस्तिका) ।
◆ 'अरुणोदय–वर्ष–२१/२२ संयुक्ताङ्क' संस्कृत छात्रावास सय वर्षमा प्रवेश ।

थर्काउँदै राजाको ढोकामा छात्रावासका सबै पुस्तक थुपारी दिई त्यो जुलुस नगर परिक्रमा गर्न थाल्यो। भूगोल पार्कमा सभा पनि भयो र सबै छात्रावासका छात्रहरू कालमोचनमा गएर बसे। सबै जनताको समर्थन रह्यो। 📖 त्यस आन्दोलनले छात्रावासको ह्रासोन्मुख स्थितिलाई रोकी १०६ सीट व्यवस्थित गर्न सफलता प्राप्त गर्‍यो। ◈

२०१४ सालमा संस्कृत छात्र सङ्घको संसदीय अधिवेशन दाङ्गमा सुसम्पन्न भयो र केन्द्रीय नेतृत्व केशव दीपकले सह्मालनु भयो। २०१५ सालमा पुन: संस्कृत छात्र सङ्घको दोस्रो राष्ट्रिय महासम्मेलन सम्पन्न भयो। यसले पुन: नेतृत्व केशव दीपकलाई नै दिएको बुझिन्छ। यसपछि संस्कृत छात्र सङ्घमा फुट परस्त राजनीतिक कुचक्रको शुरूआत भएको अनुभव हुन्छ। कम्युनिष्टहरू एकातिर राजा श्री ५ महेन्द्रको षड्यन्त्रमा सम्लग्न थिए भने प्रजातन्त्रवादीहरू दरबारको षड्यन्त्रबाट प्रजातन्त्रलाई जोगाउने पक्षमा थिए। केशव दीपकको अध्यक्षतामा गठित केन्द्रीय कार्य समितिले आफ्नो कार्यभूमिका सम्पन्न नगरेपछि विधान अनुसार संसदका दुई तिहाई सदस्यको हस्ताक्षर गरी संसद्को केन्द्रीय बैठक गरी निष्क्रिय कार्य समिति माथि अविश्वासको प्रस्ताव पास गरी यज्ञप्रसाद थपलियाको अध्यक्षतामा नयाँ कार्य समिति गठन गर्‍यो। २०१७ साल वैशाख २९ गते संसदीय अधिवेशन काठमाण्डूमा सम्पन्न भयो। ३२ शाखामध्ये २७ शाखाले उक्त सम्मेलनमा आफ्नो प्रतिनिधि पठाएका थिए। पशुपतिनाथ आचार्यको सभापतित्वमा कार्य समिति गठन भयो। ★ तर विखण्डनवादी कम्युनिष्ट समर्थक

---

📖 अरुणोदय, वर्ष-१२, अङ्क-४ ५, ६ इतिहासको प्रतिध्वनि।

◈ अरुणोदय, शतवार्षिकी स्मृति अङ्क।

★ 'अप्रजातान्त्रिक तत्त्वको नङ्गा नाच' भन्ने पर्चा।

विद्यार्थीहरूले पूर्व निर्धारित सम्मेलनलाई अस्वीकार गरी २०१७ साल जेठ महीनामा काठमाण्डूमा आफ्ना समर्थकहरूको छुट्टै सम्मेलन गरी बाबुराम पौडेलको नेतृत्वमा संस्कृत छात्र सङ्घ (नेपाल) को कम्युनिष्ट गुटको निर्माण गरे। यसले शुरूदेखि नै दरबारको इसारामा काम गर्न थाल्यो। यसको ज्वलन्त उदाहरण हो— "२०१७ साल मंसीर ९ गतेदेखि आन्दोलन गरी पौष १ गतेसम्म कम्युनिष्ट गुटले अशान्ति मच्चाई श्री ५ महेन्द्रको प्रतिगामी कदमलाई सहयोग पुऱ्याउनु।" त्यसपछि श्री ५ महेन्द्रबाट प्राप्त शुभ-कामना सन्देश र पटक-पटक लिएका नगद रकमको उल्लेख 'जयतु संस्कृतम्' पत्रिकामा पाइन्छ। आफ्नो पत्रिकामा उनीहरूले पञ्चायत व्यवस्थाको मुक्त कण्ठले प्रशंसा गरेका छन्। राजा श्री ५ महेन्द्रकै निर्देशनमा २०२२/२०२३ सालसम्म यो संस्था जीवित रहेको पाइन्छ।

प्रजातन्त्रवादीहरूको नेतृत्वमा रहेको संस्कृत छात्र सङ्घको २१ संसदीय अधिवेशन काठमाण्डूमा सुसम्पन्न गर्ने प्रयास भयो, तर निर्विघ्नतापूर्वक सम्पन्न हुन सकेन। उद्घाटनको निम्ति तत्कालीन का. मु. प्रधान न्यायाधीशलाई निम्ता गरिएको थियो। तर अधिवेशनकै दिनमा उनले आफू आउन नसक्ने जनाई लेखी पठाए। २०१८ साल आषाढ १३ गतेदेखि सो अधिवेशन शुरू हुने भएको थियो। प्रजातन्त्र-वादीहरूलाई यसरी बलात् सङ्गठन गर्न दिइएन।

२०१७ सालको देशघाती कदम पछि देशमा पुनः प्रजातन्त्र ल्याउन ३० वर्ष अनवरत संघर्ष गर्नु पऱ्यो। पौष १ गते नै तरुण दलको सम्मेलनमा उपस्थित हुने त्यसबेलाका छात्रावासका साथीहरू आफ्नो तात्कालीन अनुभव बताउँछन्। २०१८ सालमा नेपाली कांग्रेसले सशस्त्र आन्दोलन सञ्चालन गऱ्यो र भारत-चीन युद्धको कारण बीचैमा स्थगित पनि गर्नु पऱ्यो। आन्तरिक रूपमा आन्दोलन सञ्चालन गर्ने, जनमत तयार पार्ने सारा काम

प्रत्यक्ष परोक्ष विद्यार्थी वर्गकै थियो । संगठित रूपमा सौ सौ विद्यार्थी बस्ने छात्रावास निष्क्रिय भएर किन बस्न सक्थ्यो । १ गतेको काण्डलाई माइकिङ्गद्वारा विरोध जनाउँदा गिरफ्तार हुने-हरूमा यस छात्रवासका पिताम्बर दहाल पनि परेका थिए ।□

२०१९ सालमा जे० पी० हाइस्कूल वि० यू० को तत्त्वाव-धानमा उपत्यकाका २२ वटा हाईस्कूलहरूको भेला आयोजनागरेर पञ्चायती राष्ट्रिय निर्देशन ऐनलाई चुनौति र खारेजीको माग गर्दै संघर्षको मैदानमा ओर्लने निर्णय भयो । त्यस आन्दोलनलाई सञ्चालन गर्ने चार जनाको आन्दोलन सञ्चालक प्रतिनिधि समूह गठन भएको थियो, त्यसमा यस क्षेत्रबाट रामचन्द्र पौडेल र होमनाथ दहालले प्रतिनिधित्व गर्नु भएको थियो । यसको नेतृत्वमा २ महीनासम्म आन्दोलन चल्यो ।▬

त्यस्तै २०२० सालमा अन्तर कलेज सम्मेलन भएको थियो र प्रत्येक क्याम्पसबाट ५।५ जनाको प्रतिनिधित्व रहेको थियो, त्यसमा पनि यस क्षेत्रको राम्रो प्रतिनिधित्व र सक्रियता देखिन्छ ।

२०२१ सालमा विभिन्न क्याम्पसमा प्रजातन्त्रवादी पक्षले विजय हासिल गरेको हुनाले विद्यार्थीहरूको बृहत राष्ट्रिय सम्मेलनको आयोजना गर्ने निर्णय मुताविक २०० जनाको मूल समिति र ३५ जनाको सेक्रेटरिटको समेत गठन गरी ०२२-बैशाख ५ गते सो सम्मेलन तोकियो तर हजारौं विद्यार्थीहरू गिराफ्तार गरी सफल हुन दिइएन, त्यसमा रामचन्द्र पौडेल, पिताम्बर दहाल लगायतका धुप्रै साथीहरूले भाग लिइरहनु भएको थियो । जनआन्दोलन ३ महीना सम्म चल्यो । २२ सालको डि० आई० जी० काण्डमा सिंहदरवारको ढोका हल्लाउन यस क्षेत्रका तुलसी प्रसाद भट्टराई

---

□ ने० वि० संघको ऐतिहासिक परिचय पुस्तिका ।

▬ ने० वि० सं० को इतिहास ।

लगायतका साथीहरू पनि पछि परेका थिएनन् । त्यस्तै गण्डकी छात्र समिति, ०२६ सालमा चलेको आन्दोलनमा पनि यस क्षेत्रको सक्रिय सहभागिता रह्यो ।

२०२७ साल वैशाख ६ गते नेपाल विद्यार्थी संघको स्थापना भयो । यसको राष्ट्रिय सम्मेलन आयोजक समितिमा आफ्नो प्रतिनिधित्व यस संस्थाले गराएको थियो । जसको संयोजक चिरञ्जीवी वाग्ले रहनु भएको थियो । ने० वि० सं० को स्थापनामा जस्तै यसको दोस्रो अधिवेशनमा पनि छात्रावासीय साथीहरूको सक्रिय सहभागिता रह्यो । २०२८ भाद्र २९ गते जुन अधिवेशन नारायणगढमा शुरू भएको थियो । ने० वि० सं० को स्थापना पछि ०२८ सालमै 'देशमा 'नयाँ शिक्षा पद्धति' लागु गर्ने घोषणा भयो, तर यसलाई ने० वि० संघले पूर्णतया विरोध गऱ्यो । वाल्मीकि क्याम्पस वि. यू, सं. मा. वि. छात्र समिति, छात्रावासले नयाँ शिक्षा पद्धतिको दिलो ज्यानले विरोध गरे । किनभने नयाँ शिक्षा पद्धतिले संस्कृत शिक्षाको जरो काट्ने योजना बनायो र मूलोच्छेदन गऱ्यो पनि । ८ कक्षाबाट मात्रै संस्कृत पढ्न शुरू गरिने, देशभर रहेका १५० जति संस्कृत निम्न माध्यमिक विद्यालय खारेज गर्ने जस्ता संस्कृत घाती कदम भए । यसको विरोधमा संस्कृतका छात्रहरू तन, मन, धनले एक गुटभए । ०२९ साल श्रावण २७ गते देखि भएको आन्दोलन र २०३९ मा ने. वि. संघको नेतृत्वमा भएको आन्दोलनमा पनि यस संस्थाले सक्रिय सहभागिता जुटायो । 'यो आन्दोलनहरूमा बाहिर शैक्षिक माग नै रहेतापनि अन्तरतहमा भने पञ्चायतलाई उखेल्ने नै लक्ष्य रहेको हुन्थ्यो । ०३२ सालको आन्दोलनमा अधिकांश माग पूरा भएका थिए तर पछि षड्यन्त्रपूर्ण अखिलमार्फत प्रतिक्रान्ति गराई माग फिर्ता गराइयो ।

---

ने. वि. स. को इतिहास

२०३३ साल पछि नेपालको राजनैतिक इतिहासमा नयाँ अध्यायको प्रारम्भ हुन्छ । वी.पी. सिं गणेशमान सिंह नेपाली काँग्रेसका हजारौं कार्यकर्ताहरू सहित राष्ट्रियमेलमिलापको नीति लिएर देशभित्र प्रवेश गर्नु भयो र नेपालको राजनीतिलाई नयाँ गति प्रदान गर्नु भयो । विदेशमा विस्थापित नेपालको राजनीति स्वदेशमै स्थापित भयो । यद्यपि वी. पी. माथि ७/७ वटा मुद्दा थियो । वी. पी. लाई एयरपोर्टमा स्वागत गर्न जाँदा मण्डलेहरूले आक्रमण गरे । यहांका विद्यार्थी पनि त्यसमा परे । ०३२ साल पछि गाउँफर्के नीतिले देशलाई कैदखाना बनाएको थियो । कुनै पनि गतिविधिको कडा निगरानी राखिन्थ्यो ।

वी. पी. भित्रिए पछि देशमा नयाँ गतिविधि शुरू भयो । सुरूआत विद्यार्थीहरूले नै गरे । ०३५ मा त्रि. वि. सभाको चुनावमा ने. वि. संघ तर्फबाट दुई जना उम्मेदवार उठाइयो, त्यसमा व्रतराज आचार्य र मनमोहन भट्टराई हुनुहुन्थ्यो । घोषणा पत्रमा पञ्चायत व्यवस्था र नयाँ शिक्षा पद्धतिको तीव्र विरोध गरिएको थियो । सरकार डरायो र चुनावको सट्टा यस संस्थाका व्रतराज आचार्य र T. U. का मनमोहनलाई कारावास तिर थन्काइदियो ।

यसै साल ०३५ मङ्सीर २५ गते फेरि छात्रावासकै सक्रियतामा छात्रावासको हलमा मानव अधिकार दिवस मनाइयो । उपत्यका क्याम्पसहरूका ने. वि. संघका छात्रहरू त्यहाँ भेला भए । छात्रावासका व्रतराज आचार्य, तेज प्रकाश पण्डित, इन्द्रमणि अधिकारी, पुरुषोत्तम दहाल, गोविन्द भट्टराई र बाहिरका प्रकाश महत्, बाबुराम, उमा रेग्मी लगायतकाले पञ्चायतव्यवस्थाको धज्जी उडाएका थिए । आमसभा सिद्धिए पछि उक्त छात्र समुदाय प्लेकार्ड सहित जुलुसमा परिणत भयो । असन, इन्द्रचोक, न्यूरोड हुँदै शा. ने. बा.नि. पुगे पछि प्रहरीले हस्तक्षेप गर्‍यो । तर पनि जुलुस

शहीद गेटमा पुगेर नै टुङ्गियो। ०३५।०३६ सालको विद्यार्थी आन्दोलनको पृष्टभूमि यही नै थियो।☐ ०३५ को प्रजातन्त्र दिवस यहाँ मनाउन दिइएन र यसै सालको माघ महीनातिर पुलिसहरूले छात्रावास भित्र बाहिर कब्जा गऱ्यो । नेपाली कांग्रेसका यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई फाँसी लड्काएको विरोधमा फागुनमा पर्चा पोष्टर र हड्तालमा छात्रहरू उत्रिए। छात्रावासका टीकाराम, शेषराज लगायतले राति बोरा ओढी माग्ने जस्तो भएर पर्चा छरेको कहानी अहिले पनि बताउँछन्। त्यस काण्डमा पनि तेज प्रकाश लगायतकालाई गिरफ्तार गर्ने प्रयास गरिएको थियो। यस घटनाको सनसनी नसिद्धिदै ०३५।०३६ को आन्दोलन शुरू हुन्छ ।

पाकिस्तानका भुट्टोलाई फाँसीमा लड्काएको विरोधमा ०३५ चैत्र २४ गते त्रिचन्द्रमा एक आमसभा गरी पाकिस्तानी दूतावासमा विरोध पत्र दिन विद्यार्थीहरूको एक जुलुस त्यसतर्फ प्रस्थान गऱ्यो। तर लैनचौरमा पुलिस आक्रमण भयो। छात्रनेताहरू गिरफ्तारमा परे। बन्दी विद्यार्थीलाई छुटाउने शान्तिपूर्ण प्रयास असफल भए पछि हड्तालको बाटो अपनाइयो । क्याम्पसहरूमा हड्ताल चम्किएर गयो । गिरफ्तारमा धेरै परे। क्याम्पस हड्ताल भएकै केही दिनमा सर्वप्रथम मा. वि. स्तरमा संस्कृत मा. वि. हड्ताल भयो र त्यस पछि सं. मा. वि. र भानु मा. वि. मिलेर उपत्यका मा. वि. हड्ताल गराए । आन्दोलन चर्किएर गयो। पस्कल काण्ड पछि सबै छात्रावास बन्द गरिए। तर पनि मा. वि. स्तरका छात्रहरूले छात्रावास छोडेनन्। आन्दोलनलाई तन, मन

☐ अरुणोदय–वर्ष–२०/२१, ०३५/३६ सालको विद्यार्थी आन्दोलन व्रतराज आचार्य ।

घनले सहयोग गरी नै रहे । आन्दोलन सञ्चालन गर्ने भूमिगत केन्द्र-हरू मध्ये यो छात्रावास पनि एक थियो । माग पूरा भए । ०३६ जेठ १० गते जनमत संग्रहको समेत घोषणा भयो ।

संस्कृत छात्रावास पूर्णताया बहुदल प्रचारको केन्द्र बन्न पुग्यो । पहिलो बहुदल प्रचारको आमसभा यसै छात्रावासको प्राङ्गणमा सम्पन्न भयो । कृष्ण प्रसाद भट्टराई, मनमोहन अधिकारी (ने० क० पा०), विदुर पौडेल आदि वक्ताले बहुदलको सर्वाङ्गीण महत्त्वमाथि प्रकाश पार्नु भएको थियो । विभिन्न जिल्लाका बहुदल सम्पर्क केन्द्रहरू, सभा, मिटिङ्ग, भेटघाट आदिको केन्द्रविन्दु पनि बन्यो । यहाँका छात्रहरूले बहुदलको पक्षमा पर्चा, पोष्टर, मायकिङ्ग आदि दिनहुँ गरिरहन्थे । वेलुका खाना खाएर ३०।४० जनाको ग्रुप ग्रुप बनाइ बहुदलको पक्षमा ह्याइण्ड मायकद्वारा प्रचार गर्दै हिंड्ने गरेको अनुभव यस लेखकलाई पनि छ । विभिन्न कारणवश बहुदलले विजय हासिल गर्न सकेन ।

०३६ मा वी० पी० सख्त विरामी भई उपचारको लागि चन्दा संकलन गर्दा ने. वि. संघका थुप्रै तरूणहरू थुनामा परे । यस छात्रावासका राजेन्द्र दहाल, चूडामणि अर्याल आदि पनि पुलिसको आँखाबाट बच्न सकेका थिएनन् ।

वी. पी. ०३९ श्रावण ६ गते यस धर्तीबाट बिदा लिनु भयो । वी. पी. को १३ औं पुण्य तिथिको अवसरमा नेपाल विद्यार्थी संघ केन्द्रीय कार्य समितिले यसै छात्रावासमा एक भव्य शोक सभाको आयोजना गरेको थियो । पुरुषोत्तम दहाल, कृष्ण ज्ञवाली आदिले यसमा आफ्नो विचार राख्नु भएको थियो ।

२०४० मा काठमाण्डूमा सम्पन्न ने. वि. संघको चारौं राष्ट्रिय महाधिवेशनमा पनि यस क्षेत्रका छात्रहरूले सक्रियताका साथ भाग लिए । यही समय वरिपरि सुरजपुरा हत्याकाण्ड आदिको

विरोधमा सक्रिय सहभागिता रह्यो। यस अघिको (०३८) आम-निर्वाचन पनि बहिष्कृत रह्यो।

२०४२ साल जेठ १० गतेदेखि नेपाली काँग्रेसले देशव्यापी रूपमा सत्याग्रह आन्दोलन गऱ्यो। यसमा तन मन धनले छात्रहँरूले सहयोग गरे। एक्शन कमिटीका विभिन्न ग्रुपहरूमध्ये एक टुकडीको केन्द्र यही छात्रावास थियो। भूमिगत कतिपय मिटिङ्गहरू यहीं सञ्चालित हुन्थे। पर्चा वितरणको मुख्य स्थल यही थियो। यहाँ २५ जना छात्रहरूले सत्याग्रहमा भाग लिएर गिरफ्तार दिइसकेका थिए। असार ६ गते बम काण्ड भयो र सत्याग्रह स्थगित भयो। बमकाण्ड पछि छात्रावासमा के कस्ता घटना घटे त्यसको विवरण अरुणोदयमै (वर्ष २२/२३ सं. ३-४, १-४ मा त्यो दिन त्यो रात त्यस्तै भयो) पढ्न पाइन्छ।

०४४ सालमा ने. वि. सं. को पाँचौं राष्ट्रिय महाधिवेशन भयो। यसको कहानी पनि त्यस्तै छ। भारत नेपाल सम्बन्धमा तनाव पैदा भएको हुँदा यस पटक गिरफ्तार गरिएन। तर उद्घाटन भाषण हुँदा हुँदै अस्कलमा पुलिस हस्तक्षेप भयो।

२०४५ साल वैशाख १ गते सर्वोच्च नेता गणेशमान सिंहको सम्मानमा छात्र कार्य समितिले एक अभिनन्दन समारोह गरेको थियो। त्यस समारोहलाई सम्बोधन गर्दै श्री सिंहले अभिनन्दन होइन मलाई आन्दोलन चाहिएको छ भन्नु भएको थियो र अब ३ वर्ष भित्र नेपालमा ठूलो उथल पुथल आउने छ भन्ने भविष्य वाणी पनि गर्नु भएको थियो। नभन्दै ०४५ चैत्र १० गते देखि नेपाल भारत सम्बन्धमा गतिरोध आयो, उथल पुथल र अस्थिरताको वातावरण सृजना भयो। क्याम्पसहरू हड्ताल र बन्द पनि भए। छात्रावास पनि बन्द रह्यो।

२०४६ साल कार्तिकमा बसेको नेपाली कांग्रेसको केन्द्रीय बैठकले राष्ट्रिय अन्तर्राष्ट्रिय राजनैतिक घटना चक्रको विश्लेषण गरी छिट्टै 'राष्ट्रिय जन आन्दोलन' गर्ने निर्णय गऱ्यो। कांग्रेसको राष्ट्रिय सम्मेलनले मिति तोक्ने भनी ०४६ माघ ५, ६ र ७ गते राष्ट्रिय सम्मेलनको आयोजना भयो। ०४६ फागुन ७ बाट राष्ट्रिय जन आन्दोलन गर्ने निर्णय पनि भयो। नेताहरूले देश भ्रमण गरी मनस्थिति र जनमत तयार पारे।

कम्युनिष्ट शक्तिले पनि वाममोर्चा गठन गरी नेपाली कांग्रेसलाई सहयोग गर्ने निर्णय गऱ्यो। ०४६ फागुन सात गते देखि जन आन्दोलन शुरू भयो। आन्दोलन चर्कंदै गयो। राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन प्राप्त भयो। ०४६ चैत्र २४ गतेको राजाको कदमबाट जनता झन् उत्तेजित भए। अन्ततोगत्वा २६ गते बहुदलको घोषणा गर्न राजा बाध्य हुनु पऱ्यो।

०४६ माघ ५, ६, ७ गतेको सम्मेलन देखि नै छात्रावासले आन्दोलन प्रति आफ्नो गहिरो आस्था प्रकट गऱ्यो। ७ गतेदेखिको आन्दोलनमा पूर्ण सहयोग रह्यो। क्याम्पस र हाइस्कूलका समेत सयौं छात्रले गिरफ्तार दिए। त्यस्तै विदुर पौडेल, पुरुषोत्तम दहाल, नवराज कट्टेल लगायतका शिक्षकहरू आन्दोलनमा लागे वापत गिरफ्तारमा परेका थिए। पूर्णचन्द्र वाग्ले, नवराज ढकाल, देवराज नेपाल, नवराज लम्साल, धनेश्वर नेपाल, शिव अधिकारी, दुर्गामणि सिग्देल, दिलीपराज न्यौपाने, गोविन्द अधिकारी, शिव प्र० सापकोटा लगायतका छात्रहरू सख्त घाइते थिए भने २४ गते छात्रावास अगाडि भएको नृशंस घटनामा पर्नेहरू मध्ये घनश्याम खतिवडा धेरै दिनको वेहोसी पछि मुस्किलले मात्र पुनर्जीवन प्राप्त गरे।

यसरी २००४ साल देखि नै यस संस्कृत छात्रावासले आफूलाई मानव

अधिकार, प्रजातन्त्र र बहुदलीय राजनैतिक पद्धतिको पक्षमा सदैव उभ्याइ आएको पाइन्छ। राजनैतिक क्षेत्रमा यही नै मूलभूत उपलब्धि र यस संस्थाको महत्त्व पनि हो। आउँदा दिन, वर्ष र शताब्दीहरूमा पनि यस संस्थाले यसै गरी मानव अधिकार, प्रजातन्त्र र बहुदलीय राजनैतिक सिद्धान्तका लागि महत्त्वपूर्ण काम गर्दै जावस् भन्ने शुभेच्छा सहित यस प्रसङ्गलाई यहीं टुङ्ग्याउन चाहन्छु।



---

संदष्टेऽधरपल्लवे सचकितं हस्ताग्रमाधुन्वती
मा मा मुञ्च शठेति कोपवचनैरानर्तित भ्रूलता
सीत्काराञ्चितलोचना सरभसं यैश्चुम्बिता मानिनी
प्राप्तं तैरमृतं श्रमाय मथितो मूढैः सुरैः सागरः ।।

— अमरूकशतकम्

---

# सपना

—नवराज लम्साल,

स्वप्नाहरू फुल्न अवश्य पर्छ,
आकाहरू गुन्जन आज पर्छ ।
आशाहरू आश्रित बन्न दिन्न,
भन्थिन् उनी "साथ म छोड्न दिन्न ॥

आएर चट्ट नजिकै बसेर,
मुसुक्क हाँसी दिलमा पसेर ।
क्यै भन्न खोज्थिन् तर लाज मान्थिन्,
संगै बसी फेर उठेर जान्थिन् ॥

लर्काइ हाँगो कति फूल टिप्थें,
चुल्ठो दुईमा म लगाइ दिन्थें ।
फुल्दक पर्थिन् अति घुम्टो ओढ्थिन्,
खोसी कनै फेरि रुमाल लिन्थिन् ॥

राम्री तिमी छौ म असाध्य भन्थें,
"आफू छु कस्तो ?" भनी सोध्न खोज्थें ।
'राम्रो' भनी बल्ल जवाफ दिन्थिन्,
लाडे बनी प्यार मबाट लिन्थिन् ॥

बाँच्दै थियौं नित्य रमेर हामी,
अनित्य आफू पनि नित्य मानी ।
माया भुली कोमल दूर गैछ,
कल्पांस्त ब्यूँझें सपना रहेछ ॥

# विज्ञान–शरीर◆

—प्रा. विदुर पौडेल

प्राणी शरीरमा एकखाले यौगिक प्रक्रियाको अनुसार विचार गर्दा–

मूलाधार स्थित पद्ममा ४ दल, ४ वायु, ४ देवता र ४ अक्षर रहन्छन् । त्यसरीनै स्वाधिष्ठानस्थित पद्मगा ६ दल, ६ वायु, ६ देवता, ६ अक्षर हुन्छन् । मणिपुरमा १० दल, १० वायु, १० देवता, १० अक्षर हुन्छन् । त्यसरीनै अनाहतमा १२ दल, १२ वायु, १२ देवता १२ अक्षर र विशुद्धमा १६ दल, १६ वायु, १६ देवता र १६ अक्षर हुन्छन् ।

आज्ञाचक्रमा दुई दल, दुई अक्षर हुन्छन् । तर यस्को गणना विनै यी सबै मिलाएर एक, वायु एक, देवता एक यिनैलाई ५१ पीठ चक्र भनिन्छ । मतभेदले अक्षरलाई घटीबढी मानी ५२ पीठ समेत मान्ने चलन छ । मूलाधार देखि आज्ञासम्म यिनै अक्षर रूप पीठ चक्र छन् । यद्यपि 'क्ष' लाई अक्षर मान्न सकिंदैन । किन भने अक्षरको अर्थ 'नक्षरतीति अक्षरम्' हुन्छ । यो व्युत्पत्ति अनुसार अक्षर अविचाली

◆१) यस लेखको पूर्वार्ध 'खोटाङ' पत्रिकामा प्रकाशित भएको छ र यो उत्तरार्ध हो ।

कूटस्थ अविकृत अनन्यय आदि स्वभाव भएको अखण्ड वस्तु बन्नु पर्ने हुन्छ। तर 'क्ष' चाहिँ 'क' र 'ष' मिलेर बनेकोले यो वर्णलाई दुई भागमा फोर्न सकिने हुँदा अविकृतत्व आदि गुण नरहेकोले यस्मा पारिभाषिक अक्षरत्व मात्रै छ। यो एक पक्ष हो। अर्को पक्षमा 'क्षकार:स्यादूर्ध्वे' यस्मा ऊर्ध्वसहस्रार भन्दा माथि पूर्णचन्द्र र सो भन्दा माथि अखण्ड अमृत स्वरूप 'क्ष' मानिन्छ। जसरी सहस्रार भन्दा माथिको चन्द्रमा सदा षोडशकल छ त्यसमा कुनै कला कमी वेसी या घट्ने बढ्ने भइ रहँदैन त्यसरी नै यो 'क्ष' पनि घट्बढ् नहुने अखण्ड मानिन्छ। सहस्रार भन्दा माथिको कला क्षयरहित पूर्णचन्द्रमा-पुग्ने योगीको उमेरमा पनि चन्द्रमाको सोह्रकला जस्तै सोह्र वर्षकै भइरन्छ। भगवान् श्रीकृष्णले रास लीला गर्दा वर्णन गरिएको चन्द्रमा त्यही हो। यो नै वास्तव चन्द्रबिम्ब हो। यो बिम्बीभूत चन्द्र हो र अरू चन्द्रमा यसैका प्रतिबिम्ब मात्र हुन्। त्यसरी नै महायोगेश्वरेश्वर कृष्ण नै चराचर जगत्का बिम्बस्थानीय हुन् र जगत् उनको प्रतिबिम्ब मात्र हो। यही भागवत् ग्रन्थको तात्पर्य हो।

उर्ध्वसहस्रार भन्दा मुनितिर भएका सबै चन्द्रमाहरूका ठाउँ अनुसार आ-आफ्ना ढङ्गले कला घटबढ भइ नै रहन्छन्। हाम्रो अनुभव र दृष्टिमा आउने चन्द्रमाको अमाकला औंसीमा पनि रहिरहन्छ र शुक्लप्रतिपदा देखि दर्श आदि नाम गरेका एक एक कला दिन दिनै थपिएर पूर्णिमामा सोह्रकला पुग्छ। त्यसैले दर्श पूर्णमास मध्ये दर्श गर्दा अमा कलामात्र भएको औंसीमा नगरेर दर्शकला-समेत भएको तिथि प्रतिपदामा गरिन्छ। यसैले यस कर्मले दर्श भन्ने अन्वर्थ नाम पाएको हो।

अक्षरले अनन्तशास्त्र ज्ञान-विज्ञान जन्माउँछन्। तन्त्रमा अक्षर-लाई मातृका भनिएको छ। आमा र मातृका एकै अर्थ हो जसरी

विभिन्न स्वभाव भएका छोराछोरी आमाले जन्माउँछिन् त्यसरी नै विभिन्न गुण भएका तत्वहरू यी मातृकाहरूले जन्माउँछन् । बाबु विना आमाले बच्चा जन्माउन नसक्ने र इन्जक्सनद्वारा पनि वीर्यको प्राधान स्त्रीगर्भाशायमा गरिने हुँदा रज र वीर्यको सम्बन्ध विना स्वयं बच्चा जन्माउने आमा पनि जन्मिन नसक्ने हुनाले यी अक्षर (मातृका)हरूको उत्पत्ति प्रकाशस्वरुप परमशिव र विमर्शात्मिका परमा शिवा बाटै सर्वप्रथम हुन्छ । यी दुईको स्वरुप चाँहि अखण्ड छ । तर पनि यो अवस्था सभाग भएकोले पूर्ण अखण्ड चाँहि भन्न मिल्दैन । परमशिवलाई "अहं शिव" अर्थात् म शिव हुँ भन्ने जो बोध छ त्यसै भित्रका म भाग र बोध(जान्नु) भागलाई प्रकाश र विमर्श भनिन्छ । 'म' भाग प्रकाश र 'बोध' भाग विमर्श शक्ति (शिवा) रूप पर्दछन् । जसरी कुनै व्यक्तिले आफूलाई म फलानो हुँ भनेर जानिरहेकै हुन्छ । यस्मा 'म' अंश र 'जान्नु' अंश परे पनि त्यो व्यक्ति ती दुवै अंश मिलाएर जसरी एउटै र अखण्ड सामान्य लौकिक दृष्टिमा मानिन्छ त्यसरी नै शिवले आफू भनेर जान्नु नै प्रकाश र विमर्श भएकोले आफूलाई जान्नु एउटै अखण्ड रूप नै पर्छ भन्ने शास्त्रीय विचार हो । तर यस्लाई पनि सखण्ड नै भन्नु पर्छ । यो नै परमशिवरूप हो । यसैबाट संपूर्ण मातृका र भैरव-भैरवी अनि यिनैबाट तत् तत् तत्व पैदा हुँदै सूक्ष्मतम सूक्ष्मतर सूक्ष्म र स्थूलसृष्टि क्रमशः पैदा हुँदै जान्छन् ।

अक्षरको उच्चारण गर्दा मुख्यतः दुई कुरा हुन्छन् १) उच्चारण गरिने अक्षरको भावना २) उच्चारण संगै रव (शब्द) । यो क्रम बोल्नेको निमित्त हो । सुन्नेको लागि भने पहिले रव (शब्द) अनि भावना ।

यिनै अक्षरहरू भावना रूपमा मातृका र स्वरूपमा भैरव मानिन्छन् । यिनै भैरव भैरवी (मातृका) नै परमशिवपछि तत्व-

सृष्टिका मूलाधार हुन्। चिच्छक्तिबाट अनुत्तर प्रकाश अर्थात् 'अ' अक्षर अभिव्यक्त हुन्छ। अ देखि अः सम्म स ह स्वर पैदा भएपछि फेरि त्यही प्रथमाक्षर अ देखि क र सोह्रौं अः देखि स र ह निस्कने कुरा तन्त्रशास्त्रहरूमा वर्णन पाइन्छ। श ष स मा अभेद मान्ने कुरा पनि देखिन्छ। त्यसै 'क्ष' मा क ष दुई अक्षर पर्ने हुँदा प्रत्याहार-न्यायले अदेखि हसम्मका अक्षर आउँछन्। अक्षमालिका भन्नाले अदेखि क्ष सम्मका यिनै अक्षरलाई सङ्केत गरेको हो। जप गर्दा यिनै अक्ष-रलाई मालाको काममा संख्या राख्न प्रयोग गरेमा त्यो जप अति उत्तम हुन्छ। तर क्षलाई सुमेरु मानिने कुरा उल्लेख भएकोले यस्तो माला जप्दा सुमेरुलाई गनिदैन या संख्याको गणनामा त्यसलाई पारिदैन। त्यसरी नै 'क्ष' लाई पनि गन्नु हुँदैन। जस्तो सुमेरुमा जडिएको रूद्राक्षले वा कुनै दानाले बीचमा बसेर वतिर पतिरका दुवै संख्येय दानालाई समेट्छ त्यसरी नै 'क्ष' ले पनि प्रत्याहारन्यायले अ देखि ह् सम्मका सबै अक्षरलाई समेट्छ।

वेदान्तमा स्वप्रकाश भनेर ब्रम्हलाई भन्ने गरिन्छ। यही स्व-प्रकाश भित्रको जुन प्रकाशभाग हो त्यसलाई प्रकाश र विमर्शमा विभक्त गरेर परमशिवको स्वरुप मानी तन्त्रमा व्याख्या गरिन्छ। स्वप्रकाश ब्रम्हमात्र भएको अरू जगदादि केही नभएको अर्थात् "ब्रम्ह-सत्तातिरिक्तसत्ताकत्वाभावः" ब्रम्हसत्ता भन्दा बाहेक अर्को सत्ता छैन भन्ने कुरा वेदान्तमा गरिन्छ। तर वेदान्तीहरूको दृष्टि स्थूल छ भन्ने जस्तो लाग्छ। किनकि स्वप्रकाश भन्दा स्व र प्रकाश दुई अंश स्पष्ट रूपमा रहँदा रहँदै त्यसलाई अखण्ड अद्वितीय निर्विशेष भन्न मिल्दैन। वेदान्तीहरू यसैलाई अखण्ड अद्वितीय चिद्घन सच्चिदानन्द भन्छन्। यो स्वप्रकाश सच्चिदानन्दस्वरुप त होला तर अखण्ड छैन, स्व र प्रकाशको जोड छ। यदि जो स्व हो त्यहीनै प्रकाश भने पनि स्व

या प्रकाशले नै विवक्षितार्थबोध भइ हाल्नेमा शब्दभार थप्नुपर्दैनथ्यो। विमर्श विना प्रकाशमा प्रकाशत्व रहँदैन। यो सर्वमान्य कुरा हो। अनि विमर्श थपिने बित्तिकै तीन चीज बन्दछन्। आज सम्मका अनुभवी र शास्त्रसमेतलाई स्वप्रकाशको मात्र ज्ञान छ स्व को ज्ञान छैन। किनभने चिदंश (प्रकाशं) लाई छोडेर ज्ञान सम्भव छैन। चिदंश रहेर भएको ज्ञानमा स्वमात्र रहेको मानिदैन। चिदंश न रहे ज्ञानै हुँदैन। त्यसैले स्व मात्र छ भन्ने कुरा सिद्ध गर्ने कुनै उपाय नभए- कोले स्व छ भन्न नसकिने हुँदा अन्तिममा केही छ या छैन यो कसैले भन्न सक्दैन। त्यसैले वेदान्तिको ब्रम्ह स्वप्रकाशको जगत् विवर्त हुन सक्छ तर छ, छैन भन्न नसकिने स्व को कदापि विवर्त बन्दैन। त्यसैले जति पनि जगज्जाल छ त्यो स्वप्रकाश ब्रम्ह र परमशिवकै विवर्त हो तर ती दुवैले छ छैन भन्न नसकेको स्वको विवर्त चाहि होइन। शून्यमा गएर टुङ्गो लागेका बौद्धहरू यद्यपि वेदान्तीहरू भन्दा एक श्रेणी माथिका हुन् तर शून्यको विवर्त जगत् हो भन्ने बित्तिकै वास्तविक स्व पत्ता नलागेर वेदान्त्रिहरू पछारिए झैं पछा- रिन पुगे। जहाँसम्म तन्त्रको कुरा छ जागृत्, स्वप्न, सुषुप्ति, तुरीय, तुरीयातीत र अवस्थातीत यति मध्ये अवस्थातीतमा समेत एक कलाको अनुवर्तन हुने र सो कला प्रकाश रूपमै रही परमानन्द रूप हुने भन्ने कुरा छ त्यो पनि प्रकाश+परमानन्द आदिको दुर्गन्धले दूषित भएबाट वेदान्ति र बौद्धको वस्तु जस्तै अखण्ड स्थिति खोज्नेहरूको लागि अनुपादेय र हास्यास्पद छ।

यसैले वेदान्त दर्शन, बौद्धदर्शन, तन्त्रदर्शन र यस्तै अरू पनि दर्शनहरू सखण्डता भन्दा माथि ऊठ्न नसकेकाले यिनीहरूको शरण परेर आफूले खोजेको अखण्ड वस्तु पाउने आशा छोडिदिए हुन्छ। अखण्ड वस्तु छ छैन यो कसैले भन्न सक्दैन तर छ भने त्यो स्व- प्रकाश पनि छैन र त्यसको विवर्त पनि बन्दैन।

इन्जिन–हावा–आत्मा

# शान्ति–कामना

–प्रकाश भण्डारी

मानवत्व शरीरमा आश्रित,
शरीरको आधार हावा-दृष्टिरूपमा,
अदृष्टि रूपमा आत्मा–खियाविहीन इन्जिन,
दुई दिनको रमझम शरीर, यदि हावा छभने,
एक किसिमको अन्न नाशक मेशिन यदि खिया छैन भने,
हो खियाले मेशिन, त्यसपछि फ्याक्ट्री बन्द भयो, व्यापार सुक्यो
अनि–
अनि हावाले, हिमालपगाल्ने उद्देश्य लिएको आगोमा पानी पर्‍यो
हास्ने लक्ष्य लिएको कल्पनालाई बीचमै उडाइदियो,
दूध खाने बालकको–मातृहस्त अचल बनाइदियो,
हो, हावा उड्यो, केवल आफूमात्र हैन,
पातपतिङ्गर अदृश्य भए,
नजिकै रुखमा गुँड लगाएर बसेको परेवाले बचरा समुद्रमाभेट्यो
कोइलीको फूल भुँइमा फुट्यो,
हरिणको आहारा खरायोले भेट्यो,
हो–हावा उड्यो,, आँधी भएर,
जीवन–हावाको आँधी रूप हो
कहीले मन्द, कहिले तीव्र ।
कतैबाट आउँछ, उड्छ, उडाउँछ,
केवल उडाउँछ, आफ्नो लागि उडाउन सक्दैन,

दुई दिन रुखसंग मीत लाएर के गर्नु ?
एक्लै उड्नु पर्दछ,
दुई दिन पानी सोसेर के गर्नु ?
आँधीमा पानी भाग्छ,
दुई दिन भकुण्डो भित्र आराममले बसेर के गर्नु ?
पञ्चट हुँदा एकैपटक बाहिर निस्कनु पर्छ,
के गरोस् विचरा हावा–
कहाँबाट आएर कहाँ पुग्नु छ
शायद हुनसक्छ, आकाशबाट र आकाशमै,
अथवा, यो पनि सम्भव, पृथ्वीबाट र पृथ्वीमै,
यही कारण हुन सक्छ, नारायण नारायणमै मिल्यो ।
विलयपछि पनि यदि अस्तित्व रहन्छ भने,
परेवाको बचराले फेरि उड्न नपाओस्,
कोइलीले बच्चा कोरल्न पाओस्,
हरिणको आहारा नउडाओस्,
उडिसकेकोमा धैर्यता प्रदान गरोस् ।
मेशीन बन्द भए पनि इञ्जिन रहन्छ भने,
हावा विलय भए पनि अस्तित्व रहन्छ भने,
र शरीर मरेपनि आत्मा रहन्छ भने,
इजिञ्न–अस्तित्व–हावा–
जहाँ रहन्छ सुखी रहोस्, खुसी रहोस्'
यसले चीर शान्ति प्राप्त गर्न सकोस्,
कामना !



# समाजपरक समालोचना

—प्रा० नीलमणि ढुङ्गाना

सामाजिकताको दृष्टिकोणले गरिने कृतिको मूल्यांकन वा विश्लेषणलाई समाजपरक समालोचना भनिन्छ । यसको प्रारम्भ अठारौं शताब्दीबाट भएकोहो । विकीले गरेको होमरका कृतिभित्र पाइने ग्रीक समाजको विवेचना नै यस समालोचना प्रणालीको प्रारम्भिक रूप हो । यसलाई सैद्धान्तिक रूप दिने काम भने टेनबाट भएको हो । समाजपरक समालोचनाका अनेक रूप छन् । तिनीहरूलाई मोटामोटी दुई धाराभित्र समेट्न सकिन्छ ।

१) मार्क्सवादी धारा:— यस धाराका पनि दुई उपधारा छन् (क) मार्क्स लेनिन कै सिद्धान्तका पूर्णत: अनुसरण गर्दै अघि बढेकोधारा र (ख) लोककल्याणको दृष्टिकोण राखी अघि बढेको धारा । मार्क्सवादी समालोचनाको सूत्रपात मार्क्सका मित्र एन्जेल्सबाट शुरू हुन्छ । उनले मार्क्सको वर्गद्वन्दको सिद्धान्तको आधारमा बाल्जाकका कृतिहरूको मूल्यांकन गरेका छन् । यसै कालका यसधाराका समालोचक हर्जन हुन् । उनका साहित्यिक समालोचनाहरू वर्गद्वन्द्वमा आधारित छन् । लेनिनले मार्क्सको सिद्धान्तलाई पूर्ण प्रतिष्ठा दिएपछि यसको

प्रभाव अरू व्यापक हुन्छ । अरू क्षेत्रमा जस्तै साहित्यको क्षेत्रमा पनि यसलाई पूर्ण आदर्श मानेर सृजना हुन थाल्दछ । थुप्रै कवि, लेखकहरू यसै सिद्धान्तका अनुयायी बन्न पुग्छन् । स्वयं लेनिनले सन् १९०५ मा' दलको संगठन र साहित्य' भन्ने किताब लेख्दछन् । उनले यसमा साहित्यलाई सर्वहारा संघर्षको अस्त्रका रूपमा लिएका छन् । असाम्यवादी साहित्यमाथि उनको ठूलो भर्त्सना छ । यसैमा उनले साम्यवादी साहित्यको आह्वान पनि गरेका छन् । बीसौं शताब्दीको तेस्रो दशकमा यो समालोचना प्रणाली यूरोपभरि व्यापक बन्न पुग्छ । चीनमा माओत्सेतुङले;"एनान व्याख्यान" भन्ने पुस्तक लेख्छन् । यसैबाट चीनमा पनि यो समालोचना प्रणाली विकसित हुन्छ । विभिन्न चीनिया समालोचकहरू माओ कै आदर्शका आधारमा समालोचना गर्न थाल्दछन् । भारतीय विभिन्न भाषाका साहित्यमा र नेपाली साहित्य पनि यसको प्रभाव पर्छ । हृदयचन्द्र सिंह, डि, पी अधिकारी, तानाशर्मा आदि समालोचकहरूले यिनै कोणबाट नेपाली साहित्यको मूल्यांकन गर्न थाल्दछन् । वि. सं. २००८ देखि २०१७ सम्मको नेपाली समालोचनाको क्षेत्रमा मार्क्सवादी समालोचनाको प्रयोग व्यापक रूपमा भएको छ । मार्क्सवादको सिद्धान्तलाई पूर्णत: नअंगालिकन सामाजिक कल्याणको दृष्टि लिएर पनि समालोचनाहरू भएका छन् । विशेष गरी यूरोपमा यस किसिमका साहित्यिक रचनाहरू केही लेखिएका छन् । नेपाली साहित्यमा पनि २।४ वटा यस्ता समालोचनाहरू प्रकाशित भएको पाइन्छ ।

२) गैह्र मार्सवादी धारा:– समाजको यथार्थ पक्षलाई चित्रण गरेर रचिएका सृजनाको सामाजिक दृष्टिले मूल्यांकन गर्ने पद्धतिलाई गैह्र मार्क्सवादी पद्धति भनिन्छ । गैह्र मार्क्सवादी धाराका पनि दुई धारा छन् । प्रकृत (सामाजिक यथार्थवादी धारा) र आदर्शोन्मुख (यथार्थवादी गैह्रमार्क्सवादी धारा) ।

सामाजिक यथार्थवादी धाराले साहित्यिक रचनाभित्र निम्नवर्गीय जीवनको के कस्को चित्रण भएको छ वा दैनिक जीवनमा

यथार्थताको उतार भएको छ वा छैन, छ भने कुन रूपमा र कसरी छ ? जस्ता कुराहरूको खोजीनीति गर्दछ । यो प्रणाली मूलत: फ्रान्समा विकसित हुन्छ । जोला आदि समालोचकहरू यस्का पक्षधर बन्न पुग्छन् । भारत नेपालका कतिपय समालोचनामा पनि यसको प्रभाव पर्छ ।

आदर्शोन्मुख यथार्थवादी भित्र पनि समाजको चित्रण भएको हुन्छ तर त्यो चित्रण केवल चित्रणका निम्ति नभएर कुनै लक्ष्य अथवा आदर्श प्राप्तिका निमित्त गरिएको हुन्छ । रूसमा यो प्रणाली निकै विकसित भयो । साहित्य र समालोचनाको क्षेत्रमा सामाजिक आदर्शोन्मुख यथार्थवादलाई लिएर वेलिन्सकी र उनका अनुयायीहरू निकै सक्रिय बने । फलस्वरूप यसको प्रभाव अरू देशमा पनि पर्‍यो । वेलिन्सकी र उनका अनुयायीहरूले समाजको चित्रण मात्र गरेनन् त्यसको माध्यमबाट समाज सुधारको लक्ष्य पनि लिए । उनीहरूले साहित्यलाई क्रान्तिको सहायकको रूपमा व्याख्या गरेका छन् । यस्तै टाल्स्टायले पनि नैतिक आध्यात्मिक र सामाजिक सुधार कलाले गर्नुपर्दछ भन्ने विचार राखेका छन् । कला कलाका निमित्त मात्र नभएर नैतिकजीवन दिन सक्ने हुनुपर्दछ भनी उनीहरू ठान्दछन् । आदर्शोन्मुख यथार्थवादी समालोचनाका पनि अनेक रूप छन्–नैतिक राजनीतिक, धार्मिक आदि ।

सामाजपरक समालोचना अन्य समालोचना प्रणाली भन्दा व्यापक र विकसित छ । नीतिपरक, मनोवैज्ञानिक आदि समालोचना प्रणालीमा पनि यसको आंशिक अस्तित्व छ भने आफ्नो क्षेत्रमा त यसले केन्द्रीय रूपनै लिएको छ । कतिपय समालोचकहरू यसलाई समालोचनाको केन्द्रीय रूप दिन सक्दैन भन्ने पक्षमा छन् । साहित्य वा कलाको स्वरूप वा संरचनाको क्षेत्रमा त्यति दृष्टि पुर्‍याउन

नसक्ने हुनाले यसलाई आंशिक रूपमा मात्र ग्रहण गर्नु पर्दछ भन्ने उनीहरूको धारणा छ ।

समाजपरक समालोचना प्रणाली साहित्य र समाजलाई अभिन्न (घनिष्ठ) ठान्दछ । यस प्रणालीका समालोचकहरू साहित्यलाई समाजको आदर्श ठान्दछन् । साहित्य भनेको जीवनको अभिव्यक्ति हो, त्यो जीवन साहित्यकारले समाजमै पाएको हुन्छ । त्यसैले साहित्यकारका सृजना निजी नभएर सामाजिक हुन्छन् । समाजमा हुर्कने बढ्ने र व्यवहार गर्ने हुँदा साहित्यकारका अनुभूतिहरू वैयक्तिक नभएर सामाजिक नै हुन्छन् । कृतिमा रहने विषयवस्तु सामाजिक हुन्छ । माध्यम अर्थात् भाषा सामाजिक नै हुन्छ । प्रविधि, बिम्ब, प्रतीक आदि पनि सामाजिक नै हुन्छन् । यिनीहरूको विश्लेषण र खोजी गर्ने काम यस समालोचनाको हो । मार्क्सवादी समालोचना प्रणालीमा पनि शोषित र दलित वर्गप्रति सहानुभूति, वर्गीय हितको समर्थन, सामाजिक परिवर्तनमा साहित्यको भूमिका आदि कोणबाट कृतिको विश्लेषण भएको हुन्छ । प्रकृतवादी अथवा आदर्शोन्मुख यथार्थवादी समालोचना भन्दा यथार्थवादी सामाजिक समालोचना अघि छ । गैह्र मार्क्सवादी समालोचनाको जन्म १९ सौं शताब्दीको अन्त्यमा कलाको क्षेत्रमा प्रकृतवादको उदय भएपछि त्यसैको प्रभावलाई आत्मसात गर्दै अनेक रूप लिएर ससार भरि फैलिएको हो भने मार्क्सवादी धाराचाहिं मार्क्सका सिद्धान्तको जन्म र लेनिनको उदयपछि संसारमा फिंजिएको हो । समाजपरक समालोचनालाई निम्न तलिकाबाट अझ स्पष्ट गर्न सकिन्छ ।

## समाजपरक समालोचना प्रणाली

| १) मार्क्सवादी धारा | २) गैह्रमार्क्सवादी धारा |
|---|---|
| क. मार्क्स लेनिनको सिद्धान्तलाई पूर्णतः अवलम्बन गर्ने | क. प्रकृत सामाजिक यथार्थवादी धारा (मूलतः फ्रान्समा विकसित) |
| ख. लोक कल्याणकारी भावनाबाट प्रेरित | ख. आदर्शोन्मुख यथार्थवादीधारा (मूलतः रुसमा विकसित) |

# छात्रावासका कोपिला

## बी० पी० लाई श्रद्धाञ्जलि

— श्याम प्रसाद पण्डित

श्रद्धान्जलि वी० पी० मेरो आफ्नो हृदयदेखि
गर्नसक्छु के म तिमीलाई यस्तो भनाइ लेखी ।
अझै जीवितै छौ प्रत्येक मानव मस्तिष्कमा
जीय लाखौं लाख वर्ष नेपाली आमाको काखमा ।।१।।

जहाँ भए पनि समाजवाद र प्रजातन्त्र फुलाउ
हाम्रा टुहुरा नेपालीहरूलाई सधैं स्वतन्त्रता दिलाउ
चढाउँछन् फूलका गुच्छाहरू तिम्रो सम्झनामा
प्रत्यक्ष देख्न पाइनँ मैले देख्छु सधैं सपनामा ।।२।।

अवश्य स्वर्गमा नै छौ, तिम्रा विचारहरूले
स्वतन्त्र ल्याए, तर अभाव सधैं तिम्रो महसुसले
जेलका चिसा छिंडीमा वस्दा कहिले झुकेनौ
तानाशाहका बुटबाट तिमी कहिले तर्सेनौ ।।३।।

ल्याए प्रजातन्त्र जनताले बलिदान दिएर गए
भेट्यौ होला तिमीले तिम्रो अभावको खबर दिए
गोहिका आंसु चुहाउँदै छन् तानाशाहहरू तिम्रो अभावमा
खड्किन्छन् कहिले काहीं हाम्रो बाधाहरू तिम्रो अभावमा ।।४।।

अन्तमा चढाउँछु 'श्रद्धान्जलि थिनै शब्दहरूले
नउडाओस् कहिले तिम्रो सपना मेघहरूले
तिम्रा प्याराहरू चढाउँछन् आँसु र फूलका गुच्छाहरू
साम्यवाद विश्वबाट ढल्यो ढलेनन् तिम्रा विचारहरू ।।५।।



# बी० पी० को संझनामा

— शिव तिमल्सिना

खोल्यौ बी. पी. सु-पथ तिमीले राष्ट्रको उन्नतिमा
चम्क्यो तिम्रो गहन यश यो राष्ट्रको ढुकढुकीमा ।
लड्छौं, जुध्छौं अनवरत नै राष्ट्र स्वायत्ततामा
तिम्रै बाटो हिंडिकन यहाँ लाग्दछौं सिर्जनामा ।।१।।

तिम्रा कीर्ति अनि अमरता गाउँदा सिद्धिंदैन
तिम्रा नौला अनि सरसिला भावना रित्तिंदैन
राख्यौ बी. पी. यस धरतीमा राष्ट्रको स्वाभिमान
चम्किन्छौ है युग युग तिमी सभ्यताका निशान ।।२।।

गर्छौं पूजा यस धरतिका सिर्जनाका प्रतीक
कस्तो ठूलो अमर महिमा राष्ट्रभक्ति विवेक
तिमी मेरा हृदय बिचका ढुकढुकीका निशान
तिमी मेरा नयन भरिका दृष्टिशक्ति महान ।।३।।



# प्रेयसी

– हरि प्रसाद रेग्मी

समुन्द्रका छालहरूमा
ज्वारभाटा उठाउँदै जाने
पूर्ण चन्द्रमा झैं तिमी
सधैं मेरै सामुन्ने बाट गुज्रन्छयौ ।
मेरो ब्रह्माण्डमा पनि हलचल हुन्छ,
मेरो चेतनामा पनि खलबल हुन्छ ।
व्यस्त सडकको कोलाहलमा
एउटा आवाज चित्कार गर्छ
म मर्न लागें तिमी बिना !
सुन्दरताको ज्योतिपुञ्ज झैं
सडकको पल्लो किनारामा
गर्वसाथ हिंडिरहन्छयौ
सडकको वल्लो किनारामा
चिल्ला कारहरूको वगाइले

मार्ग अवरूद्ध हुँदा,
सालिक झैं म उभिइरहेछु ।
हेर्दाहेर्दै तिमी गयौ पर
हुलभित्र छेलिएर पर
चन्द्रमा बादलले छेकियो
धर्ती सारा अँध्यारो भो
तिमी गएपछि मेरो मन
मध्यरातको सुनसान सडकमा
सालिक झैं निर्जीव भो ।



# जिन्दगी

— बद्रीप्रसाद खनाल "सिम्पल"

जिन्दगी फूलको बास्ना जिन्दगी महको रस
जिन्दगी यौटा कर्तव्य आफ्नो कर्म पूरा गर ।
जिन्दगीमा गरे देखि हुने छौ भोलिका जन
जिन्दगी नै अमूल्य धन यस्लाई उपयोग गर ।

(१)

जिन्दगी कर्मको डोरी . यस्लाई छिनाउने गर
जिन्दगी मर्मको भारी विस्तारै घटाउने गर ।
जिन्दगी आकृति यौटा यस्लाई कोर्ने गर
जिन्दगी हाँसो हो, पिण्डको रूपमा लिने गर ।

(२)

जिन्दगी हाँसोको पिण्ड यस्लाई क्षीण गर
जिन्दगी आँखाको आँसु यस्लाई पुछ्ने गर।
जिन्दगी वेद्नाको चुली यस्लाई धैर्य दिने गर
जिन्दगी दुई दिने जुनी यस्लाई स्वीकार्ने गर।

(३)



# आत्मालाई चिनौं

– कपिल प्रसाद अधिकारी

रीस–राग गरी आज शत्रु झैं सम्झने किन ?
अवश्य धरती छाडी जानु पर्छ कुनै दिन ॥
हावाले जसरी धूलो, झार्छ फेरि बटार्दछ
अघोरी कालले प्राणी, जन्माई फेरि मार्दछ ॥
अनित्य छौं सबै हामी, सारहीन जगत् सब
व्यर्थमा किन गर्दछौ, दुश्मनी वैर नै अब ॥
आत्मा एक नसम्झेर, लोभको वशमा परी
मान्छेको छैन ठेगान, जुध्छन् आज घरिघरि ॥
गुणै गुण कतै हुन्न, केही त हुन्छ बेगुन
आफ्नो चिनेर कम्जोरी, सुधार्नु हो ठूलो गुण ॥

खिंचातान गरी आज, खिइँदैछन् सबै जन
लागौं सत्कर्ममा हामी, आत्मा एकै चिनीकन ।।



# उसको अन्तर व्यथा

– दुर्गा दत्त विष्ट

सुनौलो बिहानीबाट अकस्मात्
प्रारम्भ भएको उसको जिन्दगी
आज किन हो किन अँध्यारोतिर
विस्तार–विस्तार सर्दै गइरहेछ,
प्रगतिका तरङ्गहरू प्रसारित भइरहेको वेला
अगाडि विशाल चट्टान बनी छेक्दै गइरहेछ,
एउटा कलिलो जिन्दगी
समस्याको पहाड संग जुधिरहेछ
भविष्यको कल्पना अघि सार्न खोज्दा
काँधमा गह्रुँगो भारीले थिचिरहेछ
रमाइला दिनहरूको प्रतीक्षामा
उसको आधारहीन मुटु छिया–छिया पारी दर्फन्याइरहेछ,



# सपनो विपना बनाउनु पर्छ

– घनश्याम खतिवडा "त्यागी"

किल्ला बन्द गरी हामी युद्धलाई लखेट्दछौं
युवाको शक्तिमा उच्च उमङ्ग लहराउँछौं
पछि लागी कति हिंड्ने ? आफ्नो स्वत्व रहित कैं
उठ्नु छ टाकुरी सम्म खियाई पाखुरी दुवै

॥१॥

ईर्ष्या द्वेष सबै त्यागी विश्वास भित्र बाँच्नुछ
आफ्नो गौरव साँचेर आफै अस्तित्व थाम्नुछ
आफ्नो निर्माणमा आफै उल्लास भित्र रम्नुछ
आफ्नो सुन्दरता भित्र आफै प्रणय रच्नुछ

॥२॥

अदम्य चाहना भित्त स्वमार्ग उजिल्याउने
कर्मण्य क्षण हो आज सपना मुस्कुराउने

अन्धकार स्वयं बोल्छ मृत्यु बाँच्नु अनर्थ छ
कसैले किन व्यर्थैमा अन्धकार बटुल्दछ

॥३॥

निद्रा त्यागेर उत्साह आफैले रोज्नु पर्दछ
माटोको ममता भित्र सिर्जना फुल्नु पर्दछ
नयाँ छन् कल्पना हाम्रा भावना झन् नवीन छन्
नयाँ संसारको खोजी कामना सब गर्दछन्

॥४॥

इतिहास सधैं उच्च कामना भित्र बाँच्दछ
जीवन्त स्मृति बोकेर यथार्थसित हाँस्दछ
बोकेर युद्धको घाउ इतिहास नरोउ हे
शान्तिको दीप गर्दछ आँसु पुछ्ने अठोट रे

॥५॥



# नारायण

— नारायण प्र० अधिकारी

बिहानी त के भन्छ ?
झरी लाग्दै छ ।
कोइली त के भन्छ ?

निरू जाँदै छ ।
सपनी त के भन्छ ? आगो लागेछ,
दिनले के भन्छ ? धर्ती रोएछ ?
निरुको आत्मा के भन्छ ?
विछोड हुँदैछु ।



# श्रद्धाञ्जलि

– वासुदेव भट्ट

धर्तीका स्वर्णिम आकाङ्क्षाहरूलाई
आँखाभरि, दिव्य आलोक बोकेर
हृदयमा सजाउन पुग्यौ
तिम्रो मुटुको प्रत्येक धमनी र शिराहरूमा
रगतको संचार संग सँगै
स्वतन्त्रता पो बगाई दियौ
प्रत्येक नेपालीको मुटुको
तिमी धड्कन बनिदियौ
हटायौ नेपाल आमाको,
व्यथा, वेदना र दु:खद सुस्केराहरू
सर्वत्र फिजायौ सुवासको मुस्कानहरू
धन्य हौ शहीद,
थाप्यौ गोली निर्भिक दिलले

तानाशाहको विरूद्धमा
हटायो त्यो कालो बादल
प्रजातन्त्र ल्याउनमा ।



# तिमी

– शिव प्र० सापकोटा

बिहानी आए झैं लाग्छ
मुस्कान तिमीले दिंदा
आँसीको रात झैं लाग्छ
जिन्दगी तिमीले रूँदा ।।१।।

षोडशी नै देखिइन्छयौ
बुढी हुँदै गए पनि
म मात्र भए झैं लाग्छ
अन्य तिम्रा भए पनि ।।२।।

गङ्गा जल् झैं पवित्र छयौ
तिमी जस्तै भए पनि
चुम्बक्ले झैं तानिइन्छयौ ।
टाढा टाढा गए पनि ।।३।।

# शहीदलाई श्रद्धाञ्जलि

– प्रेमराज मरासिनी

राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रको महान् कार्यमा,
देशको सच्चा सेवक बनेर
सद्भावना एवं गहन सिद्धान्तरूलाई अङ्गीकार गर्दै
अन्याय, अत्याचार, शोषण र दमन विरुद्धमा
अनेकौं युद्धसंग अविरल संघर्ष गर्दै
अनन्त जनसमूहलाई एकताको मालामा गाँस्दै,
देशका कुना, र कन्दराहरूमा
महान् जनसंघर्षको उद्घोष गरेर
आफ्ना हक हित र अधिकारहरूको निम्ति,
प्रजातन्त्रको प्राप्तिमा आत्मोत्सर्ग गर्ने
देशका सच्चा सपूतहौ तिमी ।
तिम्रो त्यो रगत र पसीनाले सिंचित
राष्ट्रको माटोलाई उर्वरता प्रदान गर्दै
सुनौलो भविष्यको कामना गरिरहेछ ।
प्रजातान्त्रिक स्वतन्त्रता र मानव अधिकारको खोजीमा
आफ्नो विचार र सिद्धान्तमा निश्चल अडिग बन्दै
प्रजातन्त्र ! जिन्दाबादको अन्तिम नारा घन्काउने
देश र जनताको निम्ति
प्रजातन्त्ररूपी बिहानी मिर्मिरेको कल्पनामा
हाँसी हाँसी आत्म बलिदान गर्ने श्रद्धेय शहीद !
तिमीलाई हाम्रो सभक्ति श्रद्धाञ्जलि ।

# धर्मः एक विश्लेषण

— डा० रामचन्द्र गौतम

भूमण्डलमा समुत्पन्न समस्त प्राणीको सुख, शान्ति र समृद्धिको लागि जसले धनधान्यादि अभीष्ट वस्तुको स्रोत पैदा गर्दछ, जुन तत्त्वले सम्पूर्ण जगतलाई धारण, पालन र पोषण गरी सुव्यवस्थित रूप प्रदान गर्दछ, अकर्तव्य र दुराचरणबाट उद्भव अनर्थ विनाश गर्न जो समर्थ हुन्छ त्यो नै धर्म हो भनी धर्मशास्त्रप्रवर्तक केही आचार्य भन्दछन्। धर्मप्राण अन्य केही विद्वान्हरूले भने धर्मको स्वरूप प्रतिपादन यसरी गरेकाछन्–आफ्नो अमोघ शक्तिद्वारा चराचरजगतलाई धारण, पालन र अवलम्बन समेत गरी सुस्थिरता प्रदान गरिएको हुन्छ। विश्वलाई यस्तो स्थिररूप दिनसक्ने अत्युत्कृष्ट शक्ति जगत्कर्ता ईश्वरमा नै अन्तर्निहित हुन्छ। यस्तो जगदीश्वरको इच्छारूप अलौकिक शक्ति विशेष नै धर्म हो। प्राणीमात्रको सुख, शान्ति र समुन्नतिको लागि जो अभिलषित पदार्थ वृष्टि गर्दछ त्यसैलाई धर्म मानिएको छ। यसरी जीवमात्रको लागि अभीष्ट वस्तु वर्षा गर्ने भएकोले शास्त्र प्रयोजक केही ऋषिमहर्षिहरू

धर्मलाई "वृष" यस्तो रूप प्रदान गर्दछन्, अर्थात् वृषशब्दले उच्चारण गर्दछन्। निरुक्तमा जुन नियम चराचरजगत्लाई नियमन गर्दछ त्यसैलाई धर्म मानिएको छ। नीति निर्माता चाणक्यले ऐहिक र पारलौकिक सुखको मूलकारण जुन हो त्यसैलाई धर्मको संज्ञा प्रदान गरेका छन्। जसबाट अभ्युदय निःश्रेयश सिद्धि हुन्छ त्यो नै धर्म हो भन्ने महर्षि कणादको मत देखिन्छ। वेदले प्रयोजनको उद्देश्य गरेर विधान गरेको अर्थ नै धर्म हो भन्ने उल्लेख श्रीमद्भागवतमा स्पष्ट छ–"वेद प्राणिहितोधर्मः" आदि मुनि मनु वेद, ऋषि, सदाचार र आत्मसन्तुष्टिलाई नै धर्मको लक्षण मान्दछन्। योगीश्वर याज्ञवल्क्यले धर्मको स्वरूपको विषयमा मनुको मतलाई नै सर्वथा समर्थन गरेको देखिन्छ।

यस्तो नित्य शुद्ध परब्रह्म परमात्मा स्वरूप धर्मतत्त्व धर्म, पुण्य, श्रेय, सुकृत र वृष यी पाँच नामले प्रसिद्ध छ।

स्याद्धर्ममस्त्रियां पुण्य श्रेयसी सुकृतं वृषः।

जगतका मालिक भगवान् परमेश्वरले यो विशाल विश्व रचना गरी यसको सुव्यवस्थापनको लागि सर्वप्रथम धर्मतत्त्वको परिकल्पना गरे। यो तत्त्व नित्य छ, सुख दुःख अनित्य छन्, अभ्युदयको इच्छा राख्नेहरूले अनित्यताका द्योतक माया मोह अनुरागादिलाई टाढैबाट परित्याग गरी नित्यधर्मको अवलम्बन गर्नु अनिवार्य हुन जान्छ। धर्म ज्यादै नजीकको मित्र पनि हो, त्यसैले मरणमा पनि अभीष्ट फल प्रदान गर्न पछि लाग्ने हुन्छ। सदैव आफ्नु माया ममतामा रहेका पत्नी पुत्र बान्धवादिले भने मृत्यु हुने बित्तिकै छोड्दछन्, तर धर्म भने साथै जाने हुन्छ, त्यसैले पत्नी पुत्रादिको प्रेमलाई त्याग गरेर भएपनि धर्म छोड्नु हुँदैन भन्ने शास्त्रको दृढनिश्चय देखिन्छ।

एक एव सुहृद्धर्मो निधनेऽप्यनुयाति यः ।
शरीरेण समं नाशं सर्वमन्यद्धि गच्छति ।।

सोमश्रवादि मुनिले महर्षि याज्ञवल्क्यलाई वर्ण, आश्रम र अनुलोमादि जातिको धर्म बताउनु हवस् भनी प्रार्थना गरे, सो कुरा स्वीकार गरी याज्ञवल्क्यले पनि वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्म समेत गरी छ किसिमका धर्म बताए। यी धर्महरूमा तोकिएको आ-आफ्नो धर्मको अभ्यास अनुष्ठान गर्नाले चित्त शुद्धि हुन्छ, विशुद्धचित्त हुनेहरू नै योगमार्ग प्राप्त गर्न समर्थ हुन्छन् । योगमार्ग द्वारा नै जीवनलाई चरितार्थ बनाउँछन् । योग भन्नाले कर्मयोग, ध्यानयोग, भक्तियोग र ज्ञानयोग लिइन्छन् । यस्ता योगादि धर्मबाट कसैले कहिल्यै पनि विरत हुन हुँदैन भनी भगवती श्रुति बराबर उद्घोष गरिरहेकी छन्–"धर्मं चर, धर्मान्न प्रमितव्यम्......" इत्यादि । धर्मगर, जीवनलाई सार्थकता प्रदान गर्ने धर्मबाट विचलित नहोऊ र धर्मको प्रभावबाट प्राप्त अनन्त सुखको उपभोग गर । धर्मको परिपालनबाट नै मानवमात्रको मानवताको सार्वत्रिक विकास सम्भव हुन्छ, विकसित मानवतामा जुन भावना र शक्ति पैदा हुन्छ त्यसैको संयोगबाट नै मर्यादित एवं आदर्शमय जनसमुदायको उत्पत्ति हुन्छ ।

मानवजीवनका सम्पूर्ण कामकर्तव्यमा धर्म र अधर्मको निकटतम सम्बन्ध रहेको पाइन्छ । जहाँ रजोगुण र तमोगुणको निवृत्ति, सत्वगुणको प्रवृत्ति हुन्छ त्यहाँ धर्मको अभिवृद्धि भएको देखिन्छ । जहाँ रजोगुण र तमोगुणको प्रभाव, सत्वगुणको अभाव रहन्छ त्यहाँ अधर्मको प्राबल्य हुन्छ ।

भगवान् परमेश्वर नै धर्म निर्माता, धर्मरक्षक र सम्पूर्ण धर्मको मूलाधार भएको कुरा धर्मप्रबोधक सबैले समर्थन गरेकाछन् । ईश्वरद्वारा परिपालित, परिरक्षित र परिलक्षित धर्मको अनास्था

अतिक्रमण गर्नु कसैको लागि पनि वाञ्छनीय हुँदैन। यसको संरक्षण संवर्धन गर्नु सबैको लागि अनिवार्य हुन्छ। सबैबाट संरक्षित धर्मद्वारा नै सबैको रक्षा हुन्छ भन्ने कुरा निश्चित छ।

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षित:।

लोकमर्मज्ञ ऋषिमहर्षिद्वारा सदाचारलाई पनि परम धर्मको रूप प्रदान गरिएको छ र लोकमा यसैको महत्व गाइएको छ। सद्गुणसम्पन्न शिष्टजनद्वारा आचरित शास्त्रसंमत परम्परागत सुपरिष्कृत आचार नै सदाचार मानिएको छ। शिष्ट भन्नाले जितेन्द्रिय शास्त्रोक्त कर्मनिष्ठ वेदधर्मशास्त्रज्ञ विशिष्ट विद्वान्हरू नै लिइन्छन्। यस्ता धर्ममर्मज्ञ धर्मप्राण धर्मपरिपालक दोषज्ञहरूको सम्पूर्ण जीवन सदाचारमय हुन्छ। यिनीहरूद्वारा गरिएको दान जप व्रत पूजा यज्ञ उपवास आदि र धैर्य क्षमा अस्तेय शौच इन्द्रियनिग्रह आदि धर्मद्योतक आचार नै धर्ममा प्रामाणिक मानिन्छन्। यस्तो आचार नै रत्नकनक धनधान्यादि संपूर्ण ऐश्वर्यको र सुखशान्तिको पनि मूलस्रोत मानिएको छ। शिष्टजनद्वारा अनादिकालदेखि आचरित हुँदै आएकोले यो सनातन एवं शाश्वत भएको छ। यसैबाट नै अन्य सबैधर्म समुद्भव हुन्छन्। यस्तो सदाचार कहिल्यै कसैबाट पनि अनाचरणीय र परिवर्तनीय हुन सक्दैन।

मानवमात्रको सभ्यता, संस्कृति, सदाचार र धर्मको मूल आधार परमप्राचीन वेद नै मानिएको छ। यसको प्राचीनता, अखण्डता, उत्कृष्टता र आदर्शता समस्त विद्वान्ले एकै स्वरले स्वीकारगरेको पाइन्छ। विद्वान्हरूले यसैबाट अत्युच्चतम शिक्षा प्राप्त गरेकाछन्। त्यही नै शिक्षा वैदिक ब्राह्मणद्वारा सर्वत्र प्रचार प्रसार भएको देखिन्छ।

एतद्देशप्रसूतस्य सकाशादग्र जन्मन:।

स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।

यसरी प्रसार गरिएको शिक्षा ज-जस्ले ग्रहण गरेका छन्, तिनीहरू नै वैदिकसंस्कारबाट सुसंस्कृत, नैतिक र चरित्रवान् पनि भएकाछन् । जो परमोच्च वैदिक शिक्षाबाट विमुख भएकाछन्, तिनीहरूनै यागादिकर्म र उपनयनादि संस्कारबाट पनि विहीन भएका हुन्छन् । यस्ता असंस्कृत प्रायश्चित्तीहरू नै विस्तार विस्तार हीनता, अधमता र निर्धनतामा प्राप्त हुन्छन् । यसरी मनुष्यको उन्नति र अवनति उनीहरूकै आचरणमा भरपर्ने हुनजान्छ ।

सिद्ध र साध्य भेदले धर्म दुई किसिमको मानिएको छ। जुन धर्म कुनै उपायको अपेक्षा राख्दैन, स्वयं सिद्धरूपले रहेको छ त्यो सिद्धधर्म हो जस्तै-पूर्णपरब्रह्म परमात्मा । यो मानिसको प्रयत्न-द्वारा सिद्ध हुँदैन । सदैव स्वतः सिद्ध नित्य निराकार रूपले रहेको हुन्छ । यसै अमोघ शक्तिको आधारमा आकाश, सूर्य चन्द्र आदि ग्रहहरू, नक्षत्रमण्डल, दिशाहरू, महासागरहरू र पृथिवी आ-आफ्नो कर्तव्यमा परायण भै सुस्थिर रूपले रहेकाछन् । यसैले श्रुति र स्मृतिहरू सिद्ध धर्म परमात्मालाई नै चराचर जगतको मूलाधार मान्दछन् ।

सम्पादित कर्मको यथार्थ फल प्रदान गर्ने भएकोले सिद्ध धर्म समस्त शुभफलको साधन रूप पनि मानिएको छ। भजन कीर्तन कथा श्रवण योग चित्तवृत्ति यज्ञ अध्ययनादि उपायद्वारा यो धर्मको साक्षात्कार हुनसक्छ। यसको तथ्य ज्ञानको लागि जुन जुन उपाय बताइएकाछन् तिनीहरूको अनुष्ठानबाट जुन अपूर्व पैदा हुन्छ, त्यो साध्यधर्म हो । सिद्धधर्म रूप परमेश्वरद्वारा जगद्धारणको निमित्त जुन नियम निर्मित भएकोछ, त्यसको अनुकूल शास्त्र निर्दिष्ट सदाचार पनि साध्य धर्म नै हो। देश, काल, वर्ण, आश्रम र अधिकारी

भेदले त्यस्तै अनुष्ठाताको शक्ति र भावना अनुसार साध्य धर्मका अनेक स्वरूप शास्त्रमा विधान गरिएका छन्, तिनीहरूमा आफ्नु अनुकूल कुनै एकको अनुष्ठान गर्नाले पुण्य उत्पति हुन्छ, पुण्यको प्रभावबाट नै मानिसहरू ऐहिक र पारलौकिक अत्युत्तम सुख प्राप्त गर्दछन् ।

---

"आर्थिक विकास नभैकन समानताको कुरा गर्नु परलोकको कथा भने जस्तो हुन्छ ।"

"राष्ट्रियताको धुक्धुकी अनुरूप राजनीति गरे अनन्त शक्ति प्राप्त हुन्छ ।"

"यद्यपि राजाद्वारा प्रजातन्त्रको विरुवा मासेकै दिनदेखि राष्ट्रियताको दुहाई दिदै आए तर देशमा अवस्था यस्तो छ कि कुनै पनि गम्भीर संकटको सामना गर्ने कुरा त परै जाओस् सामान्य संकटको मुकाबिला गर्ने क्षमता पनि छैन देशको आज । विगत १६ वर्षको खोक्रो राष्ट्रियताको प्रतिफल हो यो । सही राष्ट्रियता प्रजातान्त्रिक वातावरणमा मात्र हुर्कन सक्छ ।"

– जन नायक वी० पी० कोइराला

---

# झस्किएको क्षण

— जीवन अधिकारी

भन्छन्— सबैलाई आफ्नै व्यथा ठूलो हुन्छ,
व्यथाका कथाहरूलाई
शब्दको मालाभित्र उन्दै उन्दै
रुवाउने र हँसाउनेहरू जस्तै
प्रशंसनी कुनै व्यथामा अल्झाएर
म पनि कवि बन्न खोजिरहेको हुन्छु !

कविताको भाव खोज्न पो हो कि
आँखाहरू बाहिरतिर लाग्छन्
दुई वैंशालु आँखाहरू
परस्परमा तारतम्य मिलाउँदैछन्,
परेलाको तलमाथि गर्ने दोहोरो क्रम जारीछ
कतै बिथोलिने पो हो कि
मलाई डर लाग्छ,
म अर्कै विषय खोज्छु
अर्को कुनै एउटा ख्यालमा
आफ्नै आँखाहरू अड्याउन पुग्छु ।

कालो बादलबाट एक टुक्रा जूनले चियाए झैं
आधा खुलेको झ्यालबाट
एउटा कोमल अनुहार
के के खोजेर नपाए झैं, चियाइरहेछ
मेरै बाटो पर्खिरहेको हो कि
म झन् गहिरिएर हेर्न थाल्छु

मन न हो

पखेटा चाल्न थाल्छ,
संगै संगै नदी पार लगाउन खोज्छ,
म उनी संगै डुङ्गामा छु
परासरले फैं बादल उत्पन्न गर्ने शक्ति ममा छैन
सुधो बनिदिन्छु,
केवल इच्छाले डाँडो काट्ने काम गरिरहेछ
कल्पनाका महलहरू
एकपछि अर्को बन्दै भत्किदै जान्छन्
भग्नावशेष देखा पर्दैन
तैपनि बन्ने र भत्कने क्रम जारी छ,
बलियो महल बनाउने कोशिश गर्दा गर्दै म थाकिसकेको छु
कसैले घिच्याएको व्यथित मन लिएर हिंडेपनि
आकाशकुसुमको वासना सुँघ्ने रहरले पछ्याइरहेछ,
म अझै अगाडि बढ्ने कोशिशमा हुन्छु,
कसैले कोट्याइदिन्छ,
झस्किन्छु,
आँखाले यथास्थिति खोज्दैछ,
तर कशल रितिइसकेछ ।

## जिन्दगी

– राम संजेल

अनावृष्टिले पिरलेको रात
सत–असत् प्रवाहको तूफानमा,
दैनिक जीवनको आयतन संगै
नून, पीठो, खोर्सानीको लागि,
ओल्टँदा, पल्टँदा, तन्द्राबाट, निद्राबाट,
क्यूँकदा समयको धरातलमा–टेक्न नपाई,
एउटा अपरिवेश छरिएको जिन्दगी,
थाहा छैन ! कुन बेला उठ्नै नसक्ने गरी ढल्छ ।

(सन्दर्भ-अरूणोदय रजत-जयन्ती)

# अरुणोदयको जन्म यस्तो भूमिकामा भएको थियो

– प्रा० चेतोनाथ शर्मा आचार्य

२०२० साल आषाढको हिसावले यतिखेर 'अरुणोदय' को उमेर सत्ताईस वर्ष पूरा गरी अठ्ठाईस वर्ष छोइसकिएको छ। कुनै व्यवस्था, संस्था, पदाधिकारी वा व्यक्तिको २५,५० र ६० वर्ष पुगे पछि क्रमशः रजत, स्वर्ण र हीरक जयन्ती मनाउने चलन अहिलेको समाजमा छ। यस्तो परम्परा पूर्वीय समाजमा नदेखिए-कोले पश्चिमी रूपले आएको होला । किनभने सिलभर, गोल्डेन र डायमन जुबिली नामले पाश्चात्य देशहरूमा यसको प्रचलन रहेको पाइन्छ। त्यस हिसावले हेर्दा अरुणोदयको पनि रजत जयन्ती समय पूरा भइसकेको छ। तर रजत जयन्ती मनाउँदैमा कुनै पनि व्यवस्था वा संस्थाको स्थायित्व कल्पना गर्न नसकिने कुरा चाहिं केही वर्ष अगाडि मनाइएको पञ्चायती व्यवस्थाको रजत जयन्तीलाई हेरेर मात्र पर्दछ। पञ्चायती व्यवस्थाको पच्चीस वर्ष पुगे पछि कैयौं खर्च

लगाएर देशका विभिन्न भागमा ठड्याएका स्मृतिस्तम्भहरू अहिले उपहासका चिह्न बनेका छन्। एक राजनैतिक व्यवस्थाको त्यस्तो स्थिति देखिए पनि अरुणोदयले रजत जयन्ती पछि पनि त्यस किसिमको दु:स्थितिमा पुग्नु पर्ने छैन भन्ने कुरामा म विश्वस्त छु। साँच्चै भन्ने हो भने यसको जन्मकालमा म त्यति विश्वस्त थिइन।

शायद अबको अङ्क रजत जयन्ती विशेषाङ्कको रूपमा निकालिन लागिएकोले होला यतिखेर त्यस पत्रिका सित सम्बद्ध विद्यार्थीले मसित यौटा लेखको लागि अनुरोध गरेअनुसार मैले लेख्नु पर्ने भएको छ। संख्याको हिसाबले यस पत्रिकामा मेरा थोरैमात्र लेख प्रकाशित भएका छन् मात्र चार-पाँच। म आफू सम्पादक भएको पहिलो अङ्कमा 'वर्तमान भौतिक संसारमा अध्यात्मवादको स्थान' भन्ने शीर्षकको निबन्ध प्रकाशित भएको थियो। त्यो निबन्ध २०२० जेठ २४ गते आरम्भ भएको रानी-पोखरी संस्कृत प्रधान पाठशालाद्वारा आयोजित पुनर्मिलन समारोह अन्तर्गत भएको साहित्य सम्मेलनको लागि तयार पारिएको र दोस्रो दिन कविवर केदारमान व्यथितको सभापतित्वमा सुनाइएको थियो। अरुणोदयमा प्रकाशित भएपछि त्यो निबन्ध निकै पछि गोरखापत्रले साभार उद्धृत गरेको थियो। त्यस पछिको दोस्रो लेख थियो 'शान्ति पथको यात्री'। अरुणोदयको पहिलो सम्पादकको नाताले यौटा अन्तर्वार्ता छापिएको थियो भने गत रजत जयन्ती वर्ष संयुक्ताङ्कमा शिष्टाचार सम्बन्धी एक लेख। यी चार बाहेक अरूको सम्झना मलाई छैन।

अहिले चाहिं मलाई अरू विषयमा लेख्नु भन्दा यस पत्रिकाको जन्म सम्बन्धी भूमिका बारे सम्झेका केही कुरा उल्लेख गर्नु उपयुक्त होला कि भन्ने ठानेर त्यसै गर्दछु। यद्यपि यस किसिमको भूमिका अन्य क्षेत्रको लागि कुनै महत्वको नठहरिएला तर पनि सम्बद्ध

पत्रिका र यससित सम्बन्ध भएकाहरूको लागि त्यसको पनि थोर-बहुत ऐतिहासिक स्वरूप बुझ्न मद्दत पुग्ला भन्ने ठान्दछु । हुन त त्यस भूमिकाको चर्चा गर्दा मेरा कतिपय निजी कुरा पनि त्यसभित्र हुन पुग्लान्, जस्को लागि पाठकले मेरो बाध्यता सम्झिदिनु पर्ला । अर्को कुरा त्यतिखेर नजीक वा टाढाघाट साथी या विपक्षीको रूपमा हेरिने र व्यवहार गरिनेहरू अहिले आ-आफ्नो क्षमता अनुसार राजनैतिक, बौद्धिक र सामाजिक क्षेत्रमा निकै नामी पनि बनिसकेका छन् । तर यस चर्चामा उनीहरूलाई व्यवहार गरिने शब्द उतिखेरकै ठानेर साधारण हुनेछ र गरिने छ ।

अब म पाठकहरूलाई गाउँ फर्क राष्ट्रिय अभियानले 'गो टु भिलेज' भने झैं 'गो टु ब्याक' भन्दै २०१७ तिर दृष्टि लगाउन अनुरोध गर्दछु । किनभने मैले उल्लेख गर्न खोजेको भूमिका त्यति बेला सितै सम्बन्ध राख्ने छ, मेल खाने छ । जुन कुरा जुन कालमा घटेको छ त्यसलाई तात्कालिक परिस्थिति अनुसारै हेर्नु स्वाभाविक पर्दछ ।

सत्र सालको प्रारम्भिक त्यो बेला १४ सालको सशक्त आन्दोलनले संसदको लागि चुनाव हुने छ भन्ने श्री ५ महेन्द्रको घोषणा अनुसार पन्ध्र सालमा निर्वाचन भई ७४ सीट विजय प्राप्त गर्ने कांग्रेस सरकार थियो । संसदमा प्राप्त सीट संख्याको हिसाबले दोस्रो स्थानमा गोरखा परिषद् थियो । त्यसरी गोरखा परिषद्ले दोस्रो स्थान प्राप्त गरी विरोधी दलको भूमिका वहन गरे पनि धेरैजसो प्रबुद्ध व्यक्ति र विद्यार्थीहरूको झुकाव एक नम्बरमा कांग्रेस तिर थियो र दुइ नम्बरमा कम्युनिष्टतिर । त्यसो हुँदा बाहिरी क्षेत्रमा विरोधी दलको भूमिका कम्युनिष्टले वहन गरेको देखिन्थ्यो । संसदमा प्राप्त सीट संख्या भने उसको नगण्य नै थियो । पहिले र त्यतिखेर संस्कृत छात्रावासमा बसेर पढ्नेहरूले दुवैतिरको प्रतिनिधित्व गर्दै आएको पाइन्थ्यो । कांग्रेस पट्टि त कतिपय नेताका

रूपमा पनि प्रसिद्ध थिए भने कम्युनिष्ट पट्टि पनि नाम चलिसकेका व्यक्ति थिए। त्यसै अनुसार पन्ध्र सालको चुनावताका कांग्रेसको तर्फबाट श्रीभद्र खनाल कांग्रेसपार्टीतर्फबाट यहाँका विद्यार्थीले हामीलाई भोट दिनुपर्छ भन्न आएका थिए भने कम्युनिष्टपार्टीको तर्फबाट कमलराज रेग्मी।

चुनावपछि बहुमतमा कांग्रेस आएकोले उसैको सरकार बन्यो। सरकार बनाउने पार्टी भएकोले सबैतिर उसको दबदबा हुनु त स्वाभाविकै थियो तर विद्यार्थीवर्गमा कम्युनिष्टको प्रभाव पनि कम थिएन। त्यसो हुँदा हरेक कलेजमा यूनियनको चुनाव हुँदा दुवै गूट बीच संघर्ष पर्नु स्वाभाविक थियो। कतै कसैको बहुमत हुन्थ्यो भने कतै कसैको। ठूला छात्र संगठनहरू त्यतिखेर चार थिए। नेपाल विद्यार्थी फेडरेशन, स्टुडेन्ट यूनियन, नेपाल छात्र संघ र संस्कृत छात्र संघ। संस्कृत छात्रसंघकै अवान्तर शाखाको रूपमा संस्कृत छात्र संघ उपत्यका समिति पनि थियो। यी दुवैको कार्यालय अन्यत्र नभएर छात्रावासकै प्रकाश टोलको मुन्तिर थियो। यस छात्रावास संघमा पनि वाम र दक्षिण दुवै विचारधारा राख्ने विद्यार्थी हुन्थे। ०१२ सालमा भएको महाधिवेशनमा संघको विधान अध्यक्षात्मक हुने कि सभात्मक भन्ने बारे दुवै गूट बीच निकै गरमा गरमी बहस चलेको थियो। अच्युत राज रेग्मीले अध्यक्षात्मकको पक्षबाट बोलेको र भुवनेश्वरगौतमले सभात्मक पक्षबाट बोलेको जस्तो मलाई लाग्छ। हुन त मैले पनि त्यस सम्मेलनमा प्रतिनिधि रूपले नै भाग लिएको छु तर विधानको मर्म बुझ्ने म भैसकेको थिइन।

त्यतिखेरका छात्र संगठनहरूमा संख्यात्मक दृष्टिले संस्कृत छात्रसंघ सानै थियो र आर्थिक दृष्टिले कमजोर पनि। किनभने सामान्य आर्थिक स्थिति भएका अनि पहाडी क्षेत्रका छात्रहरूको

संस्कृत पढ्नेमा बहुलता हुन्थ्यो जो अद्यापि छ। तदनुसार संगठन पनि आर्थिकरूपले निर्धो हुनु स्वाभाविक थियो।

तर आर्थिक स्थिति त्यस्तै भएपनि बौद्धिक जागरण र क्षेत्रीय बहुलताको दृष्टिले यो पछि थिएन। किनकि संस्कृत पढ्नेहरू एकोहोरो शास्त्रीय घोकन्ते विद्या बाहेक वर्तमान संसारको आधुनिक राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक र साहित्यिक जस्ता विषयहरूमा उनीहरू निष्पट्ट हुन्छन् भन्ने जो सामान्य धारणा थियो त्यसलाई मेटाउन पनि संस्कृतका विद्यार्थीहरू सफल बन्दै गएका थिए। किनभने ०६ सालदेखि नै बनारस क्विन्स कलेजसित सम्बन्ध राखिएकोले पाठ्यक्रम उसैको लागू भएको थियो। त्यो पाठ्यक्रम शास्त्रीय विषय बाहेक अरू विषय हिन्दीमा थियो। त्यसो हुँदा थोरबहुत भए पनि हिन्दी सिक्नु आवश्यक हुन्थ्यो। संस्कृत पढ्नेका लागि हिन्दी सिक्नु कठिन कुरा थिएन। हिन्दी पाठ्यक्रम राजशास्त्र, अर्थशास्त्र, निबन्ध, साहित्य जस्ता आधुनिक विषयसित सम्बद्ध भएकोले तिनको अध्ययन स्वतः नै हुनुपर्थ्यो। पाठ्यक्रमको अतिरिक्त ०४ साल यता आठ नौ सालसम्म सं० छात्रावासमा पुस्तकालय एवं वाचनालयको बन्दोबस्त हुँदै आएकोले र रेडियो सुन्ने समेत व्यवस्था भएकोले वर्तमान संसारसितको परिचयमा सोझै प्रवेश गर्न सजिलो भैसकेको थियो। त्यही क्रममा एघार बाह्र सालतिर लोकसेवा पास गरी सरकारी सेवामा संस्कृतका विद्यार्थी प्रवेश गर्दा यौटा नयाँ कुरा भएको अनुभव भयो। कारण के थियो भने एकातिर बी० ए० र शास्त्री अनि एम० ए० र आचार्यलाई समान मान्ने स्थिति यस अघि आएको थिएन र संस्कृतका विद्यार्थी आधुनिक विषयका ज्ञाता हुँदैनन् भन्ने अफवाह समेतलाई उक्त सफलताले मिथ्या साबित गरिदिएको थियो। त्यतिखेर संस्कृत पढ्नेमा प्रतिस्पर्धाको भाव निकै जाग्रत बनेको पाइन्थ्यो। बौद्धिक क्षेत्रमा

प्रतिस्पर्धा हुनुले व्यक्तिलाई अगाडि बढ्न निकै मद्दत पुऱ्याउँछ। यसरी सीमित प्रबुद्ध व्यक्तिले प्रशासनिक क्षेत्रमा प्रवेश पाए पनि संस्कृतको उन्नति र मान्यताको प्रश्न झन् जटिल थियो। संस्कृत छात्रावासमा पहिले जसरी २१० विद्यार्थीलाई छात्रावासको सुविधा उपभोग गरी पढ्न पाउने सुविधा थियो त्यो घट्तै गएर सीमित बनिसकेको थियो। गुठीरूपमा सञ्चालित छात्रावासको आम्दानी घट्दै गएकोले नियमित भर्ना हुँदैन थियो। आकल झुकल सोर्स फोर्स पुऱ्याएर एक दुई जना हुनु अर्कै कुरा हो।

त्यस किसिमको न्यूनता र पछौटेपनमा सुधार ल्याउन ०१२ सालमा संस्कृतका विद्यार्थीले यौटा सशक्त आन्दोलन छेडे। 'कार्यं वा साधयेयम् देहं वा पातयेयम्' को रूपमा थालिएको यस आन्दोलनमा संस्कृतका पुस्तक लगेर नारायणहिटी दरबारमा बुझाइदिने र छात्रावासमा रहेका विद्यार्थीले पूरै छात्रावास छोडी सत्तल पाटीको आश्रय लिने छात्र संघको निर्णय अनुसार त्यसै गरियो। त्यतिखेर प्रधानमन्त्री टङ्कप्रसाद आचार्य र शिक्षामन्त्री बालचन्द्र शर्मा थिए। त्यतिखेरको यौटा घटना नबिर्सने रूपको भयो। राजदरबार समक्ष पुस्तक बुझाइसकेपछि विद्यार्थीहरू 'जयतु संस्कृतम्' को नारा लगाउँदै जुलूशको रूपमा त्रिपुरेश्वर सत्तलमा जान शहर भित्र पसे। छात्रावासबाट विद्यार्थीले आफ्ना सम्पूर्ण सरसामान उठाइसकेका थिए। त्यतिखेरका छात्र नेता श्रीप्रसाद गौतम, श्रीरङ्ग पाठक, यस पंक्तिको लेखक म र अरू एक दुई जना जुलूशमा नगै घण्टाघरको बाटो टुँडिखेल हुँदै नागथान पछाडितिर पुगेर बसेका थियौं पर्खेर। जुलूश बजारको परिक्रमा सकेर टुँडिखेल ढोकाबाट निस्की अहिलेको आर्० एन्० ए० सि० को भवन अगाडि आइपुगेको थियो। त्यतिखेरनै संयोगवश बालचन्द्र शर्मा (शिक्षामन्त्री) सिंहदरबारबाट भद्रकाली हुँदै मोटरमा महाकाल तिर जाँदै थिए, त्यहीं जम्का भेट भयो। विद्यार्थीले त्यो कदम

तात्कालिक सरकारसित पनि सम्पर्क राखी माग पूरा हुने छाँट नदेखेर र अन्तिम हतियारको रूपमा उठाएको कदम भएकोले उनीहरू सरकारी रूख प्रति निराश र रुष्ट थिए। त्यसो हुँदा मानसिक तनाव बढेको जुलूशको रूपमा आएको वेला एकाएक शिक्षा मन्त्री-सित भेट हुँदा आगोमा घ्यू परे सरि भयो। श्रीप्रसादले अब शिक्षा मन्त्रीलाई जुलूशले के गर्ने हो? जाउँ उतै भनेकोले हामी त्यहाँ जो थियौं दौडेर पुग्यौं। तर हामी पुग्दा नपुग्दै मोटरमा लागेको झण्डा गायब भइसकेको र ऐना बाहिरबाट मन्त्रीलाई अपशब्द प्रयोग गरी कसैले त थुकेको पनि देखियो। केही वेरको उग्र मुश्लो पछि अलि अलि बोलीले थाम्थुम पार्दै शिक्षा मन्त्री मोटर बाहिर निस्की अगाडिको भागमा चढेर बोल्ने जमर्को गर्दै थिए। उनले पहिलो नम्बरमा बोल्न खोजेको कुरा थियो जुन झण्डाको लागि पुरुखाले कत्रो त्याग गरे, रगत बगाए, त्यही झण्डालाई तपाईंहरूले अपमान गर्नुभयो, मिल्काइदिनुभयो।

उनले बोल्दा बोल्दै हूललाई चिरेर भित्र पसी सबलाई शान्त रहने अनुरोध गर्दै श्रीप्रसादले बडो जोडदार शब्दमा छ सात कुरा भनी अन्त्यमा साथी हो अब हामी बालचन्द्रका एक शब्द सुन्न पनि तयार छैनौं, छोडिदिउँ भनेकोले सबले बाटो छोडिदिएको हुँदा शिक्षामन्त्री सवारीभित्र पसेर अगाडि बढे। त्यतिखेर श्रीप्रसादले बोलेका विभिन्न बूँदामध्ये यौटा थियो 'जुन संस्कृत भाषाको अध्ययन, अध्यापन काबुल जस्तो मुस्लिम देशको राजधानीमा अनिवार्य छ त्यसलाई यो बालचन्द्र बसेको सरकारले चाहिँदैन भन्यो, अनावश्यक देख्यो।' अर्को थियो यो झण्डाको अपमान ठीक व्यक्तिमा नपरेर भएको हो आदि। यस घटनाले बालचन्द्र अति नै रिसाएको कुरा पछि थाहा भयो। विद्यार्थी त्रिपुरेश्वरको सत्तलमा पुगी दिन गुजार्न थाले। जीवनवृत्ति भिक्षा र दयालु दाताले दिएको दानबाट चल्यो।

पछि शिक्षामन्त्रीको वेजती र झण्डाको अपमान भयो भन्ने कुरामा हूलमूलमा भएको झण्डाको अपमानको प्रायश्चित्तको लागि विद्यार्थीहरू सत्तलमै चौबीस घण्टा उपवास बसे।

जाडोको वेला नदी किनारमा खाने सुत्ने कुराको राम्रो प्रबन्ध विना त्यसरी रहनु कठिनै कुरा थियो। तर केही उपलब्धि गर्नुपर्छ भने केही त्याग्नु पनि पर्छ, यो ध्रुव सत्य छ। समय बित्दै जाँदा विद्यार्थी स्वयं र महाविद्यालयका प्रधानाचार्य सोमनाथ सिग्द्यालका साथ अन्य गुरुहरू समेतले प्रधान मन्त्रीका साथ शिक्षा मन्त्री समेतलाई भेटी स्थितिलाई अरू जटिल नबनाउन अनुरोध गरियो। राजदरवार समक्ष पुस्तक बुझाएकोले दरवार पनि यस घटनासित अपरिचित थिएन। त्यसैले श्री ५ महेन्द्रबाट छात्रावासमा १०६ सीट राजस्वबाटै बेहोर्ने गरी कायम गर्ने र मान्यताको लागि पनि व्यवस्था मिलाउने निर्देशन मिल्यो। त्यस निर्देशन पछि सोमनाथ सिग्द्यालको एकेडेमीमा नियुक्ति भएकोले प्रधानाचार्य पद्म प्रसाद भट्टराईको अध्यक्षतामा एक विद्यार्थी विवेचक समिति र त्यस अन्तर्गत केही नीति नियम बने। त्यसै नीतिनियम अनुसार माध्यमिक विद्यालय र महाविद्यालयका छात्रहरू सामान्य अन्तर्वार्ता लिएर भर्ना गरिए। ०६ साल देखि पढ्न थालेको हो तापनि यस पंक्तिको लेखक समेत त्यतिखेर (०१५ सालमा) मात्र भर्ना भएको हो।

प्रासङ्गिक कुरो भन्दा भूमिका लामो भएकोले घटना संक्षेपले बताइन्छ। स० छात्रसंघमा दक्षिण र वाम दुवै विचारधाराका विद्यार्थी हुन्थे भन्ने कुरा त माथि नै उल्लेख भइसक्यो। त्यसै क्रममा ०१४ सालमा दाङमा अधिवेशन भए पछि वामपन्थी विचारधारा राख्नेको प्रभुत्व त्यसमा थियो। त्यसको विपरीत विचारधारा राख्नेमा उच्च कक्षामा पढ्ने अनि कानूनी प्रक्रिया पनि केही बुझेका व्यक्ति थिए पशुपतिनाथ प्राचार्य र यज्ञप्रसाद थपलिया। पन्ध्र

सालको चुनावमा सोझै पार्टीको सहयोगी भै काम गर्ने र सम्बद्ध पार्टीको विचारसित प्रभावित हुँदै आएका विद्यार्थी पनि त्यतिखेर छात्रावासमा भर्ना भएका थिए । तिनीहरूमा पीताम्बर दाहालको काँग्रेसी कार्यकर्ताहरूसितको संलग्नता बढी स्पष्ट थियो । देशमा काँग्रेस सरकार भएको बेला त्यससित संलग्न व्यक्तिको प्रभाव हुनु र बढ्नु पनि स्वाभाविक थियो ।

पन्ध्र सालमा भर्ना खुलेपछि नयाँ भर्ना भएका विद्यार्थी र विशेष गरेर मसित पशुपति आफूलाई परेको र पारिएको मर्का बारे निकै गुनासो गर्थे । उनको यो गुनासोले अलि अलि गर्दै निकैलाई प्रभावित पार्‍यो । यता सं० छा० सं० को कार्यक्रममा शिथिलता रहनु यज्ञप्रसाद, पशुपति जस्ता निकै पुराना, पढाइको दृष्टिले उच्च कक्षा पास गरेर सरकारी सेवामा प्रवेश गर्न उन्मुख वामपन्थी कार्यकर्ताको क्रियाकलापदेखि असन्तुष्ट भै त्यसको प्रतिवादमा उन्मुख भएको हुँदा संस्कृत छात्र संघको नयाँ गठन गरी त्यो समाचार पत्रिकामा प्रकाशन गरियो । त्यो समाचार प्रकाशनमा आएपछि पहिलेका जो कार्यकर्ता थिए उनीहरू रुष्ट बने । नयाँ गठित छा० सं० को सभापति पदमा यज्ञप्रसादकै नाम थियो । त्यसो हुँदा उनीसित भइरहेकाहरूको भनाभन पर्‍यो । केही दिन त्यही स्थिति बढ्दै गयो ।

नवगठित सं० छा० सं० लाई वैधानिक रूप दिन ०१७ वैशाख २९ गते लालदरबारको हलमा पैंतीस शाखाहरू सम्मिलित अधिवेशन प्रारम्भ गरियो । त्यस अधिवेशनका सभापति थिए मा० काशीनाथ गौतम अनि उद्घाटक थिए गृहमन्त्री सूर्यप्रसाद उपाध्याय । तीन दिनसम्मको यस अधिवेशनको अन्त्यमा विभिन्न प्रस्तावहरू पास गरिए र संसद् तथा कार्यकारिणीको औपचारिक रूपमा गठन भयो । त्यस गठनमा संसद्को अध्यक्ष र उपाध्यक्ष श्याम प्रसाद दाहाल र

पोषगनाथ नेपाल थिए। कार्यकारिणीमा सभापति थिए पशुपति आचार्य। अन्य पदाधिकारीमा यज्ञप्रसाद, पीताम्वर, राम प्रसाद, राममणि, हरिहर आदि थिए। अधिवेशनको यो समाचार जेठ २ गतेको स्वतन्त्र समाचारमा प्रकाशित भयो। यसरी सं० छा० सं० को नवगठन भए पनि पहिलेका पदाधिकारीहरू यथावत् आफूलाई पदाधिकारी नै मान्दथे र अफिस पनि उनीहरूकै हातमा थियो। नवगठित छा० सं० ले अफिसको लागि बागबजारको यौटा घरको कोठा बहालमा लिई त्यहीं सूचनापाटी टाँग्यो जो सडकबाटै देखिन्थ्यो।

त्यतिवेलै चीनबाट १० जना विद्यार्थीलाई चीन भ्रमणको निमन्त्रणा आयो, जसमा सं० छा० सं० ले पनि २ सीट पाउने कुरा उल्लेख थियो। अब ती सीटका अधिकारी कुन चाहिं छात्रसंघ हुने ? समस्या देखियो। दावी दुवै थरीको थियो। भ्रमण सिटको वास्तव अधिकारी कुन छा० सं० हो भन्ने कुरा ठंगान लगाउन दुवै संगठनका २-२ जना अधिकारीलाई परराष्ट्र मन्त्रालयमा बोलाइयो। नवगठितबाट गएका यज्ञ प्रसादले अर्को छात्रसंघको अफिस कतै नदेखिएकोले त्यसको मान्यता पनि छैन भनेर बहस गरी आफ्नैलाई सीट दिलाए। पछि सरकारले १० जना विद्यार्थी प्रठाउँदा वाम-पन्थीलाई नेतृत्व दिनु पर्ने ठानेर होला पाँच जनालाई मात्र पठाउने ठेगान गऱ्यो। त्यसो हुँदा सं० छा० सं० लाई एक सीट मात्र मिल्यो जसमा गोपीनाथ दबाडीलाई पठाइयो। गोपीनाथ पढाइमा राम्रो प्रगति भएका र अंग्रेजी पनि पढेका विद्यार्थी थिए। संगठनमा काम गर्ने रूचि र संलग्नता उनको केही थिएन तर पनि नयाँ संगठन कायम गरिएकोले उनलाई पनि त्यसमा समावेश गरिएको थियो। त्यसैले यो भ्रमणमा उनलाई मौका मिल्यो। मसित उनको बढी घनिष्टता भएकोले पनि त्यो सम्भव भयो।

यति सम्म भएपछि नयाँ छात्र संघका दुई प्रमुख पदाधिकारी यज्ञ प्रसाद थपलिया र पशुपति आचार्य दुवै छात्रावास छोडी सरकारी सेवामा प्रवेश गरे। त्यस पछि त्यस छात्रसंघको सभापतिको पद समाल्ने जिम्मेवारी यस पंक्तिका लेखकमा आयो। दुवै छात्र संघको विवादको मध्यमा त्यो पद समाल्नु सजिलो थिएन। संगठन-तिर सक्रियता साथ काम गर्ने स्वभाव र बानी मेरो त्यति थिएन। तर पनि प्रधान पाठशालाको छात्र युनियनमा साथीहरूको अनुरोधमा म बसेको थिएँ र सं० छा० सं० उपत्यका समितिमा लामो समय सम्म उपसभापति र महाविद्यालयको छात्र समितिमा पनि। छेउ कुनाबाट त्यसरी संगठनमा सरीक भएपनि बढी सक्रियतासाथ चुनाव लड्ने, झगडा गर्ने जस्ता कुरा मेरो स्वभाव विरुद्ध थियो। वेला चाहिं त्यो प्रति दिन जस्तै झगडा पर्ने थियो। खान बसेको वेला पनि बडो होहल्ला हुन्थ्यो। पहिलेदेखि छात्रावास बसेकालाई त त्यस्ता कुरा पचिसकेको पाइन्थ्यो र पछिकालाई पनि त्यो पच्तै गएको थियो, तर आफूलाई भने त्यो सजिलै पच्ने कुरा थिएन।

पहिलेका पदाधिकारी दुवैले छोडेर गए पनि उपत्यकाका सबैजसो विद्यालयसित सम्पर्क राखी नयाँ छा० सं० को स्थितिबोध गराउने, बाहिरका शाखाहरूलाई आफूतिर मोड्ने महाविद्यालय, प्रधान पाठशाला र छात्रावासको कार्य समितिमा पनि बहुमत कायम राख्ने कुरा हुँदै गए। महाविद्यालयका प्रधानाचार्य र प्रधान पाठशालाका प्रधानाध्यापकको सहानुभूति पनि नयैंतिर बढी थियो। त्यतिखेर सक्रियै रहेको संस्कृत नाटक समितिमा चाहिं अर्को पक्षको बढी प्रभाव थियो, कलाकार पनि उतैका धेरै थिए।

यसरी उक्त रूपमा तात्कालिक परिस्थिति समाले पछिको प्रमुख काम थियो सं० छा० सं० को कार्यालय हत्याउने। किनभने

त्यस अघिका सम्पूर्ण सरसामान त त्यहीं थिए। त्यतिखेरका सुपरीक्षक थिए दाङका तोयनाथ शर्मा, बस्थे उनी लाल दरबारको माथिल्लो तलामा। उनको निर्देशन अनुसार त्यतिवेला छात्रावासमा बिहान प्रार्थना गर्ने चलन चलाइएको थियो। प्रार्थना गर्ने काम चलाउन मलाई जिम्मा दिइएको थियो र हाजिर गराउने काम शिक्षक हरिहर भट्टलाई। बिहान सात बजे प्रार्थनाको घण्टी बज्थ्यो र प्रार्थनाको उपस्थिति अनुसार चामल हालिन्थ्यो। उक्त सुपरीक्षकलाई समेत सूचना गरी नवीन पक्षले बिहानपख अफिसमा हमला गर्दा अर्को पक्षले सशक्त विरोध ग-यो। उताको पक्षमा केशव दीपक, बाबुराम पौडेल, रेवतीरमण खनाल, वासुदेव त्रिपाठी, ठाकुर पराजुली आदि प्रमुख थिए। यसरी दुवै पक्षमा हात हालाहाल शुरू मात्र भएको थियो त्यतिखेर नै सुपरीक्षक आइपुगे र उनले पछि ठेगान लागेपछि जस्को ठहरिन्छ उसलाई दिउँला भनेर आफूले ताल्चा लगाए। दुवै पक्षलाई सामान्य थाम पुर पारे तर स्थिति बडो तनावपूर्ण भयो।

यसरी सुपरीक्षकले ताल्चा मारेर अफिसको हकदार कुन चाहिं छात्र संघ हो भन्ने कुरा ठेगान लाउनु पहिले नै वामवाला पुरानाले आफ्ना बाहिरका सहयोगीलाई यस कुराको जानकारी गराई तमतयार पारेछन्। कम्युनिष्ट आन्दोलन र हमलामा त्यतिखेर मोतिमान शाक्य निकै प्रख्यात थियो। उसका मतियार र अरू पनि निकै हुल्लडबाज थिए। त्यतिखेर म डिल्लीबजार कालिकास्थाननिरको नारी विद्यापीठमा बिहान पढाउँथें। संस्कृत प्रसारिणी समिति अन्तर्गत खोलिएको त्यस विद्यापीठमा केटीहरूलाई संस्कृत पढाइन्थ्यो। अर्धसरकारी रूपमा प्रचलित त्यस विद्यापीठको सञ्चालक समितिका अध्यक्ष सोमनाथ सिग्द्याल हुनुहुन्थ्यो र सचिव या सेक्रेटरीमा पहिले हरिहर शास्त्री थिए र पछि तोयनाथ पाण्डे।

१५।– रू० पारिश्रमिक मिल्ने त्यस विद्यापीठमा १४ सालदेखि नै पढाउँथे। तर त्यतिखेर (०१७ मार्ग ९ गते) वार्षिक परीक्षाको वेला भएकोले छात्रावासको खाना पछि म विद्यापीठ जान लाग्दा ढोका बाहिर बाटोमा प्रशस्त मान्छे देखें। मोतिमान त्यसै हूलमा यहाँ कांग्रेसहरूले मनपरी गर्न थाले, अफिस पनि झन्नै लुटेको भन्ने आदि कुरा उत्तेजक शब्दमा भन्दै डुलिरहेको थियो। मलाई मनमा पर्‍यो आज के हुने हो ? अनेक तर्क वितर्क उठ्तै रहे। सभापतिको नाताले संघको जिम्मेवारी ममा थियो भने व्यक्तिगत रूपमै पनि माया ममता बढिसकेको थियो। त्यसो हुँदा थोरै वेर काम गरेर म हतार हतार छात्रावास फर्कंदा स्थिति अर्कै भइसकेछ। तिनै कम्युनिष्टको सहायता लिएर ताल्चा फोरी अफिस लुटेछन्। त्यो समूहको सामु हाम्रा पक्षको जोड चलेनछ।

मेरो मनमा त्यस लूटको आघात व्यवस्थित पार्ने रूपमा पर्‍यो। भोक र निद्रा दुवैले मलाई छोडे। हुन त त्यो मेरो व्यक्तिगत कुरा थिएन तर पनि म अति चिन्तित बनें। आफूले ताल्चा मारेको अफिसमा त्यसरी लूट मच्चाएको हुँदा त्यस पक्षका प्रमुख ६ जनालाई छात्रावास प्रवेश निषेध गरिदिए। निषेध गरिए बापत उनीहरूले पनि गृहमन्त्रीलाई भेट्ने, मोटर रोक्ने आदि अनेक प्रयास गरे। पछि सरकारले पनि बढी होहल्ला हुने डरले प्रवेश दियो। प्रवेश पाएको दिनको बेलुका खानाको लागि घण्टी लाग्ने वेला भएको थियो। त्यति वेला आएर शिवराज आचार्य (प्रकाश टोलमा बस्ने) ले आएर उग्रवादीलाई प्रवेश दिएकोमा आज भान्छा हडताल गर्नु पर्छ भनेर उक्साए, एकछिनमा त्यसै गर्ने ठेगान अनुसार म गएर भान्छाघरको ढोकामा बसें। सब साथीले दुवै ढोकामा छिर्न नदिएकोले त्यो छाक खाना बन्द भयो। भोलिपल्ट भण्डारमा पिकेटिंग गरी खोल्न दिइएन। त्यस स्थितिको जानकारी लिन

शिक्षा मं० बाट दीर्घराज कोइरालाजी आएँर सम्झाउनु भयो। हाम्रा पक्षकाले ती उग्रवादीलाई यहाँ राखुन्जेल हामी खाना खाँदैनौ भने। यही भान्छा हडताल कै वेला ०१७ पौष १ गते कांग्रेस सरकारलाई बर्खास्त गरी संसदीय व्यवस्थालाई अन्त गरियो। यस पछिको सरकारी रूप समाजवादीलाई दबाएर इतर पक्षलाई उठाउने बढाउने भयो। जस्ले गर्दा विपक्ष ठहरिएकाहरूको निकै हौंसला र प्रभाव बढ्यो। कांग्रेसी कार्यकर्ताहरूको धर पकट चल्यो। छ्यासछ्यास्ती गुप्तचर छोडिए। छात्रावासमै आएर पनि कतिलाई पक्डियो, तर मलाई चाहिं महाविद्यालयबाट फर्कंदा एक दिन पक्रडिएको थियो बेलुका राती छोडिदियो। कुरा अझ प्रशस्त बाँकी भए पनि एक दुई कुरा भनेर समाप्त पार्छु।

त्यतिखेरका विपक्ष साथीहरूले अफिस लुटेर लगेपछि अब खुला रूपमा राखी त्यसको सञ्चालन गर्दै केही प्रभावशाली काम गरे। जुन काम मध्ये एक थियो देशव्यापी साहित्यसम्मेलन र अर्को थियो नेपाली र संस्कृतमा पत्रिका सञ्चालन। तिनमा 'जयतु संस्कृतम्' संस्कृत पत्रिकाको नाम थियो र 'सिंहनाद' (द्वैमासिक) नेपाली पत्रिकाको। यतिखेर मात्र नभएर उतिखेर पनि मेरो तटस्थ अनुभव के थियो भने शाखा, प्रशाखा, विद्यार्थी संख्या जस्ता कुरामा हामी अगाडि थियौं। त्यसको सामू विपक्ष कम्जोर थियो तर त्यसरी संगठनात्मक रूपमा कम्जोर भएपनि सक्रियता र बौद्धिक क्षमता उनीहरूको बढी थियो। पहिलेदेखिका अनुभवी केशव दीपक त्यसमा थिए भने बाबुराम पौडेल जस्ता सक्रिय अनि वासुदेव त्रिपाठी जस्ता बौद्धिक प्रखरता भएका व्यक्ति पनि त्यसमा थिए। त्यसो हुँदा उनीहरूले त्यतिखेर गरेको काम बौद्धिक रूपमा प्रशंसनीय भयो।

वर्ष वर्षमा अधिवेशन गर्ने वैधानिक विधि भएकोले त्यो कुरा

गर्नु आवश्यक थियो। तदनुसार ०१८ आषाढ १३ गते संसदीय सम्मेलन गर्न शिवराजको अध्यक्षतामा आयोजक समिति बन्यो। सम्मेलनको लागि पैसा जुटाउनु समस्या थियो। तैपनि भारतीय दूतावासमा अनेक पल्ट धाएर भा० रू० दुइसय, अरू चन्दाफन्दा गरी चारसय जति जुटाएर लाल दरबारमा अधिवेशन गरिने भइयो। सहायक मन्त्री भुवनलाल प्रधान र काजीमान लिम्बूलाई सभापति र उद्घाटकको लागि बोलाएर निमन्त्रणा बाँडियो। विपक्षतर्फबाट सम्मेलन भाँड्न अनेक प्रयास भएको थियो। सम्मेलनको अघिल्लो दिन पौनेपाँचतिर सबै जस्तो म पनि भान्सामा जान तयार थिएँ, बाहिर बोलाउन आएको छ भन्ने सुनें। बुझ्दा कमिश्नर विष्णु मणिले लिन पठाएको भन्ने थाहा भए पछि खाना छोडेर लुगा लगाई त्यही मोटरमा म गएँ। अफिस डिल्लीबजार चारखालमा थियो। उहाँ पुगेपछि सरदार बाजेले हप्काउँदै यो संसद नभएको बेला केको संसदीय सम्मेलन गर्ने भनेर हिँडेको भने। मैले भनें हेर्नोस्न (पर्चा देखाएर) यो त संस्कृत छात्र संघको ससदीय सम्मेलन पो त भनेर अनेक सम्झाउँदा पनि नमाने पछि त्यसो भए वार्षिक सम्मेलन गर्छु त भन्दा कर्मचारीलाई लक्ष्य गर्दै सम्मेलनमा ससद् शब्द बोलें भने जस्तो सजाय भोग्न पनि तयार छु भन्ने कागत गराएर छोडिदे भने, मैले त्यस्तै सही गरेर आएँ। रातारात संसदीयको ठाउँमा वार्षिक सम्मेलन पारियो। विपक्षको क्रियाकलापबाट भुवनलालको पनि शङ्का थियो। ११ बजेतिर सूचना आयो मन्त्रीजी आउन नसक्ने भनेर। एक जना साथी लिएर सिंहदरबार गएँ भित्री ढोकामा पुड्केले छिर्न दिएन। बल्लतल्ल ग्यालरी बैठकमा गई सुरेन्द्रराज शर्मालाई भेटे पछि (त्यतिखेर राष्ट्रिय निर्देशन मं. डाइरेक्टर) अलिकति सास आयो। किनभने उहाँद्वारा शि० मं० विश्वबन्धु थापासित फोनमा भेट भयो।

विश्वबन्धुले आफू आउन नभ्याउने भएकोले सुरेन्द्रलाई अह्राइदिए। अनि आश्वस्त बनेर फर्के । लालदरबारमा अपराह्न चार बजे शिवनाथ कविराजको सभापतित्वमा गृहसहायक काजीमान लिम्बू-द्वारा उद्घाटित भै सम्मेलन सफल भयो ।

त्यतिखेर भारत सरकारको निमन्त्रणामा प्रति वर्ष प्रत्येक कलेजका एक वा दुई विद्यार्थीलाई प्रतिनिधि रूपले भारत भ्रमण गराउने चलन थियो। त्यतिखेर अधिराज्य भर कलेजको संख्या १५-१६ भन्दा बढी थिएन। त्यस वर्ष महाविद्यालयबाट सो भ्रमणको लागि प्रधानाचार्यले मेरो नाम पठाइ दिनु भएको रहेछ तर मैले जाने अघिल्लो (महानवमीको) दिन मात्र थाहा पाएँ। कार्यभार समाल्दा त्यत्रो तकलीफ भोगेको भए पनि कुनै मौका चानस चाहिँ आफैं भोग्नु पर्छ भन्ने ठानेर स्वपक्षीहरूनै प्रधानाचार्य कहाँ विरोध गर्न गएछन्। म भ्रमणबाट फर्केर आए पछि साथी ठानिएकाहरूसित अलि उदासीन बनें। किनभने म कहिल्यै कांग्रेस वा कम्युनिष्टको पक्षधर नभएर तटस्थै विचारको थिएँ। त्यतिखेर यौटा पक्ष नली नहुने र वामपन्थीवाला बढी उग्र भएकोले अर्को पक्ष समालेको हुँ । त्यसको अतिरिक्त यज्ञप्रसाद मेरा सतीर्थ्य एवं उच्च कक्षामा पढ्ने भएकोले उनको पक्ष मैले समालेको हुँ। वामपक्षले पनि मलाई निकै पल्ट आफूमा आउन अनुरोध गरेका थिए, तर म जान चाहिन।

भ्रमणबाट फर्के पछि साथीहरूसित सम्पर्क नराखी जाने भनेर मलाई माफी मगाउन महाविद्यालयमा यौटा भेला गराइएको थियो। मैले माफी नमागी हिँडेकोले विषवमनको रूपमा पछि माइनर बूकमा केके पास गरेका थिए भन्ने सुनेथें। संगठनको छूतले मलाई अध्ययनमा निकै बाधा परेको थियो र मानसिक

असन्तुलन पनि । मान्छे कति स्वार्थी हुँदारहेछन् भन्ने पनि त्यति-खेर मलाई बढी थाहा भयो । अर्को पक्षलाई पनि कम आघात परेको होइन । बाबुराम विचरालाई त दुइ वर्ष नै लाग्यो तर उनी बढी उत्साही भएकोले दिल्लीमा पढी पूरा गरेर आए । मैले तारेख सम्म धाने । यो घटना हो ०१८ साल कार्तिकदेखि अन्त्य सम्मको । अर्को पक्षले दुवै पत्रिका चलाएका थिए ।

विपक्षीको त्यस चहल पहलले प्रभावित बनी एक दिन (जो हाम्रै छा० सं० मा महामन्त्री थिए) म कहाँ आए । मेरो कसैको कोठामा जाने र सम्पर्क गर्ने चलन थिएन । हुन त म भ्रमणमा गएकोमा विरोध गर्ने मध्ये उनी पनि प्रमुख थिए तर समय केही बितिसकेको थियो । उनले आफ्नो तर्फबाट पनि एक पत्रिका चलाउन पाए हुन्थ्यो भन्ने भाव व्यक्त गरे ।

अघि पछि जे जसो गरे पनि सम्पर्क राख्न आए पछि नाइँ भन्न नसक्ने मेरो बानी थियो । उनको कुरा ठिकै हो त मैले भनें तर लेख, लागत खर्च कसरी जुटाउने समस्या थियो । सोच्ता सोच्तै छात्रकार्यसमितिको स्रोतलाई अलिकति मोड्न पाए त खर्च निस्कन्थ्यो भन्ने लाग्यो । त्यसमा बहुमत त हाम्रै थियो त्यसैले अर्को पक्षकाले विरोध गरे पनि आर्थिक व्ययभार वहन गर्ने पास भयो । नामको लागि मैले धेरै नाम संकलन गरें । तिनमा अरुणोदय नाम धेरैले रूचाएकोले त्यही नाम राखियो । सरकारी विधि पूरा गरेर लेख सङ्कलन गरी द्वैमासिक रूपमा अन्नपूर्ण प्रेसमा छापियो । तीन जना सम्पादकमा प्रधान सम्पादक मलाई नै बस्ने बढी आग्रह भयो र आग्रह अनुसार म बसें । पहिलो अङ्क आषाढ श्रावण निकाले पछि दोस्रो अङ्क निकाल्नै नपाई म प्रधान पाठ-शालाको शिक्षकमा नियुक्त भएँ, त्यत्ति मै अरूणोदयसित मेरो सम्बन्ध छुट्यो ।

यतिखेर मलाई केलाग्छ भने अर्को पक्षले निकालेको सिंहनाद २०१९–२०२१ सम्म मात्र चलेर बन्द भयो तर अरूणोदयले पच्चीस वर्ष नाघेर रजत जयन्ती मनाउने आयु पूरा गर्‍यो। धेरै मध्ये एक जन्मदाताको हैसियतले मलाई अपार हर्ष लागेको छ, आनन्दको अनुभव भएको छ।

# खोजिरहेछ

– वैरागी काईंला

खोजिरहेछु निस्तार प्यारदेखि
च्यातेर आँशुका थोपा
फिजाई रातको हातमा ।

हरेक रात रित्तिन्छ काँचको गिलास
कति कमजोर रैं'छ जिन्दगी
फुटि जाला कि यो रित्तोपना
खसेर ढुङ्गाको सडकमा । खोजिरहेछु......

हरेक रात फुस्किन्छ प्यारको लिवास
कति कमजोर रैं'छ पिरती
उडि जाला कि यो वासना
झरेर ढुङ्गाको सडकमा । खोजिरहेछु......



# संस्कृत छात्रावास र प्रजातान्त्रिक गतिविधि : संक्षिप्त टिपोट

– श्यामप्रसाद खनाल

एक सय पाँच वर्ष भइसकेको यस तीनधारा संस्कृत छात्रावासको आफ्नै राजनैतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक एवं साहित्यिक परम्परा छ । १९४२ सालमा स्थापित यस छात्रावासले देशका हरेक प्रजातान्त्रिक गतिविधिमा आफूलाई सहभागी बनाउँदै आएको तथ्य सर्वविदित नै छ । यस छात्रावासमा देशका विभिन्न स्थानका युवाहरूको जमघट हुने भएकोले यहाँ सङ्गठित हुन केही असजिलो हुँदैनथ्यो । त्यसमा पनि शिक्षित युवा जगत्मा आन्दोलन, परिवर्तन र क्रान्तिको कामना हुनु स्वाभाविक नै हो । राणा शासनको विरोधमा शुरूदेखि नै यसले आवाज उठाउँदै आएको थियो भन्ने कुरा यसकै विगत इतिहासले नै सुस्पष्ट पार्दछ । वास्तवमा भन्ने हो भने यहाँ १९९७ सालभन्दा अगाडि नै सङ्गठनात्मक प्रारूप तयार भएको थियो भन्न सकिन्छ । राणा शासनकै विरोधमा २००४ सालमा राजनैतिक उद्देश्य परिपूर्तिका लागि यसले 'जयतु संस्कृतम्' को उद्घोष

लिएर देशमा राष्ट्रिय जागरण उद्दीप्त गराई नेपालको इतिहासमै प्रथम छात्र आन्दोलनको स्रोतको रूपमा आफूलाई परिचित गरायो। यसै सिलसिलामा नेपालमा सर्वप्रथम विद्यार्थी सङ्गठन 'संस्कृत छात्र-सङ्घ २००४' खोली तरुण विद्यार्थी वर्गमा प्रजातान्त्रिक भावना जगाई राणा विरोधी कार्यमा सहभागी बन्यो। यस्तै २०१३ सालमा यसले आफ्नो अस्तित्वको संरक्षण गरी भद्र-अवज्ञा आन्दोलनलाई पनि त्यत्तिकै सहयोग गरेको थियो भने २०१७ सालमा भएको प्रतिगामी कदमको पनि तीव्र विरोध गऱ्यो, अनि २०३६ सालको र २०४२ सालको आन्दोलनमा आफूलाई सक्रिय सहभागी बनाएको थियो। हालै २०४६ सालमा निरङ्कुश तथा अप्रजातान्त्रिक पञ्चायती परिपाटीलाई विस्थापित गर्न भएको विराट् जन-आन्दोलनमा सक्रिय सहभागी भई यसले हरतरहले सहयोग गऱ्यो। यसै क्रममा कति विद्यार्थीहरूले दुःख-कष्ट झेल्नु पऱ्यो र अन्त्यमा आन्दोलन पनि सफल भयो। यी त भए प्रजातन्त्र स्थापनाका लागि गरेका यसका योगदान।

हरेक क्रियाकलापमध्ये २०४५ साल वैशाख १ गते नव-वर्षारम्भको शुभ-अवसरमा यस छात्रावासमा छात्र-परिवारले नेपाली कांग्रेसका सर्वमान्य नेता श्री गणेशमानसिंहज्यूको सादर अभिनन्दन गरेको थियो, जुन अत्यन्त महत्वपूर्ण एवं तत्कालीन समयका लागि एक साहसिक कदम थियो। प्रजातन्त्रका महान् सेनानी श्री गणेशमानसिंह नेपालका 'प्रजातन्त्रका पिता' (Father of Democracy) का रूपमा एक सुपरिचित एवं सुविख्यात व्यक्तित्व हुनुहुन्छ। सम्भवतः यो अभिनन्दन-पत्र नै श्री सिंहज्यूको जीवनमा चढाइएको प्रथम अभिनन्दन हो, जुन यस प्रकार छः—

"त्वं जीव शरदां शतम्"

नेपालको प्रजातान्त्रिक आन्दोलनको उपाकालीन मिर्मिरेदेखि आजीवन अनवरत सङ्घर्षशील हुँदै आउनुभएका स्वाधीनता संग्रामका महारथी

## श्री गणेशमानसिंहज्यूलाई

२०४५ सालको नववर्षारम्भको शुभ–अवसरमा चढाइएको

# अभिनन्दन–पत्र

---

१. प्रजातन्त्रका महान् सेनानी श्री गणेशमान-सिंहज्यू !

नेपाल राष्ट्र जुन बेला जर्जरतापूर्ण जहानियाँ राणा शासनको सघन षडयन्त्रको चक्रव्यूहमा चुर्लुम्म डुबिरहेको थियो, त्यस बेला "उठ, जाग र स्वाधीनताको सुमधुर संसारमा ओर्ल" भन्दै प्रखर चेतनाको विगुल फुकी सुदीप्त मशाल जगाई नेपालीहरूलाई सङ्घर्षको मैदानमा उतारेर २००७ सालमा प्रजातन्त्रको स्थापना र राज-तन्त्रात्मक प्रजातन्त्रको सुदृढीकरणका लागि जीउ ज्यानको बाजी लगाएर यहाँले कुशलतापूर्वक महनीय भूमिका निभाउनु भएको थियो ।

२. प्रजातान्त्रिक आन्दोलनका वीर योद्धा !

यहाँलाई प्रजातान्त्रिक आन्दोलनमा समर्पित भए वापत राणा शासनबाट आजीवन कारावासको पुरस्कार मिलेको थियो । तर

दुर्दमनीय मृत्युको मुखबाट उम्किएर हजार-हजार मृत्यु संकेतलाई पैताला मुनि टेक्दै नेपाल राष्ट्र र नेपाली जातिको समग्र विकास र समुत्थानका लागि पार्टीको संस्थापक र इतिहास निर्माता बनेर सहर्ष आत्मोत्सर्ग गरी "भद्र-अवज्ञा आन्दोलन" पश्चात् २०१५ सालको आम-निर्वाचनमा काठमाडौंबाट विजय हासिल गर्नु भयो र संसदीय व्यवस्था अन्तर्गत जन-निर्वाचित सरकारको निर्माण, सञ्चार, नहर र मालपोत मन्त्री समेत बनी राष्ट्र सेवामा आफूलाई पूर्णरूपेण समर्पित र समाहित गर्नु भयो। अनि राजा रजौटा उन्मूलन र बिर्ता उन्मूलन, वन-जङ्गल राष्ट्रियकरण, भूमि सुधार जस्ता कार्यहरूको सम्पादनमा योगदान गर्नु भयो।

## ३. अदम्य साहसका प्रतिमूर्ति लौह पुरुष !

२०१७ सालको जन-निर्वाचित सरकार एवं संसदको विघटन-पछि लगातार ८ वर्षसम्म र पटक-पटक सैद्धान्तिक अडान र वैचारिक आदर्श, नैतिक मूल्य र मान्यताले गर्दा यातनाको महाशिविर जेल बन्द हुनु भयो, तैपनि महामृत्युलाई शिरानी हालेर विश्वासको झण्डालाई सफलतापूर्वक फर्फराइरहनु भयो । यसै कारण निर्वासित एकाङ्गी जीवनको तिक्त अनुभवलाई पनि यहाँले भित्र्याउनु पऱ्यो।

## ४. राष्ट्रिय मेलमिलाप र एकताका संवाहक !

हटेर होइन डटेर, फुटेर होइन जुटेर राष्ट्रिय अस्मितालाई आकल्प अस्तित्वशील र गतिशील बनाउन सकिन्छ भन्ने सबल वैचारिक कारणले गर्दा कठोर निर्वासित जीवन र निर्वासित क्षीण प्राय: नेपाली राजनीतिलाई राष्ट्रिय मेलमिलापको नीतिमा समाहित गरी पुन: स्वदेशमै स्थापित गर्नु भयो र २०३६-२०३७ सालमा सम्पन्न भएको राष्ट्रिय जनमत संग्रहमा प्रजातन्त्रको पुनर्बहालीका लागि घाम-पानी,

सुख–दुःख, उकाली-ओराली, पहाड–तराई केही नभनी अहोरात्र क्रियाशील रही नेपालीहरूको घर–दैलोमा पुग्नु भई राष्ट्रिय एकता र प्रजातन्त्रका लागि अप्रतिहत प्रयास गर्नु भयो ।

## ५. राष्ट्रिय आम सहमतिका सूत्रधार श्री सिंहज्यू !

नेपाल राष्ट्र र नेपाली जातिको राजनैतिक, आर्थिक, सामाजिक, चारित्रिक, सांस्कृतिक र सैद्धान्तिक ह्रासताको चरम-बिन्दु र दासताको सीमान्त घडीमा नेपाली युवाहरू र नागरिकहरूमा अभेद्य ओज, जोश, जाँगर र तुफानी सरगर्मी भरी अहिंसात्मक सत्याग्रह आन्दोलन (२०४२ साल जेठ १०) को सूत्रधार बन्नु भयो । परिवर्तनको लहरलाई यस देशमा छङछङाई दिनुभयो । यस राष्ट्रमा राजनीतिक आम सहमति, शान्ति र राजा–प्रजाको मधुर मिलन र विश्वासलाई देख्न नसक्ने कुतत्वको यहाँले सदा सर्वदा मारकदार प्रहारलाई सहिरहनु नै पऱ्यो ।

वैयक्तिक जीवन र पारिवारिक जीवनका यावत् सुख सुविधाका सुनौला क्षण र अवसरहरूलाई तिलाञ्जलि दिँदै समग्र परिवर्तनका लागि राष्ट्रियता, समाजवाद, राजतन्त्र र प्रजातन्त्रको समीकरणको उद्दीपनशील मोर्चामा आफूलाई तदाकार गराई नेपालको राजनीतिक महायज्ञको बलिवेदीमा आजीवन स्वयं समर्पित हुनुभयो ।

## ६. नेपालीहरूका हे जीवित शहीद !

७३ वर्षको वृद्धावस्थामा पनि तरुण युवकको जस्तै तपाईंको जोश, जाँगर, भगीरथ महान् त्याग, तपस्या, उत्सर्ग र बलिदान देखेर नेपालीहरू हर्ष र गौरवले आनतमस्तक भएका छन् । नेपाल राष्ट्र र नेपाली जातिको सार्वभौमसत्ता–सम्पन्न अस्तित्व, प्रजातान्त्रिक मूल्य र

मान्यतालाई विश्वका सामु चमत्कृत गराउन यहाँले गर्नु भएको महान् उत्सर्गको हामी हृदयतः संस्मरण गर्दछौं र २०४५ सालको नव-वर्षारम्भको पुनीत अवसरमा हाम्रा सर्वोच्च नेताको सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दै हामीहरू सस्नेह सादर अभिनन्दन गर्दछौं ।

यहाँको नेतृत्वमा राजतन्त्र र प्रजातन्त्रको समीकरण र सुमधुर सम्बन्ध झन्-झन् बलियो हुँदै नेपाल नेपाली जातिको अस्तितता र अस्मिता आकल्प रहिरहोस् भन्ने पवित्र उद्गार पनि व्यक्त गर्दछौं। दिनाङ्क- २०४५ वैशाख १ गते शुभम् ।

जय नेपाल !

संस्कृत छात्रावास

छात्र-परिवार ।

अभिनन्दन समर्पण पश्चात् प्रत्युत्तर भाषणको क्रममा वहाँले "मलाई अभिनन्दनभन्दा आन्दोलनको आवश्यकता छ, यस देशमा तीन वर्षभित्रमा अवश्य उथलपुथल हुने छ र देशको भविष्यको निर्णय हुने छ" जस्ता भविष्यवाणी एवं भावपूर्ण उद्गार अभिव्यक्त गर्नु भएको थियो । साँच्चि नै सो अनुरूप भयो र नेपाल अब प्रजातान्त्रिक भविष्यका निमित्त उन्मुख एवं लालायित छ ।

सो अभिनन्दन समारोहमा उपस्थित भए बापत वाल्मीकि क्याम्पसका प्राध्यापक श्री श्रीकृष्ण अधिकारीलाई तत्कालीन शिक्षाध्यक्षको सक्रियतामा म. सं. विश्वविद्यालय प्रशासनले तुरुन्त स्पष्टीकरण लिएको थियो। यसै क्रममा तत्कालीन म. सं. विश्वविद्यालय एवं अञ्चलाधीश प्रशासनले यस छात्रावासमा गिद्धे दृष्टि राखी विद्यार्थीहरूलाई दुःख दियो भने छात्रावास नै उखेलिदिने समेत

धम्की दिएको थियो । यहाँ सर्वविदित पञ्चायती प्रशासनका क्रूर एवं दमनात्मक कुकृत्यहरूलाई दोहो-याइरहनु नपर्ला ।

यस छात्रावास छात्र परिवारकै तर्फबाट २०४७ साल आषाढ २९ गते सन्त एवं महन्त नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यूमा सादर अभिनन्दन-पत्र चढाइएको थियो । सो दिन दुई चरणमा विभाजित कार्यक्रम अन्तर्गत प्रथम कार्यक्रम संस्कृत छात्रावास शतवार्षिक समारोह समितिले आयोजना गरेको शतवार्षिक-स्मृति-स्तम्भको अनावरण श्री भट्टराईज्यूले गर्नु भएको थियो भने दोस्रो चरणको कार्यक्रममा छात्रकार्य समितिद्वारा वहाँको सम्मानमा वहाँलाई एक अभिनन्दन-पत्र चढाइएको थियो । जुन अभिनन्दन-पत्र यस प्रकार छः—

"विद्ययाऽमृतमश्नुते"

# अभिनन्दन—पत्र

---

नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यूमा छात्र कार्य समिति, संस्कृत छात्रावासका तर्फबाट चढाइएको

## अभिनन्दन-पत्र

राष्ट्रियताका कट्टर हिमायती,

नेपालमा पूर्ण प्रजातन्त्रको परिप्राप्तिका लागि भएका अनेकन् युद्ध र अभियानहरूमा किशोरकालदेखि नै आफ्नो महनीय कर्मयोगी

व्यक्तित्वका कारणले वैयक्तिक र व्यावहारिक जीवनको न्यूनतम भोगाइलाई समेत बेवास्ता गरी नेपाल र नेपालीको भलाई र भाग्योदयमा नित्य निरन्तर प्राणपणले समर्पित रहने तपाईं जस्ता ऋषिकल्प नैष्ठिक महापुरुषलाई आज आफ्नो बीचमा पाएर अभिनन्दन गर्न पाउँदा "अतिथिदेवो भव" भन्ने प्राच्य आदर्शका अनुगामी हामी हर्ष, उल्लास, उमङ्ग र उत्साहको समवेत पावन प्रवाहलाई शब्द-सरणीमा प्रवाहित गर्न सकिरहेका छैनौं।

## प्रजातन्त्रका प्रेरणा-पुञ्ज,

विक्रम सम्वत् २००४ सालको ऐतिहासिक "जयतु संस्कृतम्" आन्दोलनको आरम्भदेखि शिक्षा, राजनीति, साहित्य र संस्कृतिको सङ्गम-बिन्दु यस छात्रावासका हाम्रा पथप्रदर्शक पूर्वजहरूले भौतिक-दैहिक उत्सर्गभन्दा पनि बढी प्राज्ञिक-बौद्धिक विशिष्ट व्यायामद्वारा प्रजातन्त्रको लागि जुन सतत योगदान दिएका छन्, त्यसको रोमाञ्चकारी संस्मृतिको एक झिल्काले मात्र पनि हामीलाई नेपाली राष्ट्रियता, प्रजातन्त्र र समाजवादको चिरन्तन चिराग जलाइरहन अभिप्रेरित गरेको छ र यो अभिनन्दन पनि समकालीन पिंढी र पुस्ताको मात्र नभई हाम्रा तिनै राजनैतिक अग्रजहरू र उदीयमान सन्ततिको समेत प्रजातन्त्रप्रतिको साझा प्रतिबद्धताको प्रतीक हो भन्ने हामीलाई लागेको छ।

## समाजवादी दर्शनका आदर्श गायक,

"तमसो मा ज्योतिर्गमय" भन्ने अमर औपनिषदिक दर्शनद्वारा प्रेरित-प्रभावित भएर नै हिजोको अन्धकारपूर्ण इतिहासको अन्त्य भई नेपाली जनताको एउटै स्वर र समर्पणद्वारा एउटै उद्देश्य र आदर्शका लागि आज एउटा प्रकाशमय नवयुगको आरम्भ भएको छ। यही नव-

युगको अरुणोदयका साथ गठित मेची र काली, हिमाल र तराईसम्मका क्रान्तिकारी वीर नेपालीको विजय र आस्थाको प्रतीक अन्तरिम सरकारको चुनौतिपूर्ण नेतृत्वको स्वीकृतिद्वारा तपाईंले राजनैतिक–आर्थिक दृष्टिले नयाँ नेपालको निर्मितिमा एउटा युगप्रवर्तक राजनेताको गहन भूमिका निभाएर "सन्तः स्वयं परहितेषु कृताभियोगाः" भन्ने नीति–वचनलाई चरितार्थ पार्नुभएको छ ।

## बहुमुखी व्यक्तित्वका आढ्य नायक,

तपाईं राजनैतिक मुक्तिका मार्गमा सुख–दुःखका उकाली–ओरालीहरू पार गर्दै अघि बढ्ने साहसी यात्री मात्र नभएर एउटा कुशल पत्रकार र काव्य–कविताका पारखी अनि अध्यात्मवादी आर्य दर्शनका विद्याव्यसनी पनि हुनुहुन्छ । तपाईंको यही व्यक्तित्व–विविधताको समीकृत स्वरूप विद्यार्थी जगत्का लागि राजनैतिक सञ्चेतनाको गङ्गोत्री–स्रोत र अध्ययन–अनुशीलनमा निरत गराउने उत्प्रेरक तत्त्व पनि सिद्ध भएको छ । त्यति मात्र नभई तपाईंले हालै मात्र छिमेकी मित्र–राष्ट्र भारतको ऐतिहासिक भ्रमण राजनैतिक दूरदर्शिता र कूटनैतिक चातुर्यद्वारा सफलतापूर्वक सम्पन्न गरी एकातिर विश्वव्यापी शीतयुद्धको गोधूलि-छायामा नेपालको छवि निकै भास्वर पार्नु भएको छ भने अर्कातिर आर्थिक वैषम्यले आक्रान्त नेपालीको विपन्न जीवनमा सञ्जीवनीको नवीन सञ्चरण पनि गराउनु भएको छ ।

## नेपाली राजनीतिका सन्त–साधु,

हिजोसम्म तपाईंले प्रजातन्त्रप्राप्तिका लागि गर्नु भएको भगीरथ प्रयास तथा आजदेखि यसको उन्नयनका निम्ति उठाउनु भएको कदमको कदर गर्ने भावनाले परिप्लावित भएर तपाईं र तपाईंका विशिष्ट सहकर्मीहरूको राष्ट्रियताको सुदृढीकरण, प्रजातन्त्रको

स्थिरीकरण र समाजवादको संस्थापनाका लागि हुने जुनसुकै र जहिले-सुकैको आह्वानमा पनि छात्रावासीय परम्पराको अखण्ड निर्वाह र वर्तमानको युगीन दायित्वप्रति पनि सचेत रहँदै एकताको वलिष्ठ बन्धनद्वारा सर्वथा समर्पित रहने शुभ–सङ्कल्पका साथ आजको ऐतिहासिक घडीमा यो अभिनन्दन चढाएका छौं ।

दिनाङ्क:– २०४७ साल आषाढ २९ गते शुक्रवार ।

जय नेपाल !

विद्यार्थी परिवारका तर्फबाट

नवराज सिखडा

सभापति

छात्र कार्य समिति, सस्कृत छात्रावास

काठमाडौं, नेपाल ।

अभिनन्दन समर्पण पश्चात् वहाँले प्रत्युत्तर भाषणको क्रममा सम्मान पत्र दिएकोमा धन्यवाद दिंदै जनतालाई संस्कृततर्फ उन्मुख गराउनु पर्छ जस्ता भावपूर्ण उद्‌गार अभिव्यक्त गर्नु भएको थियो ।

यसरी यस छात्रावासले देशका हरेक प्रजातान्त्रिक क्रिया-कलापमा सहभागी हुँदै आएको छ भने प्रजातन्त्रप्रति समर्पित नेता एवं व्यक्तित्वहरूको पनि त्यत्तिकै सम्मान गरेको छ । कुनै समयमा स्वयं आफू नै अगाडि लागेर अप्रजातान्त्रिक शक्तिलाई च्युत गराउन विविध भूमिकाको निर्वाह गरेको छ भने प्रजातान्त्रिक प्रणालीको स्थापनामा पनि हरप्रकारले सम्लग्न हुँदै आएको तथ्यलाई कसैले नकार्न मिल्दैन । अब पनि यो संस्कृत छात्रावासले प्रजातन्त्रमा विश्वास राखी प्राप्त प्रजातन्त्रको संरक्षण एवं सम्बर्द्धनमा आफ्नो भूमिका एवं दायित्वलाई पूरा गर्दै जाने छ भन्ने विश्वासका साथ यो संक्षिप्त प्रस्तुति यतिमै समाप्त हुन्छ ।

# अब त उज्यालो भएछ

– इन्द्रप्रसाद दाहाल

तोड्यौं त्यो निष्पट्ट कालरात्रि,
अनि ती काला निरंकुश हातहरू,
बाटैभरी झाँडैकाँढा छरिएका थिए,
तर अब छैनन् ती काँढाहरू,
अब त मिरमिरे बिहानी पो भइसकेछ,
त्यो सेतो हिमालको टाकुरीमा,
सूर्यका कलिला किरणहरूले स्पर्श गरिसकेछ,
ती विकट बाटाहरूमा कमलको मगमगाहट पो छरिएछ,
आहा !
कति आनन्ददायी ताप छ यो नवोदित सूर्यको,
अस्ताइसकेछ त्यो चैतको रापिलो सूर्य त,
हो,
मैले यस्तै चाहेको थिएँ,
आज यही पाएँ,

# विद्या

— यज्ञप्रसाद दाहाल

विद्या शब्दमा दुईवटा अक्षर छन् । सामान्यत: कुनै व्यक्तिलाई बोलाउँदा विद्या ?" भन्न पनि सकिन्छ तर यो शब्द यति हलुको छैन जुन एउटै व्यक्तिमा सीमित हुन सकोस् । विद्या शब्दको सृष्टिकालदेखि नै समय र परिस्थिति अनुसारका कैयौं परिभाषा भइसके । तैपनि अझै यो शब्दको परिभाषा कति हो पूर्णत: पत्ता लाग्न बाँकी छ । विद्या शब्दको अर्थ र शक्तिको बयान गर्नु भन्दा पहिले यस शब्दकै नालीवेलीतिर लाग्नु उपयुक्त हुन्छ । विद्या शब्द संस्कृत भाषाबाट नेपाली भाषामा आएको छ र तत्सम शब्दको रूपमा प्रयोग भएको छ । संस्कृत भाषामा भन्दा नेपाली भाषामा विद्या शब्दको अर्थ व्यापक छ भन्नुमा अत्युक्ति नहोला ।

संस्कृत व्याकरणकार पाणिनिलेविद्या शब्द 'विद' धातुबाट सिद्ध गरेका छन् । पाणिनिले संस्कृत भाषामा भएका धातुहरूलाई एकत्रित गरी १० गणमा विभाजन गरेका छन् र ती १० वटा गण मध्ये पाँचवटा गणमा विद धातु भिन्दा भिन्दै अर्थमा भएको पनि स्पष्ट गरेका छन् । जस्तै:–

क) विद-ज्ञाने (ज्ञान प्राप्त गर्नु गराउनु अर्थमा) अदादि गण
ख) विद-सत्तायाम् (हुनु अर्थमा) दिवादि गण
ग) विद्लृ-लाभे (प्राप्त गर्नु अर्थमा) तुदादि गण
घ) विद-विचारणे (विचार गर्नु अर्थमा) रूधादि गण
ङ) विद-चेतनाख्यान निवासेसु (चेतना, आख्यान र निवास अर्थमा) चुरादि गण

यसरी पाँचवटा गण अन्तर्गत सातवटा अर्थ भएको विद धातु मध्ये विद्या शब्द निष्पन्न हुने धातु हो अदादि गण अन्तर्गतको विद ज्ञाने (ज्ञान प्राप्त गर्नु अर्थात् जान्ने हुनु) विद धातुबाट यत् प्रत्यय र स्त्रीलिङ्गी शब्द भएको हुँदा टाप् भई विद्+य+आ=विद्या शब्द बन्न गएको छ। विद्या शब्दको अर्थ हुन्छ ज्ञान आर्जन गर्नु अर्थात् बृहत् अर्थमा जीवनोपयोगी सम्पूर्ण कुराहरूको ज्ञान प्राप्त गर्नु वा गराउनु। विद्या शब्द र शिक्षा शब्द दुवै पर्यायवाची जस्ता देखिन्छन् तर वर्तमान समयमा प्रयोग भइरहेको शिक्षा शब्द पश्चिमी सिद्धान्त अनुसार सिकाइ (जीवनोपयोगी कुराहरू सिक्नु वा सिकाउनु) मा प्रयोग भएको पाइन्छ भने पूर्वीय सिद्धान्त अनुसार प्राणीले ज्ञान प्राप्त गर्ने वा विद्या प्राप्त गर्ने साधनको रूपमा शिक्षा शब्दलाई लिएको पाइन्छ। विद्या शब्दले अन्तरात्मामा ज्ञानको विकास देखि लिएर शारीरिक प्रयोगात्मक विभिन्न अभ्यासको विकासमा समेत जोड दिंदै आएको स्पष्ट हुन आउँछ। तर हालको शिक्षा शब्दले प्रयोगात्मक पक्षलाई मात्र जोड दिएको पाइन्छ। गहन रूपमा विचार गर्दा विद्या शब्द आध्यात्मिक विकासदेखि भौतिक विकासमा समेत जोड दिंदै मानव कल्याणका विविध मार्ग खुलाउने अर्थमा प्रयोग भएको पाइन्छ। यति मात्र नभएर कुनै पनि अज्ञानरूपी अन्धकारबाट मुक्ति दिलाउने तृतीय नेत्रको रूपमा विद्यालाई लिएको तथ्य "सा विद्या या विमुक्तये" र "नेत्रं तृतीयंच सा" यी महान् वाणीबाट

प्रमाणित हुन्छ । यस प्रकार विद्या र शिक्षामा पूर्वीय सिद्धान्त वा वैदिक परम्परा अनुसार विकसित शिक्षा विद्याको रूपमा पाइन्छ भने वर्तमान समयमा विश्वमा प्रचलित शिक्षा प्रयोगात्मक पक्षमा विशेष रूचि राख्ने भएको हुँदा वैदिक परम्पराको शिक्षा र वर्तमान समयको शिक्षामा समानता छैन किन भने प्राचीन शिक्षाले कर्तव्याकर्तव्यको बोध सहित प्रयोगात्मक पक्षलाई जोड दिई नैतिक धरातललाई मजबूत बनाउँथ्यो, भौतिक विकासमा भने प्राचीन नवीन दुवै शिक्षाको समान भूमिका पाइन्छ ।

नेपाली बृहद् शब्दकोशमा विद्या शब्दलाई निम्नानुसार अर्थ गरिएको छ ।

१) शिक्षण संस्थाबाट वा स्वाध्यायनबाट हासिल गरेको ज्ञान, पढाइ द्वारा आर्जन गरिने ज्ञान ।
२) कुनै विषय बारे वर्णन वा विवेचना गरिएको शास्त्र, विज्ञान ।
३) तन्त्र–मन्त्र, तन्त्र–शास्त्र ।
४) इन्द्रजाल सम्बन्धी काम, जादु, टोना ।
५) दुर्गा, भवानी ।
६) वास्तु वा मूर्तिकलामा प्रयुक्त तीन अंगुल बराबरको नाप, पर्वन्, रुद्राक्षि, अग्नि, गुण वा शूल परिमाण ।

अमरकोशकारले विद्या शब्द यस्तो भनेर उल्लेख गरेको पाइँदैन । अंग्रेजी भाषाको शब्दकोशमा पनि Education शब्द शिक्षाको ज्ञान जस्तै विद्याको लागि अनुवादित ठोस अंग्रेजी Knowledge शब्द पाइएला जस्तो छैन ।

विभिन्न शब्दकोश र व्याकरणहरूमा विद्या शब्दको व्युत्पत्ति र अर्थ जे जस्तो गरिएको भए तापनि निचोडमा विद्या शब्द ज्ञानको भण्डार प्राप्त गराउने शब्द हो भन्न निःशङ्क सकिन्छ । विद्या शब्दका

आफ्ना प्रकृति अनुसार विभिन्न नाम वा भेद छन्। ती जति सुकै भए पनि विद्वानहरूले संक्षेपतः दुई भागमा विभाजन गरेका छन्। एउटा ज्ञान प्राप्त गराउने विद्या र दोस्रो नाश गराउने विद्या अर्थात् शास्त्र विद्या र शस्त्रास्त्र विद्या। अर्को शब्दमा युद्ध विद्या र शान्ति विद्या पनि भन्न सकिन्छ। पहिलो शास्त्र विद्याले जति सम्मान आदर पाएको छ त्यति शस्त्रास्त्र विद्याले पाउन सकेको छैन। शास्त्र विद्या जति आनन्ददायक छ त्यति शस्त्रास्त्र–विद्या छैन। शारीरिक बल भएसम्म मात्र यस विद्याको महत्व हुन्छ तर कमजोर अवस्थामा शस्त्रास्त्र विद्याको ज्ञान उपहास जस्तै हुन्छ। परापूर्व-काल देखि हालसम्म विध्वंशकारी शस्त्रास्त्र विद्याको विकास प्रयोग चरम चुलीमा पुगे तापनि संरक्षण भन्दा विनष्ट निमित्त बढी प्रयोग हुने हुँदा प्रशंसित हुनसकेको छैन। शस्त्रास्त्र विद्याले मानवलाई दानवीय घेरा भित्र पुऱ्याउँछ। शास्त्र विद्याको प्राचीन काल देखि वर्तमान समयसम्म मात्रै होइन अनन्त- कालसम्म पनि सम्मान भइनै रहनेछ।

विद्या सञ्जीवनी औषधी हो। विद्याले नै मानवलाई अमरता प्रदान गर्दछ। जुन व्यक्तिले सद्विद्याको अध्ययन र मनन गर्दछ उसले संसारमा महाप्रलय भए तापनि अमरता प्राप्त गरेकै हुन्छ। यो कुरा इतिहासका पानाहरूले प्रमाणित गरेका छन्। मानव जन्म-जन्मान्तर सम्म बाँच्न चाहन्छ। मानवको त्यो इच्छालाई साकार पार्ने तत्व विद्या नै हो, यस कारण विद्यालाई विश्व ब्रह्माण्डमा नै सम्पूर्णले सर्वोत्तम द्रव्य मानेका छन्।

---

विद्या शस्त्रं च शास्त्रं च द्वे विद्ये प्रतिपत्तये।
आद्ये हास्याय वृद्धत्वे द्वितीया प्रियते सदा।

– हितोपदेश

यसै कारण "विद्ययाऽमृतमश्नुते" (विद्याद्वारा अमृतत्व प्राप्त हुन्छ) भनिएको हो । किनभने विद्याले प्राचीनकालदेखि वर्तमानसम्म सद्गुणको बयान र दुर्गुणको निन्दा गर्न अग्रसर मात्रै होइन प्राणको बाजी लगाएर भए पनि कटिबद्ध हुन सिकाउँदै आएको छ । मानवीय हित तथा समाजकल्याणका निमित्त वकालत मात्रै होइन न्यायको अनुसरण गर्नेलाई पुरस्कार तथा अन्यायीलाई दण्ड गर्ने अदालत मानवको अन्तरात्मामा स्थापित गरेको छ । विद्या हासिल गरेको व्यक्ति वा समाजले आफ्नो कार्यको मूल्यांकन आफै गर्छ र दण्ड पुरस्कारको व्यवस्था आफै गरेर आफै सन्तुष्टि पनि लिन्छ । यै हो विद्याको अदृश्य चमत्कार । विद्याले नै संसारका प्राणीलाई यो यस्तो भनेर देवता, मानव, राक्षस, पशु, र निर्जीव भनेर वर्गीकरण गर्नुका साथै सक्रियलाई निष्क्रिय र निष्क्रियलाई सक्रिय समेत गराउन सक्छ । विद्याले नै नैतिकता, सदाचार, अनुशासन, कर्तव्याकर्तव्य, धर्म, परोपकार, स्वार्थ, प्रेम, दया, मित्रता, उन्नति, नवीनान्वेषण, नव निर्माण र प्रयोग आदि सम्पूर्ण कुराको बोध गराउँछ । मानवीय आवश्यकताको सर्वतः परिपूर्तिलाई सर्वाङ्गीण विकास भनिन्छ भने सर्वाङ्गीण विकासको सक्षम क्षमता विद्यामा नै छ /

परापूर्वकालदेखि वर्तमान समयसम्म पनि मानवले आफ्नो आवश्यकता पूर्तिका निमित्त सुन्दर, कल्याणकारक र स्थायी वस्तुको खोज गर्दै आएको छ / हामी नै भनौं आफूलाई आवश्यक पर्ने माल वा वस्तु किन्न वजार गयौं भने मूल्यको वास्ता नगरी बढी समय खप्ने जुन हो त्यसैमा आँखा लगाएर मूल्यको खोजी गर्छौं । आफूलाई विश्वास भएपछि त्यो वस्तु लिन्छौं । त्यस्तै आर्जन गरिने प्रत्येक वस्तुलाई अवलोकन गर्छौं / हाम्रो इच्छा दीर्घ समयको लागि उपयुक्त, वहुउद्देश्यीय, अझ जन्म जन्मान्तरका लागि समेत कामयावी हुने

वस्तु आर्जन गर्न चाहन्छ । यस सन्दर्भमा मानव कुन कुरा कल्याकारी दीर्घजीवी गराउन सक्षम छ भनेर अनुसन्धान गर्छ, इतिहास पल्टाउंछ, सोधपुछ गर्छ, छलफल गर्छ र सबैतिरबाट एउटै त्यस्तो वस्तु प्राप्त गर्न चाहन्छ जुन वस्तु प्राप्त गर्दा सबै वस्तु पाउन सक्छ । मानवले चाहेको त्यो महत्वपूर्ण वस्तु एउटै छ त्यो हो विद्या । विद्याले गर्दा सत्ययुग देखि वर्तमान युग सम्म पनि मानव आफ्नो आवश्यकता पूरा गरी बाँचिरहेका छन् । हामी ईश्वर भन्छौं, फलाना यस्ता उस्ता भन्छौं, ठूला, गतिला आदि भन्छौं तो सबै विद्याका बलले भएका हुन् । ब्रह्मा विद्वान थिए, विष्णु त्यस्तै शिव त्यस्तै । विद्याको बलले नारद, व्यास, कपिल मुनि, कणाद, गौतम, वात्स्यायन, च्यवन आदि कैयौं ऋषिहरू हाम्रा अगाडि जिउँदै छन् । त्यसै गरी राजा राम, कृष्ण, जनक पाण्डव, वाल्मीकि, कालिदास, वाण भट्ट, आदि हाम्रा मुटुबाट बाहिर निस्कँदैनन् । यो सबै चमत्कार विद्याकै हो । त्यस्तै भानुभक्त, लेखनाथ, बालकृष्ण, लक्ष्मी प्रसाद हामीलाई विद्याकै आडले शिक्षा दिंदै छन् । विद्याकै बलले शंकराचार्य गौतम बुद्ध, गुरू नानक आदि धार्मिक सन्देश लिएर चिच्याइरहेका छन् । विद्याकै भरमा संसारमा नयाँ नयाँ खोज भइरहेका छन् । जङ्गली अवस्थामा निर्वाह गर्ने मानव जाति आज प्रकृतिलाई दास बनाउन सफल भएको छ । बग्ने पानीलाई जमाउँछ, उफ्राउँछ, त्यसैबाट आगो बाल्छ त्यतिमात्र नभएर आफ्नो आवश्यकता मुताबिक प्रयोग गराउँछ । हावालाई बन्द गरिदिन्छ, उडाउँछ, संगै उड्छ । फलाम लगायत सम्पूर्ण निर्जीव वस्तुलाई सजीव बनाउँछ । मार्कोनीले जन्माएको आकाशवाणी यन्त्रमानवमा पुगेको छ । ग्यालिलियोले पत्ता लगाएको गुरूत्वाकर्षण रकेट युगमा पुगेको छ । राइट दाजुभाइले पागलको उपाधि पाउँदा पाउँदै शुरू गरेको उडानको जडानले जेटविविमानको स्थान प्राप्त गरेको छ । संसारमा भएका प्रत्येक क्षेत्र र

प्रत्येक वस्तुलाई नौलो नौलो गराइसकिएको छ। प्राचीन कालमा आँखा चिम्लिएर ऋषिमुनि संसारको गतिविधि थाहा पाउँथे। एक दिन रावणको भक्तिदेखि ज्यादै प्रसन्न भएर शिवले आफ्नी प्राणप्यारी पार्वतीलाई नै दिएर पठाएछन्। यो कुरा ध्यानदृष्टिले विचार गर्दा विष्णुले थाहा पाएर रावणलाई यी ता काल्पनिक पार्वती भनिदिएछन्। यो कुरा पनि शिवले ध्यानदृष्टि द्वारा थाहा पाएर साँच्चिकै पार्वती लिन आएका रावणलाई काल्पनिक पार्वती दिएर पठाएछन्। यी सबै कुरा विद्याकै बलले भएका हुन्। वर्तमान युगमा पनि संसारका यावत् गतिविधि हामी आफ्नै कोठामा बसेर हातमा बाँधेको घडी, रेडियो, टेलिभिजन आदि यन्त्रका माध्यमले सहजै थाहा पाउँछौं। यी सबै कुरा कसरी ? कसबाट ? आदि प्रश्नमा उत्तर आउँछ मूल कारण विद्या नै हो।

विद्याद्वारा प्राप्त गरिने भौतिक ज्ञानको विशिष्ट ज्ञान नै विज्ञान हो भन्नु अप्रासंगिक नहोला। विज्ञानको आविष्कारले अन्तिम अवस्था पाउन लागिसकेको छ। विद्याकै सहयोगले मानवको स्थिति पनि यस्तै हुन्छ भो र भन्न सकिंदैन। कसले के गर्न सक्छ र सक्तैन कसले किटान गर्न सक्तैन। विद्याकै खोज र अनुसन्धानले रूस रूस बन्यो। अमेरिका अमेरिका बन्यो। अमेरिका के गरिरहेछ रूस रूसबाटै हेर्छ। रूस के गरिरहेछ अमेरिका अमेरिकाबाटै ऐना हेरे झैं हेर्छ। कुनैले कुनै माथि छल गर्न सक्तैनन्। यो पनि विद्याकै देन हो। वर्तमानका असंख्य परिवर्तन विद्याकै कृपा हुन्। हामी बिरामी हुन्छौं। बाँच्ने आशा लिएर अस्पताल, वैद्यको घर धाउँछौं। हामी जस्तै मान्छेले हामीलाई केही धुलो, केही झोल, केही गेडागुडी, केही खोप र केही हिलो दिएर हामीलाई निरोगी बनाउँछन्। हामीलाई गोली लाग्छ, छिन घरिमा हामी अस्पतालमा पुग्छौं, हामी जस्तै मान्छेले हाम्रो गोली झिक्छ र फाटेको कपडा टाले जस्तै गरी एक ठाउँको मासु

झिकेर अर्को ठाउँमा टाल्छ । केही दिनमा बिसेक भएर हामी घर फर्कन्छौं । देख्ता दङ्ग पर्छौं । यो पनि विद्याकै प्रभाव हो । हामीलाई भोक लाग्छ अनेक प्रकारका व्यञ्जन तयार पारेर खाने कला यै विद्याले सिकाउंछ । यो मार्ग हितकर छ र यो मार्ग अहितकर छ भनेर यै विद्या सिकाउंछ । चिन्ताग्रस्त अवस्थामा प्यारी पत्नीका मीठा वाणीले झैं यै विद्याले आनन्द तुल्याउँछ । इच्छा गरे अनुसारको धनोपार्जन गर्न र संसारमा कीर्ति फैलाउने काम पनि यै गर्छ । यति मात्र नभएर चाहेको र चाहे जति इच्छा पूरा गर्ने पनि यै नै छ भनेर विद्वानहरूले मुक्तकण्ठले घोषणा गरेका छन् ।

विद्याको जतिसुकै प्रशंसा गरे पनि पृथ्वीको आयु रहुञ्जेल पनि सकिन सम्भव छैन । विद्या विश्व ब्रह्माण्डको सर्वोत्तम वस्तु हो भनेर मात्त पनि हुँदैन । विद्या मनुष्यमा त्यसै प्रवेश हुने भए संसारको गतिविधि अर्कै हुने थियो । विद्या प्राणीद्वारा आर्जन गरिने वस्तु हो । आर्जन गरिने वस्तुलाई जुन रूपको भए पनि सम्पत्तिको रूपमा लिइन्छ । आर्जित सम्पत्तिहरूमा पनि जुन सम्पत्ति जति उपभोग गर्‍यो त्यत्ति नै स्थायी र वृद्धि हुने, अरू कसैलाई पनि बाँड्नु नपर्ने भयो भने त्यसलाई मन नपराउने को होला ? संसारमा जतिसुकै ठूलो भारी भए पनि गरम्र नहुने, जोगाउनलाई पनि अत्यन्तै सजिलो पर्ने, चोरले आँटै गर्न नसक्ने, जत्ति खर्चन सक्यो उत्ति नै स्थायी र वृद्धितिर मात्रै लाग्ने सम्पत्ति विद्या नै हुनाले विद्यालाई सर्वश्रेष्ठ सम्पत्ति विद्वानहरूले मानेका छन् ।

उच्च कुलमा जन्मदैमा, सुन्दररूप हुँदैमा र यौवन अवस्थाले पूर्ण हुँदैमा ठूलो मानिंदैन । यी त केही समयका लागि प्राप्त हुने कुराहरू हुन् । कुरूप भए पनि, बूढो भए पनि विद्यायुक्त व्यक्ति असल मानिन्छ । जस्तो सुकै होस् विद्या आर्जन नगरेको व्यक्ति वासना

नभएको फूल जस्तै हो उसलाई कसैले मन पराउँदैन । कुरुप र नीच कुलमा पैदा भएको भए तापनि अष्टावक्र, विश्वामित्र, विभीषण, एकलव्य आदि विद्याले युक्त भएका हुँदा संमानित छन् । अतः भन्न सकिन्छ कि विद्या मानवको सर्वोत्तम गहना हो । आफूलाई अपठेरो परेको बखतमा गुरू बनेर उपदेश दिने गुरूको पनि गुरू विद्या नै हो । यस्तै एक्लै विदेश गएको बखतको परम मित्र बनेर सहयोग गर्ने पनि विद्या नै हो । विद्याकै सहयताले धर्माधर्मको ज्ञान हुन्छ । विद्वान् व्यक्ति पूज्य र सम्मानित हुन्छ र धनको पूजा भए पनि स्वार्थ साध्यका लागि हुन्छ हृदयतः हुँदैन । विद्यामा भएका यी सद्गुणहरूले गर्दा विद्या सर्वोत्कृष्ट हुन पुगेको हो । यदि कुनै व्यक्ति यस प्रकारको विद्याबाट वञ्चित छ भने त्यस्तो व्यक्तिलाई मानव भन्न मिल्दैन पशु भने हुन्छ भनेर शास्त्रकारहरूले सजिलैसित आफ्नो निर्णय दिएका छन् । अतः मानव हुनका निमित्त पनि विद्याको आर्जन अत्यावश्यक देखिन्छ । विवेकशील प्राणीले मात्रै होइन कुनै पनि संसारमा प्रादुर्भाव भएर केही न केही ज्ञान प्राप्त गर्नासाथ आफू सम्मानित हुने उपायहरू आफूलाई न्यूनतम अवस्थाको प्रदर्शन गरेरै भए पनि अपनाएको हुन्छ । हुन पनि बडप्पनले भन्दा न्यूनताले नै मानिस सम्मानित बन्न सक्छ । मनुले सम्मानका पाँचवटा स्थान निर्धारण गरेका छन् । सम्मानको पहिलो खुड्किलो धन, दोस्रो दाजुभाई, तेस्रो वय (अवस्था) चौथो काम र पाचौं विद्या हुन् र यी पाँचौं मध्ये पहिलेको अपेक्षा द्वितीय उत्तम दोस्रोको अपेक्षा तृतीय उत्तम एवंरीतले पाँचौं विद्यालाई सर्वोत्तम बताएका छन् । विद्यायुक्त व्यक्ति आफूलाई अवश्य नै सानो ठान्छ तर पनि धनी मानी आदि सबैबाट सम्मान पाएको हुन्छ । यस कारण सम्मानित हुनका निमित्त विद्या आर्जन गर्नु महत्वपूर्ण काम हो । विद्याकै आश्रयले गर्दा कैयौं मानिसहरू भौतिक देहावसान पछि पनि अमर

भएर बाँचेकै छन् । त्यस्तै नीतिकारले विद्यालाई सम्पूर्णको भूषण हो भनेका छन् । साथै विद्या नम्रताको कुन्जी हो नम्रता नै योग्यताको प्रवर्तक हो, योग्यता नै यथोचित सम्पत्ति आर्जन गर्ने यन्त्र हो, धन परोपकारको महत्वपूर्ण साधन हो र धर्म नै मानवलाई परमानन्दमा पु-याउने साधन हो भन्दै परमानन्द प्राप्त गर्ने आधार विद्या नै हो भनेर प्रमाणित गरेका छन् । विनम्र, योग्य, धनी, धार्मिक र सुखी हुन तथा अरूलाई पनि त्यस्तै गराउन विद्यारूपी महौषधिको प्रयोग गर्नु नितान्त आवश्यक देखिन्छ ।

विद्याको आवश्यकता:-

संसारमा मानवीय आवश्यकताहरू मध्ये सर्वोत्तम आवश्यकता विद्या हो भन्ने तथ्य उपर्युक्त आधारहरूबाट स्वतः सिद्ध हुन्छ । कुनै पनि देशको जनस्तर उठाउनु राज्यको स्तर उठाउनु हो । राज्यको स्तर उठाउन विद्याको आवश्यकता पर्छ । प्रजावत्सल राजा, राजा प्रेमी जनता, राष्ट्र सेवक नेताहरू, देशभक्त जनता, मातृ पितृभक्त सन्तति सन्ततिप्रिय मातापिता, कर्तव्य निष्ठ कर्मचारी, भ्रातृ प्रेम, पतिपत्नी प्रेम, गुरुशिष्य प्रेम आदिका साथै 'वसुधैव कुटुम्बकम्' को भावना जागृत गराउन औपचारिक वा अनौपचारिक जुनसुकै रूपमा भए पनि विद्याकै आवश्यकता । पर्छ राष्ट्रप्रमुख देखि लिएर याचकसम्म पनि विद्याको अभावमा व्यक्तित्व निर्माण हुन सक्तैन । हामी कतिपय देश जापान, अमेरिका, रुस, स्विट्जरल्याण्ड, भारत आदिको नाम पुकार्छौं । विद्याकै सहयोग र साधना गर्दा ती देशहरू संसारमा मात्रै प्रख्यात नभएर पृथ्वी बाहेक चन्द्रलोक र मङ्गल ग्रह समेतमा प्रख्यात भइसके । संसारका कतिपय व्यक्ति प्रचीन कालदेखि वर्तमान युगसम्म विद्या आर्जन गर्नाले नै प्रसिद्ध छन् । देवताका गुरु बृहस्पति, दैत्यगुरु शुक्राचार्य, व्यास, शुकदेव, ग्यालिलियो, सुकरात, शेक्सपियर,

दाँते, गेटे, कपरनिकस, कोलम्बस, न्युटन, रूसो कार्लमार्क्स, भानुभक्त, मोतीराम, लेखनाथ, लक्ष्मीप्रसाद, प्रतापमल्ल, वी. पी. आदि आदि व्यक्तित्व अमर हुनुमा प्रमुख कारण विद्याको अध्ययन र अनुसरण हो। विद्वान व्यक्तिले संसारमा सम्मान पाउँछ। जात, थर, पद नाता, स्थान, आदिले उसलाई सीमित गराउन सक्दैन। राजा आफ्नो देशमा सीमित हुन्छ तर विद्वान् विश्व ब्रह्माण्डमा प्रख्यात हुन्छ। यस कारण अन्तरात्मा देखि भौतिक जगत्को तथा देशको उन्नति र प्रगति गर्न गराउन प्राथमिक आधार विद्या नै प्रष्ट हुन आउँछ।

विद्या प्राप्त गर्ने अवस्था:-

विद्या यस्तो उस्तो भनेर जति बखाने वा वर्णन गरे तापनि विद्या आर्जन नगरी र आत्मसात् नगरी व्यक्तित्व निर्माण हुन सक्दैन। कुनै पनि कुरा आर्जन गर्ने वा प्राप्त गर्ने भन्ने बित्तिकै त्यसमा अवश्य पनि श्रम लगाउनु पर्छ। त्यस्तो श्रम कहिले कसरी लगाउने भन्ने कुराको पनि निश्चित हुनु आवश्यक हुन्छ। विद्या सबै भन्दा उच्चतम वस्तु हो। यस कारण जीवन ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ सन्यास चार अवस्था मध्ये पहिलो ब्रह्मचर्य अवस्था विद्या आर्जन गर्नका लागि उत्तम मानिएको छ, यसै हुनाले तोतेबोली देखि पढ्न लगाउने परम्परा छ। उपयुक्त चारु अवस्था मध्ये प्रथम अवस्थामा प्राप्त गर्न नसकेको विद्या द्वितीय अवस्थामा गएर प्राप्त गर्न सकिदैन। एकाध अपवाद भिन्नै कुरा हो। हिन्दू परम्परामा मात्रै होइन संसारका कुनै पनि देश, धर्म, परम्परा आदि अनुसरण गर्ने समुदाय वा व्यक्तिले विद्या प्राप्त गर्ने पहिलो अवस्था नै चुनेका छन् ब्रह्मचर्याश्रम अर्थात् मानवको जन्मदेखि लिएर २५ वर्ष सम्मको अवस्था अत्यन्त उपयुक्त हो। त्यसमा पनि अझ २० वर्ष सम्मको अवस्था त जीवनलाई अमूल्य रत्न र मूल्यहीन काँच बनाउने अवस्था हो। जुन मानिसले यस

अवस्थालाई सत्कर्ममा लगाउन सक्यो उसले जीवन मात्र होइन जीवनान्तर समेत अमर बनायो। ब्रह्मचर्य भन्नाले सत् आचरण वा सत्यको चिन्तन् अथवा सत्योन्वेषण प्रति समर्पित हुनु हो। नरनारी दुवैले यस आश्रम वा आयुको सदुपयोग गरेका खण्डमा आफू मात्र होइन संसारकै अवस्था अर्कै हुन पुग्छ। इच्छा गरेको वस्तु प्राप्त हुने र त्यै वस्तुबाट जीवन र समाजको निर्माण हुने हुँदा पहिलो अवस्था अमूल्य रत्नतुल्य हो र यस अवस्थामा अमूल्य रत्न छानेर लिन सक्नु नै बुद्धिमानी ठहर्छ। अवस्थाले मात्र पनि हुँदैन अवस्थाका साथ साथै लगनशीलता पनि नितान्त आवश्यक पर्छ। यदि लगनशीलता भएन भने भोजन तयार गर्न भोज्य पदार्थ तयार भएको तर आगो नभएर सबै पदार्थ काम नलाग्ने भए जस्तै हुन जान्छ। धनोपार्जन गर्न धर्मकार्य गर्न अर्को व्यक्तिद्वारा पनि सकिन्छ तर विद्योपार्जन गर्नका निमित्त जो सुकै होस् स्वयम् आफै खट्नु पर्छ। अर्को व्यक्तिले जाँगर वा सहयोग मात्र गरेर पुग्दैन। यसरी विद्या आर्जन गर्ने अवस्था भए तापनि बाल्यावस्था र खास गरेर यै वस्तु सर्वश्रेष्ठ हो भनेर छान्न नसक्ने अवस्था भएको हुनाले आफ्ना सन्ततिलाई उपयुक्त विद्या दिलाउनप्रति विशेष ध्यान दिनु अभिभावकको पनि कम दायित्व हुँदैन। जन्मेर बिस्तारै क्रमबद्ध रूपमा नयाँ नयाँ आकांक्षा लिएर हुर्कन लागेका आफ्ना बालबालिकालाई आचारहीन व्यक्तिले इच्छा गरे अनुसारको विद्या प्राप्त गर्न सक्तैन।

विद्याहीन भएमा पशुतुल्य बन्लान् भनेर समयमा नै ध्यान दिदै पढेर मात्र खान आउँदैन भन्ने धारणालाई त्यागेर विद्या प्राप्त गराउन अग्रसर हुनुपर्छ। हामी नेपालीमा जीविकोपार्जनका साधन

मध्ये प्रथम खेती पाती वा व्यापार आदिमा अग्रसर गराउने त्यस-पछि समय बचत भएमा पठन पाठनतिर लगाउने स्वभाव छ। यसैले गर्दा शैक्षिक उन्नति हुन सकेको छैन। शैक्षिक उन्नति बिना देश-विकासको परिकल्पना पनि कसरी हुन्छ र ? विद्यार्थीको अभिभावक उनका बाबुआमा मात्र नभएर देशको सरकार पनि हो र सरका-रको तर्फबाट पनि विद्या र विद्वानको आदर सहित बालबालिकालाई विद्या प्राप्त गराउन अग्रसर गराउनु पर्छ। अवश्य नै शिक्षामा पहिले धन र जन दुवैलाई लगाउनु पर्छ यसमा निच मारेमा दक्ष जनशक्ति देशले प्राप्त गर्न सक्तैन। हाम्रो नेपाल जस्तो अल्प विकसित तथा विकासशील देशले त अझ शैक्षिक उन्नतिमा विशेष जोड दिनुपर्छ। हालसम्म शिक्षा प्रति औपचारिकता मात्र छ तर विशेष रुचि नभए-काले देशले चाहे जति विकास गर्न सकेको छैन। सरकार मार्फत देशभरि १० कक्षा सम्म अनिवार्य शिक्षा लागू गरेमा सुध्रने अवस्था अवश्य आउँछ। वर्तमान अवस्थाको प्रजातान्त्रिक सरकारले अवश्य नै जनताहरूलाई शिक्षाको उज्यालोले डोऱ्याउन अग्रणी भूमिका निभाउनेछ। शिक्षा प्राप्त नगराउने अभिभावक शत्रु हुन् र शिक्षा प्राप्त नगर्ने सन्तति पनि शत्रु हुन् भनेर नीतिले बताएको छ। विद्या-र्थीले पनि विनयी, अनुशासित भएर विद्या प्राप्त गर्नुपर्छ। विद्या-प्राप्त गर्न विद्याकी भण्डार सरस्वतीको र सिद्धिदाता गणेशको आराधना गर्ने चलन प्राचीन कालदेखि हालसम्म पनि छ। जीवनलाई निय-मित, जाँगरिलो तथा कर्तव्यनिष्ठ बनाउनु नै प्रार्थना गर्नु र अनु-शासित हुनु हो।

विद्याको वर्णन जसरी जति गरेपनि सकिँदैन। निचोडमा विद्या सर्वश्रेष्ठ वस्तु हो भन्ने कुरा निर्विवाद छ। कुनै पनि महत्व पूर्ण स्थानमा पुग्न, महत्वपूर्ण वस्तु प्राप्त गर्न कठिन परिश्रम नगरी

अवश्य सकिँदैन । यस कारण विद्या जस्तो अमूल्य निधि प्राप्त भएपछि जस्तो सुकै आनन्द दिने भए तापनि प्राप्त गर्न भने कठिनतम परिश्रम गर्नुपर्छ । विद्या अध्ययन गर्नु एउटा कठिन तपस्या हो । घरमा आरामसित बसेर कसैले पनि विद्या प्राप्त गर्न सकेका छैनन् । विद्यार्थीले समय खेर फाल्नु जीवन खेर फाल्नु हो, "क्षण-त्यागे कुतो विद्या ?" भनिएको छ । त्यस्तै कौवाको जस्तो चेष्टा हुनु, बकुल्लाको जस्तो ध्यान हुनु, कुकुरको जस्तो अल्प निद्रा हुनु, अल्पाहारी हुनु, गृहत्यागी हुनु विद्या आर्जन हुने उत्तम लक्षण हुन् । त्यस्तै सुखको लोभमा अलमलिने व्यक्तिले विद्या आर्जन गर्न सक्तैन । विद्याको त्यागले सुख र सुखको त्यागले विद्या प्राप्त हुन्छ भनेर नीतिले बताएका छन् । यस कारण हरेक कष्ट सहेर भएपनि मानवले विद्या प्राप्त गरेर उच्चकोटिको मानव बन्नु तथा बनाउनु पर्छ भन्ने यस लेखको आशय हो भनेर दोहोऱ्याइरहनु पर्दैन ।

---

अवसरपठिता वाणी गुणगणरहिताऽपि शोभते पुंसाम् ।
रतिसमये रमणीनां भूषाहीनस्तु भूषणं भवति ।।

–जसरी अवसर छोपेर बोलिएको बोलीले मूर्खलाई पनि शोभा दिन्छ त्यसै गरी समागमावस्थामा रमणीहरूको आवरणहीनता नै सुन्दर आभूषण हुन्छ ।

– सुभाषित



---

# प्रजातन्त्रको प्राप्ति र दलहरूको संस्कार

— प्रा० पुरुषोत्तम दाहाल

तीस वर्ष पछि, इतिहासको पुनरावृत्ति हुन पुगेको छ। २०१७ साल पुस १ गते सैनिक कूटद्वारा बहुदलीय प्रजातन्त्रको हत्या भए पछि सबभन्दा ठूलो प्रतिपक्षी नेपाली काँग्रेसले अनवरत र अथक युद्ध लडिरह्यो। २००६ सालमा 'नेपाली काँग्रेस' को स्थापना हुँदा स्थापित बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको उद्देश्य तथा २०१२ सालमा घोषित समाजवादका प्रति नेपाली काँग्रेसले अत्यन्त संकटका घडीमा पनि आफूलाई विमुख गराएन। दक्षिण एशियामा मात्र होइन सारा संसारभरकै राजनीतिक इतिहासमा यसरी चार दशकसम्म नटुक्रिई दमन, यातना र क्रूर प्रहारबाट विचलित नभई आफ्ना उद्देश्यमा अथक लाग्ने राजनीतिक दलहरू नेपाली काँग्रेसका अतिरिक्त धेरै कम छन्। यद्यपि छिमेकी भारतमा, अंग्रेजको उपनिवेशिक नियन्त्रण विरुद्ध सन् १८८८ मा स्थापित अखिल भारतीय काँग्रेसले पनि स्वतन्त्रताको झण्डै

६० वर्ष लामो लडाईं लडेको थियो। तर त्यहाँको स्थिति भन्दा अत्यन्त भिन्न अवस्थामा नेपाली कांग्रेसले आफ्नो संघर्ष सञ्चालन गऱ्यो।

२००७ सालमा नेपाली कांग्रेसले जब राणा सत्ता समाप्त पारी बहुदलीय प्रजातन्त्र स्थापना भयो, त्यस समय देखि २०१७ सालसम्म पचास भन्दा बढी राजनीतिक पार्टीहरू स्थापित भएका थिए। अहिले पनि २०४६ चैत्र २६ राती ११ बजे पछि निर्दलीय पञ्चायत व्यवस्थाको अन्त र बहुदलीय व्यवस्थाको घोषणा पश्चात् ४५ ओटा जति पार्टीहरू स्थापना भएका छन्। यी पार्टीहरू मध्ये १६ वोटा जति वामपंथी (कम्युनिष्ट) समर्थक, केही जातीय वा क्षेत्रीय, केही यथास्थिति पक्षधर अनुदार समूह र नेपाली कांग्रेस जस्तै केही प्रजातान्त्रिक समाजवादमा विश्वास गर्नेहरू छन्। उपभोक्ता संघ देखि समाजवादी फोरम र भ्रष्टाचार विरोधी संघ समका संघहरू खुलेका छन्। सबभन्दा ठूलो प्रजातन्त्र कर्मचारी र औद्योगिक क्षेत्रमा आएको छ र हरेक वर्ग र तप्काका मानिस-हरूमा संगठन खोल्ने यौटा होड नै प्रारम्भ भएको छ। यति मात्र होइन, अधिनायकवादी सत्ता खोज्ने र बहुदल नमान्नेहरू पनि झण्डा झुण्डाएर जनताका माझमा पुगेका छन्।

आखिर यत्तिका राजनीतिक पार्टीहरू खुलेका छन्, के ती सबै प्रजातन्त्र र प्रजातान्त्रिक संस्कारका लागि अग्रसर छन् त? प्रजातन्त्र र समाजवादको आर्थिक मान्यता प्रति इमान्दार छन्?

यी प्रश्नको उत्तर हामीले बेलैमा खोज्नु जरुरी भएको छ। २००७ देखि ०१७ सम्म पचास भन्दा बढी राजनीतिक पार्टी भए पनि, ०१७ साल पछि कति राजनीतिक पार्टीहरू प्रजातन्त्रका निम्ति सक्रिय भए? नेपाली कांग्रेस र गोर्खा परिषद् (कांग्रेसमै

विलय) ले मात्र प्रजातन्त्रको अनवरत युद्ध लडे । जबकि २०१७ साल पछि कम्युनिष्टहरूले र राजाले पनि कांग्रेसलाई प्रथम शत्रु ठहराएर कांग्रेस विरोधी राजाको मोर्चामा एक थरी संलग्न भए, अर्काथिरी राजाको हात बलियो पार्न पञ्चायत भित्र नै पसे र पुष्पलालको यौटा सानो समूह मात्र नेपाली काँग्रेससंग हात मिलाएर आन्दोलन चलाउने कुरामा विश्वस्त रह्यो। राष्ट्रिय काँग्रेस र नेपाल प्रजापरिषद् वक्तव्यमा सीमित रहे, हुँदा हुँदा प्रजापरिषद्ले जानी वा नजानी पञ्चायती सत्तालाई नै मद्दत पुर्‍यायो । यसका अतिरिक्त सबै पार्टीहरू राजदरबारको षड्यन्त्रका कुनै न कुनै पूर्जा भएर काम गरे ।

००७ देखि ०१७ सम्म पनि अधिकतम राजनीतिक पार्टीहरू इमान्दार भएनन् । नेपाली काँग्रेस र खास गरी बी० पी० कोइराला विरुद्ध पराजित राजाका अवशेषहरू देखि प्रगतिशील कम्युनिष्टहरू यौटै मोर्चामा आबद्ध भए । २००८ साल कार्तिकको चिनियाँकाजी काण्ड राणा र कम्युनिष्टहरू सहित अन्य प्रतिक्रियावादीहरूको संयुक्त साजिस थियो भन्ने कुरा ०१७ साल पछि काँग्रेस विरुद्ध पञ्चहरूले र कम्युनिष्टहरूले समान रूपमा चिनियाँकाजीको फोटो झुण्डाएर हिँड्नुले नै प्रमाणित गर्दछ । आफै सिनेमा हलमा टिकट ब्ल्याक गरेर कालो बजारीको दोष काँग्रेसलाई लगाउने पार्टी पनि थिए । पूर्व १ नं वा पश्चिम १ नं. काण्ड, गोर्खा काण्ड र दाङ काण्ड, दरबार, राणा अवशेष, प्रतिक्रियावादीहरू र तथाकथित कम्युनिष्टहरूको संयुक्त प्रयोग थियो। २०१७ सालमा नेपाली काँग्रेसले बिर्ता उन्मूलनको कानून बनाउँदा सामन्तवादको विरोध गर्ने कम्युनिष्टहरूले जनहित संघका नाउँमा बिर्ता उन्मूलनलाई महत्वाकांक्षी कदम भन्दै त्यस विरुद्ध काठमाडौंमा सबभन्दा

ठूलो जुलूस प्रदर्शन गरे। ००७ देखि सत्र सम्म डा. के. आइ. सिंह काण्ड देखि यस्ता अनगिन्ती काण्डहरू भए, वस्तुत: ती सबै नै कांग्रेस विरूद्ध अर्थात् प्रजातन्त्र विरूद्ध सशक्त हतियारहरू थिए भन्ने कुरा २०१७ को क्रूर घटना र त्यसपछि पहिले छिचिमिरा जस्ता पार्टीहरूको भूमिकाले स्पष्ट गरेको छ। केही कम्युनिष्टहरूलाई छाडेर २०४६ सम्म अधिकतम 'क्रान्तिकारी' वामपंथीहरूको भूमिका प्रजातन्त्र निम्ति नकारात्मक नै रह्यो—चाहे ०२६–०२९ को व्यक्ति हत्याको अभियान होस्, चाहे २०३६ मा जनमत संग्रह धोखा हो भनिएको होस, अथवा ०४२ को सत्याग्रहमा मूक भएर होस्। २००७ देखि ०१७ सम्म हुन सक्छ संस्कार र प्रयोगमा नेपाली कांग्रेसले कम्जोरी देखाएको वा त्रुटि गरेको पनि होस्, अथवा ०१७ पछि राजनीति बदलंदा अपरिपक्व योजना बनाएको पनि होस्, तर आदर्शमा स्पष्ट भएर नेपाली कांग्रेस सदा आफ्नो मार्गमा हिंडिरह्यो।

अहिले पचहरू पनि पार्टी बोकेर आएका छन्, अरूहरू पनि छन्, कम्युनिष्टहरू पनि छन् र कांग्रेस पनि छ। यी बितेका पांच महिनाले यौटा कुरा के देखाएको छ भने २००७–०१७ को जुन मनस्थिति, आग्रह, षड्यन्त्र र घीन लाग्दो राजनीतिक शैली थियो, त्यो भन्दा माथि राजनीतिक पार्टीहरू उठ्न सकेका छैनन्। अझ भनौं, पार्टी स्वतन्त्रताको उपयोग कुन हदसम्मको विरोध र समर्थनमा चल्छ भन्ने सामान्य ज्ञानसम्म पनि पार्टीहरूमा देखिएको छैन। राजनीतिक संस्कार र प्रजातान्त्रिक संस्कार भन्ने व्यावहारिक मान्यता त्यति भेटिएको छैन। अहं, संस्थागत कार्यशैलीको अभाव, क्षुद्र राजनीतिक स्वार्थ, जडसूत्रवादी आग्रह राजनीतिक कार्यकर्ता-हरूका गहना हुन पुगेका छन्। समाजलाई परिवर्तन गर्नु पर्ने र राज्य-यन्त्रलाई कलंकरहित तर सक्षम बनाएर जनतालाई

राज्यका, संस्थाका, समाजका, परिवारका र आफ्नाप्रति चनाखो, सक्रिय र सहभागी हुन प्रशिक्षित गराउने वर्ग–प्राध्यापक, वकिल, पत्रकार, शिक्षक, डाक्टर, इन्जिनीयर र कर्मचारी वर्ग प्रजातन्त्रको मान्यता र मर्यादालाई आ–आफ्नो बपौती र आफ्नै सुविधा–विलासको साधन सम्झन थालेका छन् । राजनीतिक पार्टीका सदस्यहरू र विद्यार्थी वर्ग वा मजदूर वर्ग त यसमा स्वाभाविक ढङ्गले अंशवण्डाको खोजीमा सामेल छन् ।

यस्तो विकृतिलाई ढाक छोप गर्ने कि? यसलाई नाङ्गो पारी हटाउन तर्फ लाग्ने? एकानब्वे प्रतिशत किसानको हित गर्ने नारा दिनेहरू आफ्नै विलासमा अल्झिन थाले भने राजनीतिको, प्रजातन्त्रको र राष्ट्रको नै सुदूर भविष्य कस्तो हुने हो? बी. पी. कोइराला भन्नु हुन्थ्यो: "नेपाल भनेको किसानहरूको हो, गरीब-हरूको हो, श्रमिकहरूको हो, त्यसैले योजना बनाउँदा राजाको तस्वीर मात्र होइन गरीब किसानको तस्वीर सामुन्ने झुण्ड्याउनु पर्दछ ।"

जातीय, क्षेत्रीय, सांप्रदायिक संगठनहरू पनि छन् र भरखर प्राप्त प्रजातन्त्रलाई यी सबैसंग लागेर मध्यमवर्गीय बुद्धिजीवीहरू र राजनीतिक पार्टीहरू समेत 'माग' को वर्षा गरिरहेछन् । यो 'मागको वर्षा' अर्को विकृति हो । यत्ति मात्र होइन राजसंस्था बारे पनि जानी नजानी कतिले भ्रमको पोको पालेका छन् । यहाँ राजसंस्थाको माया होइन, जातीय, वर्गीय, क्षेत्रीय र शक्ति सन्तुलनको आन्तरिक समीकरण केन्द्र यौटा अनिवार्य सुदृढ संस्था नेपाली निम्ति अहिले आवश्यक छँदैछ । हाललाई त्यो संस्था 'राजसंस्था' मात्र उचित देखिएको छ ।

वस्तुत: प्रजातन्त्र निम्ति, खास गरी नेपालमा–जनताका

पार्टीहरू, राजसंस्था, सेना, कर्मचारी तन्त्र, औद्योगिक मजदूरहरू र हर घटकका मध्यमवर्गीय बुद्धिजीवीहरूको समान हात रहेको छ। तर अहिलेको क्रियाकलाप मूल्याङ्कन गर्दा कसैको संस्कार पनि प्रजातन्त्र निम्ति सकारात्मक देखिंदैन र यसलाई प्रजातन्त्रको प्रारम्भको संक्रमणमा यस्तै हुन्छ भनी सन्तोष लिने वा माफ दिने ठाउँ हुँदैन। संस्था प्रजातान्त्रिक संस्कारयुक्त नभए पनि, स्वयं व्यक्ति त संस्कारयुक्त हुनु पर्छ। किनकि त्याग र बलिदानको कथाले संस्कार पाएन भने सुन्दर भविष्य कसैले कल्पना गर्न सक्तैन। कम्युनिष्ट सत्ताको पतन र पश्चिममा प्रजातन्त्रको स्थायित्व कसरी भयो ? त्यो कुरा बुझ्नेहरूले माथिको तथ्यलाई बिर्सनु हुँदैन।

# शतवार्षिक स्मृति-स्तम्भ

यस संस्कृत छात्रावासले शतवार्षिकी पूरा गरिसकेको छ । शतवार्षिकी मनाउनको लागि शतवार्षिक समारोह समिति गठन भएको थियो यस समितिले २०४२ साल (छात्रावास सय वर्षमा प्रवेश समय) देखि नै विविध कार्यक्रम सम्पन्न गर्दै आएको हो। शतवार्षिकी मनाउने क्रममा साहित्य सम्मेलन, कविता प्रतियोगिता एवं अन्य-अन्य बौद्धिक कार्यक्रमहरूको आयोजना गरिएको थियो । यस समितिले संस्कृत-छात्रावास-शतवार्षिक-स्मृति-स्तम्भ स्थापना गरेको छ । जुन स्तम्भ यसै छात्रावासको भित्री चोकमा रहेको भगवान् वीर-नारायणको मन्दिरदेखि पूर्वपट्टि गरुडको प्रतिमा रहेको आडमा तथा प्रार्थना-मण्डपको सामुन्नेमा देख्न सकिन्छ । यस स्तम्भको अनावरण सम्माननीय प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईले एक समारोहका बीच २०४७।३।२९ गते गर्नु भयो । यसै अवसरमा संस्कृत छात्रावास छात्रकार्य समितिले छात्रावास छात्र परिवारको तर्फबाट सम्माननीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई एक अभिनन्दन-पत्र पनि चढाएको थियो । यसरी विविध कार्यक्रमहरूका साथमा २०४७।३।२९ गते आएर यस छात्रावासको शतवार्षिक समारोह सुसम्पन्न भयो । प्रत्युत्तर भाषणको क्रममा श्री भट्टराईले "संस्कृतलाई जन-स्तरमा लाने होइन कि जनतालाई नै संस्कृततर्फ उन्मुख गराउनु पर्छ" आदि

अत्यन्त सारगर्भित शव्दहरू प्रकट गर्नु भएको थियो। तीनधारा संस्कृत छात्रावास शतवार्षिक स्तम्भको शिलापत्रमा निम्न गद्य तथा पद्य उट्टङ्कन गरिएको छ:—

॥ श्री: ॥

॥ विद्ययाऽमृतमश्नुते ॥

वेदानां मूलभाषा सुरमुनिमहिता ज्ञानविज्ञानदात्री
वीजं सद्भावनानां त्रिभुवनवितता विश्वशान्तेर्विधात्री।
विद्यानां शाश्वतीनामपि सकलगिरां पावनी सत्प्रसूति
र्भूतिः सन्मङ्गलानां जयति सुकृतिभिः सेविता देववाणी॥

प्राङ्ग्लसाम्राज्यवादकवलायिते भारते नैरन्तर्येण प्रसृत्वराया आङ्ग्लशिक्षापद्धतेरस्मद्राष्ट्रमपि नूनमचिरेणैव प्रभावितं स्यात्, तथात्वेऽस्माकं पुरातनी संस्कृताध्ययनाध्यापनपद्धतिस्तन्मूलकोऽस्मद् राष्ट्रियधर्मः संस्कृतिश्च सर्व एव विलीयेरन्निति च सम्भाव्य तच्चिर-प्रतिकाराय निःशुल्क वास भोजनाच्छादनादि सुव्यवस्थया साकं पर्वतीयान् ब्राह्मणबटून समानीय तान् संस्कृतवाङ्मयजातमध्याप्य तैः स्वराष्ट्रधर्मपरम्परां रिरक्षिषुर्धीराग्रणीः श्री ३ महाराज वीर शमशेर ज. ब. रा. महोदयः १९४३ वैक्रमाब्दे वैशाखशुक्लतृतीयायामेतं तीनधारा–संस्कृतच्छात्रावासं नेपालराजधान्यां रानीपोखरीमहा-सरस्समीपे समस्थापयत्।

प्रारम्भे छात्राणामष्टोत्तरशतमत्र स्थित्वा पठति स्म/तदनु च श्री ५ पृथ्वीवीरविक्रमशाहदेवस्य, श्री ५ त्रिभुवनवीरविक्रमशाहदेवस्य, श्री ३ चन्द्रशमशेरस्य धर्मपत्न्याः तथा श्री ३ जुद्धशमशेरस्य च महीय-सौदार्येणाऽत्र प्राप्तप्रवेशानां छात्राणां संख्या जातुचनदशोत्तरशतद्वयं यावदपि प्राप्ताऽऽसीत्। परं यद्यपि कतिपयैः कारणैः सा संख्या साम्प्रतमपचीयमाना षडुत्तरशतमितैवाऽस्ति, तथाप्येतस्मादेव छात्रा-वासादुत्पन्नानां विष्वक्प्रसृमरप्रतिभानां शिक्षितानामेव प्रायो

योगदानानि विशिषन्त्यस्य हिन्दूराष्ट्रस्य राजनीतिकम्, सामाजिकम्, धार्मिकम्, सांस्कृतिकम्, साहित्यिकं च प्रत्येकं क्षेत्रमित्यहो मनोवाचामगोचरमसाधारणं यशोमयं वैशिष्ट्यमस्यच्छात्रावासस्येतिगर्वामो वयम्, सार्धमाशयोत्साहेन च पुनः पुनर्हृष्यामश्च वयं विद्यानुरागिभिरस्मन्महाराजाधिराजैः श्री ५ वीरेन्द्रवीरविक्रमशाहदेवैरेतर्हि संस्थापितमेतं महेन्द्रसंस्कृतविश्वविद्यालयं चाऽस्यैवच्छात्रावासस्य चिरसंस्कृतशिक्षादानमहायज्ञस्य मधुरातिमधुरं प्रगतिविपाकं विभाव्य ।

एवमतिमहीयसीं राष्ट्रियकाङ्क्षां पुरस्कृत्य संस्थापितः सनातनधर्मसेरुदण्डायितो मेचीतो महाकालीपर्यन्तानां संस्कृतशिक्षार्थिनां सङ्गमस्थानभूतोऽयं छात्रावास ऐषमो वयसा शतवर्षीयो जात इति वयं सोपस्करसङ्गमस्य शतवार्षिक–समारोहसम्पादनेन मोदान्विताः स्मः । अस्मिन् देशेऽद्य यावत् सञ्चालितेषु सर्वेषू छात्रावासेषु सर्वाधिक वर्षीयस्त्वेन राष्ट्रिय धर्मसंस्कृत्योर्जीवातुभूतायाः संस्कृतशिक्षापद्धतेरनन्यक्लृप्तोपकारकत्वेन चास्यैवं प्रवर्तमानः शतवार्षिकसमारोहो राष्ट्रियधर्मसंस्कृत्यनुरागिणां सचेतसां समेषां राष्ट्रवासिनां कृते सातिशयं श्रद्धास्थाऽऽत्मपरितोषाणां विषयः सञ्जातोऽस्ति ।

अस्यास्तद् गौरवाढ्यं महिमशतयुतं सर्वमान्येतिहासं
रक्षन्तः सत्प्रयत्नैः प्रददतु सुधियः शाश्वतं योगमस्यै ।
रक्षन्ती स्वां प्रतिष्ठां विमलसुचरितैः पुष्णती राष्ट्रभक्तिं
सा चैषा भव्यसंस्थाऽर्बुदमिह शरदामोजसा सञ्चकास्तु ।।

।। जयतु संस्कृतम् ।।

शतवर्षप्रवेशतिथिः–
२०४२ वैक्रमाब्दस्यअक्षयतृतीया ।
दिनाङ्कः– २०४७।३।२९

तीनधारासंस्कृतच्छात्रावासशतवार्षिकसमारोहसमितिः ।

अनावरणकर्ता
सम्माननीय प्रधानमन्त्री
श्री कृष्णप्रसाद भट्टराई

# नारायणमा श्रध्दाञ्जलि

—धनेश्वर नेपाल

माया औ ममता भुलेर घरको सर्वस्व त्यागी यहाँ
आयौ पढ्न भनेर दुःख सहँदै साहित्यको फाँटमा ।
बढ्दो ज्ञान विवेक काव्य जगमा पोख्दै गएका थियौ
लामो आयु रहेन, काल गतिले संसार छाडी गयौ ॥१॥

बोली ठिक्क मिठो चटक्क उनको साहित्यको पानले
हाँसो चट्ट मुसुक्क मन्दगतिको दन्तावली चालले ।
सारा अङ्ग शरीरका पनि थिए लालित्य शोभाकर
खोसे डाह गरेर ईश कलिले हाम्रो युवा सुन्दर ॥२॥

साथी भर्खर युद्धको समयमा योद्धा बनेका थियौ
खूनी शासनको विरुद्ध रणमा साथै लडेका थियौ ।
लामो युद्ध पछि स्वतन्त्र दुनियाँ हेर्दै थियौ भर्खर
पापी निष्ठुर कालले चुँडिलियो टाढा भयौ आखिर ॥३॥

आयो बज्र समान काल मुखमा हुङ्कारले कुलियो
हाम्रो शक्ति युवा स्वतन्त्र बलियो खोसेर टाढा गयो ।
छैनौ आज निरू गयौ तिमी कहाँ छोडेर आफ्ना सब
रित्ता छन् सब टोल शून्य जसमा छैनौ तिमी के छ र ?

हो नारायण नाम सृष्टि जसले ब्रह्माण्डको गर्दछन्
हो नारायण नाम मित्र उनको जो स्वर्ग नै रोज्दछन्
थोत्रो देह मरेर जान्छ तर त्यो मर्दैन आत्मा सबै
कोसेली अरू के छ बाँकी दिनु हे अर्पिन्छु श्रद्धाञ्जलि
आत्माको चिरशान्ति होस् भनी सदा अर्पिन्छु श्रद्धाञ्जलि ॥

# स्व० नारायणप्रसाद निरौलाको परिचय



जन्मः- २०२६/१२/५

मृत्युः- २०४७/४/१०


नामः- नारायणप्रसाद निरौला

यस संस्कृत छात्रावासका हाम्रा मृदुभाषी एवं मिलनसार मित्र श्री नारायण निरौलाको यही २०४७ साल श्रावण १० गते शिक्षण अस्पतालमा उपचार हुँदाहुँदै भएको आकस्मिक निधनबाट हामी शोकाकुल एवं चिन्ताग्रस्त छौं । २०४३ सालमा यस छात्रावासमा भर्ना हुनु अघि स० मा० वि० रानीपोखरीमा अध्ययन गरी विद्यापीठस्तरीय अध्ययनका लागि २०४५ साल भाद्र १० गतेदेखि वाल्मीकि विद्यापीठमा उत्तरमध्यमा तहमा भर्ना भई द्वितीय वर्षमा अध्ययनरत स्व० मित्रको संस्कृत साहित्य प्रतिको निरन्तर अभिरुचि तथा नेपाली साहित्यका अन्य विधाहरूका साथै विशेष गरी कविता क्षेत्रमा उनको प्रारम्भिक–काव्यात्मक प्रविष्टि एवं उनको तज्जन्य साहित्यिक अनुरागबाट हामी अद्य वधि प्रभावित हुनपुगेका छौं । उहाँको नारी भन्ने अत्यन्त मीठो सर्वजनसंवेद्य, हृदयाल्हादक, सरस एवं सरल कविता गताङ्क (वर्ष २५ संयुक्ताङ्क १–४ पृष्ठ ६० ) मा प्रकाशित भैसकेको छ । प्रस्तुत कविताबाटै उहाँको कवित्व शक्तिको परिचय

छलंङ्गसित पाइन्छ। यस अङ्कमा समावेश हुन नसकेका उहाँका अन्य रचनाहरू क्रमश: अरू अङ्कमा प्रकाशित हुने छन् भन्ने आशा एवं विश्वास लिएका छौं। सगरमाथा अञ्चल, सोलुखुम्बु जिल्ला पञ्चन गाउँ विकास समिति, वार्ड नं ३ निवासी श्री परशुराम निरौलाका माहिला सुपुत्र स्वर्गीय मित्रवरले यस विरानो प्रदेशमा समेत हामीलाई न्यानो माया र हार्दिक सहिष्णुभावबाट ऋणी तुल्याउनु भएको छ। हामी स्व० मित्रको पवित्र आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

पृष्ठ १७४ देखि १७८ सम्म उहाँका ६ वटा कविताहरू यसैमा प्रकाशन गरेका छौं। प्रस्तुत. कविताहरू श्री ध्रुव भट्टराई तथा श्री राजनकुमार पौडेलको सौजन्यताबाट हामीलाई प्राप्त भएको हो।

– सम्पादक



# नयाँ वर्ष

घुम्दै आयो रमझम गरी यो नयाँ वर्ष फेरि
डाँडा-काँडा-वन चहुरमा वैंसको रूप फेरी ।
ववैली आई फुरूफुरू हुँदै गीत नीलो लिएर
आफ्नै मीठा प्रणय सुखका सिर्जनामा वहेर ।।१।।

भाका मीठा पनि अब नयाँ-वर्षमै आई दिन्छन्
भाले पोथी विहग वनमा साथसाथै रहन्छन् ।
कोही हुन्नन् कुसुम-वनमा प्रेममा शून्य खालि
वासन्तीका रमझम सबै आउँछन् एकपालि ।।२।।

केटाकेटी युवक युवती नाच नाचेर नाना
चौतारीको रुखमुनि बसी गाउँछन् नित्य गाना ।
हेर्दाहेर्दै नयन भरियो दिव्य सौन्दर्य छाया
मानौं सारा कुसुमसंग यो वर्षले मीत लायो ।।३।।

टाढा-टाढा घमिकन नयाँ वर्ष यो भेट्नलाई
आए क्यारे वनतरूमहाँ पात लाखौं पलाई ।
गाई भैंसी पशु दशदिशा चर्दछन् चारू घाँस
खोलानालातिर गइ गए शारदी राजहाँस ।।४।।

डाँडा-पाखा-वन-चहुरमा काफलै हुन्छ धेर
'काफलपाक्यो' भनिकन चरा गाउँछन् लाखफेर ।
हेरी कैल्यै मन नभरिने दिव्य सौन्दर्यलाई
आइन् मेरै घरतिर कुनै सुन्दरी गीत गाई ।।५।।

आयो मेरो कुसुम ऋतुका साथमा नव्य वर्ष
तन्नेरीका मन र मुटुमा भर्दिंदै जोश हर्ष ।

यस्तै यस्तै मधुमय पला सर्वदा याहीं आओस्
नेपालीका घर घर नयाँ वर्षले शान्ति ल्याओस् ।।६।।

# जागौं जागौं नवयुवक हो

वेला आयो नवयुवक हो होऊ लौ होसियार
ठूला साना सब–जनहरूलाई साथै लिएर ।
सारा आफ्नो बल किन लिई बस्तछौ कुण्ठिएर
जागौं जागौं मन वचनले क्षेत्र मै उत्रिएर ।।

साथी ! सारा सुरूसुरू सबै निक्ल नारा लगाई
बाँच्छौ हेरी कति दिन अझै शोषकीको रजाई ।
आजै हामी सबमिलिकनै तोड्न थोत्रो दिवार
थालौं लड्नै शुभलगनमा वार या हुन्छ पार ।।

हे तन्नेरी ! युवकगण हो ! जोश बोकेर आऊ
थर्काइदी रणबिचमहाँ शंख नौलो बजाऊ ।
चाहे तिम्रो हृदयविचले दिव्य संसार बन्छ
आओ आओ नवयुवक हो ! क्रान्तिले आज भन्छ ।।

गर्छौं हामी पवन गतिमा क्रान्ति यो देशभित्र
देख्नो ऐल्यै हलचल विना नत्र होला विचित्र ।
तानाशाही अब भुवनमा टिक्न सक्दैन धेर
भ्रष्टाचारी पतित गण हो कत्ति बस्छौ दलेर ।।

स्वाभीमानी युवक–युवती देशका कर्णधार
हानौं पैले रिपुसरि सबै शोषकीमा प्रहार ।
एकै थोपा रगत मुटुमा देखिउञ्जेल लड्छौं
मर्नै लागे कुकृतिहरूका पोल खोलेर मर्छौं ।।

# मेरो पानी पँधेरो

त्यो दूध कोशी बगेर आयो-
अमृत जलको
किन हो मलाई सम्झना आउँछ
त्यो जन्मस्थलको
कोइली चरी गाउँदै थियो
कता गई हरायो
धुसिनी वन रोएझैं गरी न्याउली करायो
लोकुको गाउँ पवित्र पानी
पोल्मुको पँधेरो
सम्झँदा आज मनमा लाग्छ
जीवनै अँधेरो
त्यो टुनी घारी उजाड होली
माया न पाएर
के मिल्यो हरे ! तिनलाई छोडी म यहाँ आएर ।
संझदा आज मनमा लाग्छ
जीवनै अँधेरो ।

# उसको सम्झना

नेपालीहरूमा अटूट ममता बाँडी बसेका थियौ
आत्मा स्वच्छ थियो यवं जनमहाँ माया दिएका थियौ
प्राणीमा नव प्रेमको मधुरता भर्ने तिमी नै थियौ
सारा आज समाज माझ कसरी आई हराई दियौ ।।१।।
तिम्रो मृत्यु सुनेर यी नयनमा उष्णाश्रु झार्दै थियौं
शोकै शोक र कष्टको लहरमा तड्पी रहेका थियौं

तिम्रो नाम लिएर आकुल भई क्वैली यहीं गाउँछ
राम्रो रूप अर्कै समस्त जनको प्रत्यक्ष नै आउँछ ।।२।।

सारा देश भरी समान रूपले निस्तब्धता देखियो
यौटा ज्योति थियो उडीकन गई त्यो अन्त्यमा मेटियो
तिम्रो ज्ञान र कार्य आज युगले सक्दैन है बिर्सन
कीर्ति व्यापकता गराउन अझै रच्दै नयाँ सिर्जना ।।३।।

# तिम्रो यादमा

अगाडि तिम्रो तस्वीर राखेर
बितेका दिनहरू छुन पुग्छु ।
एकान्तमा समय बिताउँदा किन
सधैं सपनीमा पनि तिमी साथै हुन पुग्छु ।

तिम्रो त्यो प्रतिबिम्ब भएकाले
सायद जिन्दगीको डोरी लम्बिदै छ ।
बारीमा झल पस्नाले लाग्छ
जीवनको आशा हराए जस्तो छ ।

प्रतिज्ञा र बाचाको अगाडि
लज्जालु फूल झैं नुहुनु पर्छ होला–
तिम्रो सिउँदो रंगाउने सपना साकार पार्न
सायद पहाडको टाकुरासँग जुध्नु पर्छ होला ।

हृदयमा उठेका प्रेमात्मक भावहरू
जबरजस्ती थिचेर राखिरहँदा
आँशुका बुँदाहरू केलाउँदै जाँदा
तिम्रोसाथ लुकामारी खेलिरहेको हुनेछु ।

# गौरी-शंकरको भेट

आनन्दको स्रोत सुधा सरी यो
हिमालय सुन्दर शान्त राम्रो
मोती समानै झरना झरेका
भाका मिठा किन्नर-किन्नरीका ।।१।।

गिरीश-तृष्णा नसकी बुझाउन
एकान्तमा वास हुने दिनै दिन
गरेर राम्रो मृगरूप धारण
गौरी गइन् जङ्गलमा कुनै दिन ।।२।।

उमा नदेखेर अचम्म भो अति
यता-उता खोजि हिंडे उमापति
दिशा-दिशाका सब कन्दराहरू
डुलेर खोजेपछि भेटिइन् रूरू ।।३।।

एकान्तमा मिर्ग भई बसेकी
थिए त्यहाँ लाख चराचुरूङ्गी
बगालमा चट्ट मिलेर बस्दथिन्
महेशलाई किन छल्न सक्दथिन् ।।४।।

उत्तेजनाले उनलाई ढाक्यो
देखे त्यहाँको वन नै अँध्यारो
गए त्यही रूप लिई अचम्मको
बनेर भाले शिवजी कुरङ्गको ।।५।।

असाध्य राम्रो मृग देखी एक
हराई गैगो शिवको विवेक
गुलाफ जस्तो मुख हेर्न लाग्नु भो
मुसुक्क हाँसी रसिली उमाको ।।६।।

# सम्पादकीय

भनिन्छ–साहित्यकर्मीहरू अर्थाभावले ग्रस्त हुन्छन् ! अनि सरस्वती र लक्ष्मीको एकै ठाउँमा कहिल्यै पनि वास हुन सक्दैन रे; ठीक त्यस्तै यो त्रैमासिक "अरुणोदय" को हाम्रो प्रयास पनि अर्थाभावले गर्दा यथासमय चल्न सकेको छैन। तथापि शुभ विजयादशमीको पावन–पर्वका अवसरमा अरुणोदय "रजत जयन्ती विशेषाङ्क"का रूपमा विज्ञ पाठकवर्गमा यो अङ्कलाई अर्पण गर्ने जमर्को गरेका छौं।

यस साहित्यिक पत्रिकाले २५ वसन्त–बहार पार गरी आजसम्म नेपाली साहित्यको निरन्तर सेवा गरिरहेको छ। यसै पत्रिकाका माध्यमबाट कति प्रतिभाहरू फक्रेर गइसके। यसकारण यो पत्रिकाले एकातिर अविच्छिन्न साहित्यसेवा गरिरहेको छ भने अर्कोतिर व्यक्तिगत चरित्र निर्माण गर्ने मूल कडीको रूपमा पनि यसले आफूलाई प्रस्थापित गरेको छ।

यस संस्कृत छात्रावासले विविध विषय एवं क्षेत्रमा क्रान्तिको युगौंदेखि सूत्रपात गर्दै आएको हो। राजनैतिक क्षेत्रमा यसको आफ्नो अलग्गै एक विशिष्ट स्थान छ र साहित्यिक एवं वैचारिक क्रान्तिलाई पनि यही अरुणोदयले वर्षौंदेखि सह्यालेर आएको छ। विद्यार्थी जीवनमा आन्दोलनको, परिवर्तनको र क्रान्तिको कामना

हुनु स्वाभाविक पनि हो। विगत सफल जन आन्दोलनमा पनि यसले आफ्नो भूमिका निर्वाह गरेको नै हो र तत्पश्चात् प्राप्त प्रजातन्त्रको संरक्षण गर्न पनि यो सदा तत्पर रहेको छ।

"प्रथमे ग्रासे मक्षिकापात:" भने झैं अरूणोदय प्रकाशनको लागि सुरसार गर्दागर्दै हाम्रा यस छात्रावासका अति मिलनसार एवं मृदुभाषी मित्र श्री नारायण निरौलाको असामयिक निधन भएकाले हामी क्लान्त र दु:खित छौं। नेपाली साहित्यमा निकै अभिरूचि राख्ने मित्रको दु:खद निधनबाट चिन्तित शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै त्यो पवित्र आत्माको चिरशान्तिको कामना गर्दछौं।

साहित्य लेखन प्रकृतिका मनोरम वैभवले मात्र नभएर कल्पनात्मक भावाभिव्यक्तिका साथै मानवीय आचरण एवं व्यवहारका अन्य पक्षहरूवाट पनि प्रभावित हुन्छ। वास्तवमा भन्ने हो भने विश्व नै एक साहित्यभण्डार हो र काव्यसाधनाद्वारा मानव साहित्यिक क्षितिजको अभीष्ट लक्ष्यविन्दुमा पुग्न सफल हुन्छ। साहित्य अनेकौं विधा र उपविधामा विभक्त भइकन पनि ती विभिन्न विधाको आ–आफ्नै मौलिक विशेपताहरू हुने भएकाले साहित्यिक व्यक्तिले सबै विधाको अध्ययन गर्नु आवश्यक हुन आउँछ। तसर्थ हामीले अरुणोदयको यो अङ्कलाई पनि साहित्यको विविध विधाहरूको आकलन गर्ने बहुउद्देश्यीय माध्यमको रूपमा प्रस्तुत गरेका छौं।

यस पत्रिकाको प्रकाशनार्थ दृष्ट वा अदृष्ट रूपले सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता अर्पण गर्दछौं। हाम्रो अनुरोधलाई स्वीकारी लेख, रचना दिएर सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय लेखक–महोदयहरूबाट प्राप्त प्रेरणाबाट उत्प्रेरित एवं प्रभावित बन्न पुगेका छौं। साहित्यसेवा गर्ने हाम्रो पवित्र चाहनालाई हामी कहिल्यै पनि यसै धिपिक्क निभ्न दिनेछैनौं।

अरुणोदय नेपाली साहित्यिक त्रैमासिक, का. जि. प्र. का. नं. १५२/२४६
ARUNODAYA Nepali Literary Quarterly.

शरणागतदीनार्त्त परित्राणपरायणे ।
सर्वस्यार्ति हरे देवि नारायणि नमोऽस्तुते ।।

विजयादशमीको

पावन उपलक्ष्यमा समस्त नेपाली

दाजु-भाइ तथा दिदी-बहिनीप्रति

हार्दिक शुभ-कामना

व्यक्त गर्दछौं ।

वि. सं. २०४७

श्रीकृष्ण आचार्य

उप-कुलपति

तथा

महेन्द्र संस्कृत विश्वविद्यालय

परिवार

मुद्रकः– चारु प्रेस, काठमाडौं ।